◆ **सम्पादकीय**

- लोकतन्त्रको सफल मार्गचित्र - २

◆ **आन्दोलन विशेष**

- वर्तमान आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन ... - **युवराज कार्की** - ३
- जागेका जनता र आन्दोलनको ऊर्जा - **प्रकाश ज्वाला** - ५
- लोकतान्त्रिक आन्दोलन र जनसहभागिता - **भानुभक्त ढकाल** - ७
- दमनले कति दिन टिक्छ शाहीसत्ता ? - **विष्णु रिजाल** - ९
- सात दलको प्रतिबद्धता - ११
- पाँच जनाको शहादत - १३

◆ **अन्तर्राष्ट्रिय सम्बन्ध**

- केही रोचक अनुभूतिहरू - **झलनाथ खनाल** - १४

◆ **राष्ट्रिय राजनीति**

- निरङ्कुश राजतन्त्रलाई एक्लो पार्ने प्रयासकै निरन्तरता- **सूर्य थापा** - १७

◆ **टिप्पणी**

- चीनको बदलिँदो दृष्टिकोण - **कोमल भट्टराई** - १९

◆ **विश्व**

- बजै राष्ट्रपति - २१

◆ **चिनारी**

- सीएम सर अर्थात् चन्द्रमान कन्दङ्वा - **विजय सुब्बा** - २२

◆ **अर्थ**

- के नेपालको अर्थतन्त्र डुब्दैछ ? - **डा. गोविन्दबहादुर थापा** - २४

◆ **साहित्य/संस्कृति**

- सांस्कृतिक आन्दोलन र सामाजिक रूपान्तरण - **अमर गिरी** - २६

◆ **कथा**

- एउटा चिन्तनको आत्मविनास - **राजव** - २८

◆ **पार्टी जीवन**

- कस्तो पार्टी निर्माण होस् भन्ने चाहनुहुन्थ्यो... - **गोपीरमण उपाध्याय** - २९

◆ **अन्तर्वार्ता**

- अपराधीलाई कठघरामा उभ्याउने छौं - **अमृतकुमार बोहरा** - ३२

# लोकतन्त्रको सफल मार्गचित्र

*चैतको अन्तिम सातादेखि आयोजना गरिएको आन्दोलनका कार्यक्रमले यस्तो अभूतपूर्व सफलता पाउनेछ भनेर सायदै कुनै योजनाकारले सोचेको थियो होला। चार वर्षमा देखिएको आन्दोलनको उतार-चढाउलाई जनता आफैँले यो उत्कर्षमा पुऱ्याउनेछन् भन्ने निश्चित टुङ्गो सबै राजनीतिक दलहरूले नै पनि गरेका थिएनन्। तर, १५ वर्षपछि फेरि जनता जागे र इतिहासमा कहिल्यै नजागेको स्तरमा जागे।*

*लोकतन्त्र जनताको माग हो र लोकतन्त्रको प्राप्ति तिनीहरूको अभीष्ट हो। यो आन्दोलनको उत्कर्ष भनेको त्यही लोकतन्त्र हो।*

*राजाको मन्त्रिपरिषद्ले मानसिक एवम् भौतिक हिसाबमै आफ्नो सन्तुलन गुमाइसकेको छ। लाठीचार्ज, रबरको गोली प्रहार, ज्यानमारा गोली आतङ्क- त्यही पागलपनको अभिव्यक्ति हो। शाहीसत्ताले खालि आन्दोलनकारीलाई मात्र गोली ठोकेन, त्यसले घर-घरमा पसेर आन्दोलनसँग असम्बद्ध नागरिकलाई कुट्ने र घाइते पार्ने, घरमाथिको छतबाट तल बाटोमा फ्याँक्ने अपराधपूर्ण काम गरेर आफ्नो राक्षसी चरित्र प्रदर्शन गरेको छ। यसपालि शाहीसत्ताको सिकार हुनेहरूमा न्यायकर्मी, साहित्यिक स्रष्टा, डाक्टर, प्राध्यापक, शिक्षक सबै परेका छन्। अन्तर्राष्ट्रिय कानुनको मर्यादालाई पालना गर्ने हो भने नेपालको सत्तालाई यतिबेला अपराधको निराकरण गर्ने अन्तर्राष्ट्रिय अदालतमा उभ्याउने अवस्था उत्पन्न भइसकेको छ।*

*राजाको पक्षमा देशभित्र केवल मुट्ठीभर मन्त्री, दरबारका आसेपासे र सय-पचास मनोनीतहरू मात्र रहेका छन्। लामो समयसम्म दलहरू राजतन्त्रको अन्त्यको पक्षमा बोलिरहेका थिएनन् तर अब उनीहरूले निरङ्कुश राजतन्त्रको मात्र विरोध गरे भने जनता सुन्दै नसुन्ने पक्षमा पुगेका छन्।*

*शान्तिपूर्ण आन्दोलनमा उत्रिएका इमानदार नागरिकको रगत पोखिएको यस धर्तीमा बाँचेका सबैले शपथ लिने बेला आएको छ- लोकतन्त्रको स्थापना नै शहीदहरूको सपना थियो, हामी बाँचेकाहरू शहीदको सपना पूरा गरेर मात्र विश्राम लिन्छौँ।*

*शहीदको रगतको अपमान नहोस्, शहीद-परिवारको सुस्केरा खेर नजाओस्- निरङ्कुश राजतन्त्रजस्तो असभ्य शासन यो एक्काइसौँ शताब्दीमा टिक्दै टिक्दैन। जनता अन्तिम धक्काको तयारीमा लागेका छन्। जुलियस फ्युचिकको भनाइ अहिले सार्थक भएको छ- जीवनमा कोही दर्शक हुन सक्दैनन्, सबैले जीवनमा भाग लिनैपर्दछ।*
*र, जीवन भनेको लोकतन्त्रप्राप्तिको आन्दोलन नै हो। आन्दोलन सफल पार्ने अर्जुनदृष्टि नै हो।* ■

# वर्तमान आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन ध्यान दिनुपर्ने केही कुरा

**' युवराज कार्की**

**सं**सारभरिका तानाशाहहरू आफ्नो जनविरोधी सत्ता टिकाउन कहिले दमनको सहारा लिन्छन् त कहिले षड्यन्त्रको सहारा लिन पुग्छन् । जनताको अधिकार खोसेर देशमा निरङ्कुश सत्ता लाद्न पुगेका हाम्रो देशका राजा ज्ञानेन्द्र पनि अहिले त्यही सूत्र प्रयोग गर्दै अघि बढिरहेका छन् । आफ्ना असंवैधानिक कदमहरूको औचित्य पुष्टि गर्दै उनले भनेका थिए : यी कदमहरू 'आतङ्कवादलाई नियन्त्रण गर्न' र 'प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र क्रियाशील तुल्याउन' बाध्यात्मक रूपले छोटो समयका लागि चालिएका हुन् । त्यसयता समयले निकै लामो फड्को मारिसकेको छ र बाग्मतीमा धेरै पानी पनि बगिसकेको छ । तर मुलुकमा न त कथित आतङ्कवाद नै नियन्त्रण भयो, न प्रजातान्त्रिक व्यवस्था नै क्रियाशील तुल्याइयो । बरु, यस अवधिमा बहुदलीय व्यवस्थाले विगत १२ वर्षमा स्थापित गरेका प्रजातान्त्रिक संरचनाहरू एकपछि अर्को गर्दै भत्काइए, जनताले उपभोग गर्दै आएका प्रजातान्त्रिक अधिकारहरू एक-एक गर्दै खोसिए, मुलुकमा एक दशकदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वलाई अझै चर्काइयो र त्यसैलाई सिरानी हालेर राजाको स्वेच्छाचारी शासनलाई बलियो बनाइयो ।

यसबाट राजाले आफ्नो भाषणमा बारम्बार उठाउने गरेको शान्ति, सुशासन र प्रजातन्त्रका सुन्दर शब्दावलीहरू केवल 'हात्तीका देखाउने दाँत' मात्र हुन् भन्ने कुरा प्रस्ट हुन्छ । वास्तवमा राजा देशमा विद्यमान माओवादी विद्रोहलाई निहुँ बनाएर मुलुकको शासनसत्ता कब्जा गर्न र आतङ्कवादका विरुद्ध लड्ने नारा दिएर आफ्नो निरङ्कुशसत्ताका निम्ति अन्तर्राष्ट्रिय समर्थन जुटाउन चाहन्थे भन्ने कुरा अब सबैका सामु छर्लङ्ग भइसकेको छ । लोकतन्त्रमा विश्वास राख्ने मुलुकका प्रमुख राजनीतिक दलहरू एकताबद्ध भएर आन्दोलनको मैदानमा उत्रेको हुनाले नै आजसम्म राजाको प्रतिगामी उद्देश्य पूर्णतः पूरा हुन सकेको छैन । लोकतन्त्र र शान्ति स्थापनाका लागि आज देशमा राजा नै प्रमुख बाधकका रूपमा देखापरेका छन् । यस्तो स्थितिमा निरङ्कुश राजतन्त्रका विरुद्ध सम्पूर्ण प्रहार केन्द्रित गर्दै आन्दोलनको मैदानमा उत्रने जिम्मेवारी आज मुलुकका सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूका साथै सचेत नागरिकहरूको काँधमा पनि आएको छ ।

नेपालको हित चाहने विदेशी मित्र राष्ट्रहरू अहिले हाम्रो मुलुकको समस्या समाधानका लागि सबभन्दा पहिले संवैधानिक शक्तिहरू एक हुनुपर्छ भन्ने कुरा गर्दै छन् । यो उनीहरूले नेपालप्रति ठूलो सदासयता राखेर व्यक्त गरेको विचार हो । तर, यतिबेला हाम्रो देशका राजा स्वयम् मुलुकको संविधानले निर्धारित गरेको सीमालाई तोडेर स्वेच्छाचारी ढङ्गले अघि बढिरहेका छन् । यस्तो स्थितिमा संवैधानिक शक्तिहरूको एकताको नाराले के अर्थ राख्छ र ? अहिले राजासँग एकताको कुरा गर्नु भनेको जनता र लोकतन्त्रप्रति विश्वासघात गर्नु र निरङ्कुश राजतन्त्रका अघिल्तिर आत्मसमर्पण गर्नु मात्र हुनेछ । हिजो प्रमुख राजनीतिक दलहरूले राजासँग संवाद र सहमतिको माध्यमबाट मुलुकका समस्या समाधान गर्न निकै ठूलो प्रयास गरेको यथार्थ कसैबाट लुकेको छैन । राजा लोकतन्त्रको मार्गमा फर्किने आशाका साथ संवाद र सहमतिको प्रक्रियामा संलग्न भएका राजनीतिक दलहरूले राजाबाट के पाए र त्यसले मुलुकमा कस्तो परिणाम ल्यायो भन्ने कुरा पनि सबैका सामु प्रस्ट नै छ ।

त्यसबेला राजाबाट राजनीतिक दलहरूलाई मूलधारबाट अलग्याउने, जनताको बीचमा बदनाम गराउने, विस्थापित गर्ने, उनीहरूको बीचमा विभाजन ल्याउने, अपमानित र तिरस्कृत गर्नेजस्ता निकृष्ट कामहरू मात्र गएिन, ०६१ को माघ १९ गते प्रतिगामी सत्तापलटको माध्यमबाट जनताको हातमा रहेका सार्वभौमसत्ता जबर्जस्ती खोसियो र मुलुकमा निरङ्कुशतन्त्रसहितको हुकुमी शासन लादियो । यस्तो स्थितिमा राजाप्रति त्यसबेलासम्म अवलम्बन गर्दै आएको संवाद र सहमतिको बाटो पूर्ण रूपले परित्याग गर्दै सङ्घर्ष र निषेधको बाटोमा अघि बढ्नुबाहेक राजनीतिक दलहरूका सामु अर्को कुनै विकल्प बाँकी रहेन । त्यसैले मुलुकका सातवटा प्रमुख राजनीतिक दलहरू निरङ्कुश राजतन्त्र नै लोकतन्त्र र शान्ति स्थापनाको मार्गमा तेर्सिएको सबभन्दा ठूलो अडचन हो भन्ने निष्कर्ष निकाल्दै त्यसका विरुद्ध आन्दोलनमा उत्रिएका छन् ।

सात दलको अगुवाइमा सुरु भएको उक्त आन्दोलनले क्रमशः गति पक्रदैछ । गहिराइ र व्यापकता लिँदै जाने क्रममा त्यसले अहिले संयुक्त जनआन्दोलनको रूप धारणा गरिसकेको छ । युवा, विद्यार्थी, महिला, मजदुर, किसानलगायत आन्दोलनरत सातै दलसँग सम्बद्ध सम्पूर्ण जनवर्गीय सङ्गठनहरू यस आन्दोलनमा सहभागी भइरहेका छन् । मुलुकको जनमत निर्माणमा अत्यन्त महत्त्वपूर्ण भूमिका खेल्ने पत्रकार, वकिल, डाक्टर, स्रष्टा तथा कलाकार, इन्जिनियर, शिक्षक, प्राध्यापकलगायत दर्जनौँ पेसागत सङ्गठनहरूले पनि आन्दोलनप्रति आफ्नो ऐक्यबद्धता प्रकट गरिसकेका छन् । मुलुकको राजनीतिमा महत्त्वपूर्ण प्रभाव राख्ने नागरिक समाजका प्रबुद्ध व्यक्तिहरूले आन्दोलनको अग्रपङ्क्तिमा उभिएर आफ्नो सहभागिता जनाइरहेका छन् भने मानवअधिकारकर्मीहरूले आफ्नो ठाउँबाट सक्रिय भूमिका निभाइरहेका छन् । यसपटक जाति, भाषा, धर्म र संस्कृतिसँग सम्बन्धित संस्थाहरूले समेत लोकतान्त्रिक आन्दोलनप्रति आफ्नो ऐक्यबद्धता प्रकट गरिरहेका छन् । जनताको हरेक सचेत र सङ्गठित हिस्सा कुनै न कुनै रूपले निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनको पक्षमा लामबद्ध भइसकेको छ । अब निरङ्कुश राजतन्त्रले कुनै पनि हालतमा आन्दोलनकारी जनताको घेराबन्दीबाट उम्कन पाउने छैन ।

आजको विश्वमा शान्तिपूर्ण जनआन्दोलन नै सामाजिक परिवर्तनको सबभन्दा सही र प्रभावकारी माध्यमका रूपमा स्थापित भइसकेको छ। नेकपा (माओवादी) को हिंसात्मक विद्रोहबाट मुलुकको अग्रगामी रूपान्तरण सम्भव छैन भन्ने कुरा पुष्टि भइसकेको छ। आन्दोलनकारी सात राजनीतिक दल वर्तमान जनआन्दोलनलाई शान्तिपूर्ण रूपले अघि बढाउन प्रतिबद्ध छन्। वर्तमान आन्दोलनको सफलताका निम्ति नेकपा (माओवादी) लाई पनि शान्तिपूर्ण आन्दोलनमा फर्काउन जरुरी छ। सात राजनीतिक दलले नेकपा (माओवादी) सँग गरेको १२ बुँदे समझदारी यही दिशातर्फको एउटा महत्त्वपूर्ण पहलकदमी हो। माओवादीसँग गरेको समझदारीलाई लिएर सात दललाई विभिन्न किसिमका आरोप लगाउनु सरकारको बहुलठ्ठीपना मात्र हो। माओवादीहरूले लिएको बाटो गलत नै भए पनि उनीहरूको विद्रोह एउटा राजनीतिक समस्या हो र त्यसको समाधान पनि राजनीति रूपमै खोजिनुपर्छ।

राजाको स्वेच्छाचारी सरकारले समेत दुई-दुईपटक माओवादीसँग वार्ता गरेको तथ्य कसैबाट लुकेको छैन। यद्यपि, गलत दृष्टिकोणले गर्दा ती दुवै वार्ताहरू असफलतामा टुङ्गिएका थिए। सात राजनीतिक दलको ठूलो प्रयत्नपछि सम्पन्न भएको दल-माओवादी समझदारीले लामो समयदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वको अन्त्य गरी मुलुकमा दिगो शान्ति स्थापना गर्ने सम्भावनाको ढोका खोलिदिएको छ। १२ बुँदे समझदारीको यही महत्त्वलाई बुझेर नै आज राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट यसले व्यापक समर्थन प्राप्त गरेको छ। तर, राजा र उनका सहयोगीहरू भने यतिबेला दल-माओवादी समझदारीको विरोधमा घुँडा धसेर लागेका छन् र यसलाई तोड्नका निम्ति अनेक किसिमका षड्यन्त्रहरू गरिरहेका छन्। तर, सात दलले राजावादीहरूका षड्यन्त्रलाई कुनै पनि हालतमा सफल हुन दिने छैनन्। किनभने, संवाद र सहमतिको माध्यमबाट रूपान्तरण गर्नुबाहेक माओवादी विद्रोहलाई सम्बोधन गर्ने अर्को उपयुक्त विकल्प नै छैन। यो समझदारीले मुलुकमा शान्ति स्थापना गर्ने बाटो खोलेको मात्र नभएर लोकतान्त्रिक आन्दोलनको दायरालाई अझ फराकिलो पनि बनाएको छ। यसले निरङ्कुश राजतन्त्रका विरुद्ध हाल चलिरहेको संयुक्त जनआन्दोलनमा थप ऊर्जा पनि प्रदान गर्नेछ। त्यसैले यो समझदारी अहिले राजावादीहरूका निम्ति ठूलो टाउको दुखाइको विषय भएको छ।

कुनै पनि मुलुकको जनआन्दोलनलाई सफलतामा पुऱ्याउनका निम्ति अन्तर्राष्ट्रिय समुदायको भूमिका पनि अत्यन्त महत्त्वपूर्ण हुन्छ। नेपाली जनताको लोकतान्त्रिक आन्दोलनको पक्षमा अन्तर्राष्ट्रिय समुदायको समर्थन यति मुखर भएर पहिले कहिल्यै पनि आएको थिएन। अन्तर्राष्ट्रिय राजनीतिमा ठूलो प्रभाव राख्ने मुलुक अमेरिकाका राष्ट्रपति जर्ज बुसले केही समयअघि सम्पन्न आफ्नो भारत भ्रमणका दौरानमा नेपालको वर्तमान समस्या समाधानका सन्दर्भमा भारत र अमेरिकाको साझा दृष्टिकोण स्पष्ट पार्दै राजालाई प्रजातन्त्रमा फर्कन र माओवादीलाई हिंसा त्याग्न आग्रह गर्नुभयो। हाम्रो दक्षिणतर्फको छिमेकी राष्ट्र भारतले नेपालको लोकतान्त्रिक आन्दोलनप्रति स्पष्ट समर्थन जनाइसकेको र अर्को महाशक्ति राष्ट्र अमेरिकाले राजालाई दलहरूसित संवादका लागि बारम्बार आग्रह गरिरहेको परिप्रेक्ष्यमा राजाले 'चाइना कार्ड' प्रयोग गर्दै आफ्नो निरङ्कुश सत्ता टिकाउने चाल चलिरहेका थिए। तर, एक्काइसौं शताब्दीमा नयाँ सम्भावनाका साथ अघि बढिरहेको हाम्रो उत्तरी छिमेकी राष्ट्र चीनले राजाको उपरोक्त चाललाई नाकाम बनाइदिएको छ। केही समयअघि मात्र नेपाल भ्रमणमा आएका चीनका स्टेट काउन्सिलर ताङ जिया सुवाङले शाही सत्ताको अपेक्षाविपरीत आन्दोलनरत दलका शीर्ष नेताहरूसँग भेटघाट गरेर नेपालको त्रिपक्षीय द्वन्द्वप्रति चीनको पुरानो दृष्टिकोणमा परिवर्तन आएको स्पष्ट सङ्केत दिएका छन्।

नेपालको सबभन्दा ठूलो दातृ राष्ट्रका रूपमा रहँदै आएको जापानले पनि राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूका विरुद्ध शाही सत्ताले सञ्चालन गरेको दमन र धरपकडको विरोध गर्दै नेपाली जनताको लोकतान्त्रिक आन्दोलनप्रति आफ्नो ऐक्यबद्धता प्रकट गरेको छ। अन्तर्राष्ट्रिय राजनीतिमा प्रभाव राख्ने अर्को ठूलो समूह युरोपेली युनियनले पनि नेपालमा लोकतन्त्र र शान्ति बहालीका लागि शाही सत्तालाई निरन्तर दबाब दिने कुरा गरिरहेको छ। युरोपेली संसद्मा राजा र उनका सहयोगीहरूका विरुद्ध 'लक्षित नाकाबन्दी' लगाउनुपर्नेसम्मका कुराहरू उठेका छन्। यसबाहेक संयुक्त राष्ट्रसङ्घलगायत पत्रकार, मानवअधिकारकर्मी र लोकतन्त्रवादीहरूका विभिन्न अन्तर्राष्ट्रिय सञ्जालहरूले नेपालको लोकतान्त्रिक आन्दोलनप्रति निरन्तर ऐक्यबद्धता प्रकट गरिरहेका छन्।

यसरी राजाको निरङ्कुश सत्ता अन्तर्राष्ट्रिय समुदायबाट पूरै अलग-थलग बनिसकेको छ भने जनताको लोकतान्त्रिक आन्दोलनले निरन्तर समर्थन प्राप्त गरिरहेको छ। निरङ्कुश राजतन्त्र राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपले घेराबन्दीमा परिसकेको छ। अब शाहीसत्ताका दिनगन्ती सुरु भइसकेका छन्। अब निरङ्कुश शाहीसत्ताका विरुद्ध अन्तिम लडाइँ सुरु भइरहेको छ। यसलाई उत्कर्षमा पुऱ्याउनका लागि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ। पहिलो, यो आन्दोलन शान्तिपूर्ण हुनुपर्छ। त्यसका लागि माओवादीहरूले हालसम्म सञ्चालन गर्दै आएका हिंसात्मक गतिविधिहरू पूर्ण रूपले बन्द गर्नुपर्छ र एकतर्फी रूपले मुलुकमा युद्धविरामको घोषणा गर्नुपर्छ। दोस्रो, सात दलको एकतालाई अरू सुदृढ र समझदारीपूर्ण बनाउनुपर्दछ। तेस्रो, दल-माओवादी समझदारीलाई अझ उन्नत, मूर्त र विश्वासयुक्त बनाउनुपर्दछ। चौथो, आन्दोलनका माग र नारामा एकरूपता ल्याउनुपर्छ। पाँचौं, अन्तर्राष्ट्रिय समुदायका बीचमा शाहीसत्ताले फैलाएका भ्रमहरूलाई चिर्ने प्रयत्न गरिरहनुपर्छ। छैटौं, आन्दोलनलाई वार कि पारको स्थितिमा पुऱ्याउन सात राजनीतिक दल प्रतिबद्ध हुनुपर्दछ। सातौं, विभिन्न वर्ग, तह, पेसा, समुदायका आन्दोलनकारी गतिविधिहरूमा राम्रो समन्वय कायम गर्न एउटा बृहत् सञ्जाल निर्माण गर्नुपर्दछ। आठौं, राजधानीमा सर्वसाधारण जनतालाई सडकमा उतार्ने कार्यक्रमहरू ल्याउनुपर्दछ। यसरी व्यवस्थित र योजनाबद्ध रूपले अघि बढ्न सकेको खण्डमा यसपटकको आन्दोलनलाई सफलताको शिखरमा पुग्नबाट कसैले रोक्न सक्दैन।

■

# जागेका जनता र आन्दोलनको ऊर्जा

' प्रकाश ज्वाला

२०४६ सालको ऐतिहासिक जनआन्दोलन उत्कर्षमा पुगेको दिन चैत २४ र जनआन्दोलन सफल भएको दिन चैत २६ को अवसर पारेर सात राजनीतिक दलद्वारा सञ्चालित निरङ्कुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनको उभार उठेको छ। चैत २४-२७ सम्म आयोजित चारदिने आमहड्ताल देशव्यापी रूपमा भव्यतासाथ सफल भएको छ। आमहडताल समाप्त भए पनि त्यसमा केही दिन थप भएको छ। यो आमहडताल बन्दका रूपमा मात्र होइन, व्यापक जनप्रदर्शनसहित सफल भएको छ। आन्दोलनले गति लिइरहँदा व्यापक दमन भयो। आन्दोलन दबाउन शाहीसत्ताले निषेधित क्षेत्र घोषणा गर्ने, दिउँसै कर्फ्यु जारी गर्ने, लाठीचार्ज र गिरफ्तारी गर्ने र गोली चलाएर आन्दोलनकारीको हत्यासमेत गर्न पुगेको छ। शहीद उमेशचन्द्र थापाको शहादतबाट सुरु भएको लोकतान्त्रिक आन्दोलनको बलिदानमा दशनलाल यादव, भीमसेन दाहाल, तुलसी क्षत्री, शिवहरि कुँवर र विष्णुप्रसाद पाण्डेसमेत लामबद्ध हुनुभएको छ। थुप्रै योद्धाहरू सख्त घाइते छन् र सयौं गिरफ्तार भएका छन्।

चैत २४ देखि सुरु भएको आमहडतालसहितको संयुक्त जनआन्दोलन राजधानीलगायत मेचीदेखि महाकालीसम्म देशव्यापी रूपमा संयुक्त रूपमा उठेको छ। राजधानीका कीर्तिपुर, गोङ्गबु, कलङ्की, चाबहिल, जोरपाटी, कोटेश्वर, मैतीदेवीसमेतका स्थानमा व्यापक रूपमा आन्दोलन चर्केको छ। आन्दोलनको ज्वालाले पाटन, भक्तपुर, बनेपा, चितवन, पोखरा, विराटनगर, दाङसमेतका स्थानहरूलाई लपेटेको छ। आन्दोलनका क्रममा कर्फ्यु र निषेधाज्ञा तोडिएको छ, ठाउँठाउँमा प्रहरी प्रवेश निषेधित क्षेत्र घोषणा भएका छन् र विभिन्न स्थानहरू लोकतन्त्रनगर, जनआन्दोलनचोक, गणतन्त्रमार्ग घोषणा हुँदै आएका छन्। जनताले विभिन्न ठाउँहरू आफ्नो कब्जामा लिन सफल भएका छन्। आन्दोलनमा समाजका सबै पक्ष सहभागी हुँदै गएका छन्। राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रबाट आन्दोलनप्रति व्यापक समर्थन र ऐक्यबद्धता बढ्दै गएको छ। सात दलका साथै विभिन्न सङ्घसंस्था, बुद्धिजीवी, पत्रकार, अधिकारकर्मी, चिकित्सक, वकिल, लेखक, कलाकार, कर्मचारीसमेतका पेसाकर्मी आदि सबै आन्दोलित भएका छन्। साँच्चिकै भन्दा, जनता यतिबेला ऐतिहासिक रूपमा जागेका छन् र देश आन्दोलनमय बनेको छ। यतिबेला आन्दोलनले ०४६ को झ-झल्को दिइरहेको छ र त्यसले साँच्चिकै संयुक्त जनआन्दोलनको आकार लिएको छ। अहिलेको स्थिति हेर्दा आन्दोलनको आँधीबेहरी सिर्जना भएको छ र यसले नेपालको सामन्ती राजतन्त्रलाई ढालेर छाड्नेछ।

आन्दोलन सफलताको शिखरतर्फ चढिरहेको छ, निरङ्कुश शाहीसत्ता बदनाम भएको छ, एक्लिएको र नाँगिएको छ। एक ठूलो धक्का दिँदा यो सडेगलेको, मक्किसकेको राजतन्त्ररूपी बूढो रूख अनिवार्य रूपमा ढल्नेछ। यस आन्दोलनलाई गन्तव्यको शिखरमा पुऱ्याउन आन्दोलनरत राजनीतिक दलहरूले आन्दोलनकै क्रममा केही प्रतिबद्धताहरू जनतासामु सार्वजनिक गर्नु जरुरी छ। अबको आन्दोलन व्यापक असहयोग र अवज्ञा आन्दोलनका रूपमा अघि बढाउने कुरामा समेत ध्यान दिनुपर्छ। आन्दोलनरत दलहरूले ०६२ वैशाख २५ गते आन्दोलनलाई कार्यान्वयन गर्ने न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेका थिए। यो साझा कार्यक्रमलाई अझै समृद्ध र ठोस बनाउन आवश्यक छ। यस साझा कार्यक्रममा केही थप विषयहरू पनि समावेश गर्नुपर्दछ। यतिबेला आन्दोलनको मैदानमा उठेका विभिन्न विषयलाई साझा प्रतिबद्धतामा सम्बोधन गर्न सकेमा आन्दोलनले थप ऊर्जा प्राप्त गर्नेछ।

- आन्दोलनरत दलहरूले आन्दोलनलाई सफलताको विन्दुमा पुऱ्याउन कतिपय नीतिगत सवालमा स्पष्टता ल्याउनुपर्दछ। निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापनाको मूल नारा बोकेर आन्दोलित दलहरूले विद्यमान राष्ट्रिय सङ्कटको निकास संविधानसभालाई ठम्याएका छन्। दलहरूले आन्दोलनको नारा अझ ठोस बनाउनुपर्दछ। कसैले गणतन्त्र भन्ने, कसैले सेरेमोनियल राजतन्त्र त कसैले संवैधानिक राजतन्त्र भन्ने कुराले जनता अलमलमा पर्छन्। त्यसकारण ठोस रूपमा निरङ्कुश राजतन्त्रको अन्त्य गर्ने, संविधानसभामार्फत वर्तमान सङ्कटको समाधान गर्ने र देशमा समावेशी चरित्रको बहुदलीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने विषयलाई आन्दोलनको एजेन्डा बनाउनु जरुरी छ।
- आन्दोलनलाई दलहरूले बीचमै बिसाउने वा उपलब्धिविनाको सम्झौतामा टुङ्ग्याउने गल्ती गर्नुहुँदैन। त्यसो नगर्ने प्रतिबद्धता पनि जाहेर गर्नुपर्दछ। अहिले जनता वास्तवमै जागेका छन्। र, त्यसकारण यो आन्दोलनलाई लक्ष्यमा पुऱ्याएरै छोड्नुपर्दछ।
- आन्दोलनलाई अझ व्यापक बनाउन सात दलबाहेकका अन्य आन्दोलनरत दलहरू, विभिन्न सङ्घसंस्थाहरू, लोकतन्त्र पक्षधर व्यक्ति एवम् नागरिक समाजसमेतलाई समेटेर बृहत् लोकतान्त्रिक मोर्चा गठन गर्नु आवश्यक छ। सात दलले आन्दोलनकै क्रममा त्यस्तो मोर्चाको घोषणा गरेर आन्दोलनको दायरा फराकिलो बनाउनु अति जरुरी छ।

- चालू लोकतान्त्रिक आन्दोलनका क्रममा केही योद्धाहरूले शहादत प्राप्त गरिसक्नुभएको छ भने आन्दोलन अघि बढ्दै जाँदा थप बलिदान पनि अवश्यम्भावी छ । त्यस्ता शहीदहरूप्रति श्रद्धाञ्जली दिएर मात्रै पुग्दैन । उनीहरूलाई सम्मान गर्ने, लोकतन्त्र आएपछि शहीदको परिवारलाई उचित क्षतिपूर्ति दिने र बालबालिकालाई उच्च शिक्षासम्म अध्ययनको व्यवस्था गर्नेजस्ता प्रतिबद्धताहरू घोषण गरिनुपर्दछ ।
- आन्दोलनका क्रममा घाइते र अङ्गभङ्ग भएका व्यक्तिहरूको स्वास्थ्योपचारको व्यवस्था गर्ने र भोलि त्यस्ता व्यक्तिहरूलाई रोजगारीको समेत व्यवस्था गर्ने समेतका बचनबद्धता दलहरूले सार्वजनिक गर्नु आवश्यक छ ।
- आन्दोलनका क्रममा केही व्यक्तिहरू उद्दण्ड भएर आन्दोलन दबाउने नीच काममा उत्रिएका छन् । केही दरबारिया र मण्डले तत्त्वहरू, केही सैनिक र प्रहरी अधिकृतहरूसमेतका कतिपय तत्त्वहरू आन्दोलनमा दमन गरिरहेका छन् । उनीहरूको कालोसूची तयार पारी आन्दोलनकै मोर्चामा सार्वजनिक गर्दै जाने काम गर्नुपर्छ । अनि, सम्भवजतिलाई आन्दोलनकै क्रममा कारबाही गर्नुपर्छ भने आन्दोलन सफल भएपछि उनीहरूलाई सख्त कारबाही गर्ने प्रतिबद्धता अहिले नै जाहेर गर्नु आवश्यक छ, जसले आन्दोलन उठाउन मद्दत पुऱ्याउनेछ ।
- यसबेला आन्दोलनमा कर्मचारी, शिक्षक, पेसाकर्मीहरू पनि उत्रिएका छन् । आन्दोलनका क्रममा सरकारले उनीहरूलाई कारबाही गर्न सक्छ वा कारबाही गर्नेछ । कारबाही परेकाहरूको कारबाही तत्काल फिर्ता गर्ने प्रतिबद्धतासमेत जाहेर गर्नु आवश्यक छ ।
- दलहरूले आमहडतालका सन्दर्भमा पनि उपयुक्त टुङ्गो लगाउनु जरुरी हुन्छ । यसलाई धेरै लामो नगरेर केही समय स्थगित गर्ने र आवश्यक परे पुनः आमहडताल गर्ने चेतावनी दिनु जरुरी छ ।

यतिबेला जनता जागेका छन्, आन्दोलन उत्कर्षतर्फ अघि बढेको छ र आन्दोलनले संयुक्त जनआन्दोलनको रूप लिएको छ । आन्दोलनको आगोमा पानी नखन्याई, सबैखाले हरकतहरूको प्रतिकार गर्दै जुझारु ढङ्गले आन्दोलनलाई सशक्त रूपमा अघि बढाउन सात राजनीतिक दलहरू अझ बढी गम्भीर हुनु जरुरी छ ।
■

# लोकतान्त्रिक आन्दोलन र जनसहभागिता

**' भानुभक्त ढकाल**

**शा**ही सरकारले १४ महिनाअघि सेनाको बलमा सत्ता हातमा लिएपछि नेकपा (एमाले) सहितका राजनीतिक दलहरूले सञ्चालन गर्दै आएको आन्दोलन यतिखेर निरङ्कुश राजतन्त्रको अन्त्य, लोकतान्त्रिक गणतन्त्र प्राप्तिको दिशामा अघि बढिरहेको छ । जनतालाई सार्वभौमसत्ता र राजकीय सत्ताको मालिक बनाउने यो आन्दोलन अझ उन्नतस्तरबाट अघि बढिरहेको छ । चालू आन्दोलनले जनताको जुझारूपनलाई अझ सम्बृद्ध बनाएको छ । निरङ्कुश शासकहरू जनताबाट पूर्णतः बहिष्कृत एवम् तिरस्कृत बनेका छन् ।

**क. जनआन्दोलन दिवसमा कर्फ्यु** : शाही सरकारले आफ्नो आयु लम्ब्याउन, जनआन्दोलनलाई असफल बनाउन विभिन्न षड्यन्त्र एवम् दमनको सहारा लिएको छ । यही क्रममा चैत २६ गते पोखराको महेन्द्रपुलमा सरकारद्वारा चलाएको सेनाको गोलीबाट अनेरास्ववियुका कार्यकर्ता भीमसेन दाहालले शहादत प्राप्त गर्नुभएको छ । गोलीबाट अन्य छ जना आन्दोलनकारीहरू घाइते भएका छन् । यस्तै, चितवनमा चलाइएको गोलीबाट तुलसी क्षत्री (डुम्राकोटी) को चैत २७ गते मृत्यु भएको छ । मसाल जुलुसका क्रममा सप्तरीमा एमालेका इलाका सदस्य दशनलाल यादवको मृत्यु भएको छ । काभ्रेमा शिवहरि कुँवर र नवलपरासीमा विष्णु पाण्डेको मृत्यु भएको छ । देशका विभिन्न भागमा आन्दोलन दबाउनका निम्ति सरकारले सयौँ राउन्ड गोली, हजारौँ सेल अश्रुग्यास प्रहार गरेको छ । यसका अतिरिक्त निरङ्कुश शाही सरकारले जनआन्दोलन दिवसका दिन राजधानीमा कर्फ्यु लगाएको छ । देशका विभिन्न भाग मूलतः राजधानी, पोखरा र चितवनमा गोली हान्ने, हवाई फायर गर्ने, प्लास्टिकका गोली हान्ने, गिरफ्तार व्यक्तिहरूलाई आँखामा कालो पट्टी बाँधी यातना दिने, घरघरबाट मध्यरातमा गिरफ्तार गर्ने, पुलिस तथा मण्डले भिजिलान्तेहरूको प्रयोग गरी आन्दोलनको विपक्षमा पर्चा वितरण गर्नेजस्ता निन्दनीय काम गरेको छ । देशका विभिन्न मन्दिरमा पूजापाठ गरेको स्वाङ गर्ने शासकहरूकै आदेशमा मन्दिर हाताभित्र पुलिस प्रवेश गराई भक्तजनहरूलाई निर्घात कुटिएको छ । स्कुले बालबच्चादेखि वृद्धवृद्धासम्म सरकारको अन्धाधुन्ध दमनमा परेका छन् । राष्ट्रव्यापी रूपमा भएको यो हत्या र दमनको जिम्मा वर्तमान शाही सरकारको नेतृत्व गर्ने व्यक्तिले लिनुपर्छ । अन्यथा जनआन्दोलनको विकासले नै यसको फैसला गर्नेछ ।

**ख. जनसंलग्नतासहितको आमहडताल :** विगतका हडतालहरूका आयोजकहरू बेवारिसे हुने, कार्यक्रम भए पनि एकाध कार्यक्रमहरू मात्र हुने परम्परामा आन्दोलनले त्यसलाई उचाइबाट अगाडि बढाएको छ । आमहडतालको तयारीका क्रममा मात्र नभएर आमहडताल गराउनसमेत सात राजनीतिक दलका नेता-कार्यकर्ताहरूले निर्धक्कसाथ सडक आन्दोलनको अगुवाइ गरिरहेका छन् । सरकारको गोली प्रहार, अश्रुग्याससहितका दमन, गिरफ्तारीका बाबजुद आन्दोलनलाई जनस्तरसम्म पुऱ्याउन र जनसहभागिता बढाउन आन्दोलनकारीहरू अहोरात्र जुटिरहेका छन् । यसपटकको आमहडताल जनसहभागितामा सम्पन्न आमहडताल हो भन्ने कुरा कर्फ्युलाई उल्लङ्घन गरी प्रमाणित भइसकेका छन् । विगतमा राजधानीवासीहरू आन्दोलित हुन नसकेको भनी गरिएको आलोचनासमेत यसपटक व्यवहारबाटै जवाफ पाइएको छ । आन्दोलनका क्रममा शाही सरकारको गुलामी गर्ने स्थानीय व्यक्तिहरूलाई कालोमोसो दल्ने, नगरपालिका एवम् कतिपय गाविसमा तालाबन्दी गर्ने र सरकारी गमला छाप मण्डलेका अफिसहरू एवम् जनविरोधी कार्यमा संलग्न कतिपय कार्यालयहरूसमेत आन्दोलनकारीका निसाना बनेका छन् । आन्दोलन दमन गर्न आएका प्रहरीहरूलाई आफ्नो घेराबन्दीमा पारी मानव अधिकारवादीसमक्ष बुझाउने काम पनि आन्दोलनको मैदानबाटै भएका छन् ।

**ग. आन्दोलनको विकेन्द्रित स्वरूप र जनसहभागिता :** सात दलले घोषणा गरेको चारदिने आमहडतालको स्वरूपका सन्दर्भलाई लिएर विभिन्न दल तथा यसका नेता-कार्यकर्ताबीच समान धारणा नरहेको प्रस्ट नै छ । राष्ट्रव्यापी आमहडतालको घोषणाले आन्दोलनको स्वरूप विकेन्द्रित भएको र राष्ट्रव्यापी रूपमा नै यसलाई विस्तार गर्नुपर्ने ठहरका साथ एमालेले गरेको पहल नै समय सान्दर्भिक भएको पुष्टि समयक्रमले गरेको छ । यसो गर्दा आन्दोलनको विपक्षमा रहेको अभिव्यक्ति दिने लेख-रचना प्रकाशित गरी दोष अरूको टाउकोमा थुपारेर आफू क्रान्तिकारी देखाउन प्रयास गर्नेहरू अहिले राष्ट्रव्यापी चलेको जनआन्दोलनको यो लहर एमालेका कारणले हो भन्न तयार छन् कि छैनन् ? राजधानीकेन्द्रित गर्न आफ्ना नेता-कार्यकर्ता ल्याउने प्रचारबाजीमा रहेकाहरू आन्दोलनको यो क्रममा सघन मात्रामा उपस्थित हुन नसक्नु सम्बन्धित पक्षको आत्मसमीक्षाको विषय बने भोलिका दिनमा आन्दोलनलाई वस्तुनिष्ट बनाउन सहयोग नै मिल्नेछ । आन्दोलनको यो चरणमा गिरफ्तार हुने र सडक आन्दोलनको अगुवाइ गर्न एमाले पङ्क्तिले आफ्नो अग्रतालाई विगतभन्दा उच्च बनाउन सकेको छ । यसलाई थप सङ्गठित गर्न सके एमालेलाई जनताको बीचमा स्थापित गर्न थप मद्दत मिल्नेछ ।

**घ. आन्दोलनमा राजधानीवासीको संलग्नता :** ०४६ सालको जनआन्दोलनको स्वरूपलाई ग्रहण गरी राजधानीवासीले यो आन्दोलनलाई आत्मसात गरेका छन् । आन्दोलनप्रति वितीय क्षेत्रलगायतको ऐक्यबद्धता, अन्य पेसा एवम् व्यवसायको प्रतिबद्धताले ०४६ सालको जनआन्दोलनलाई स्मरण गर्न लायक बनाएको छ । दलका नेता तथा कार्यकर्ताहरू गिरफ्तारीबाट जोगिने प्रवृत्ति क्रमशः घट्दै गएको छ । आन्दोलनमा राजधानीवासी जनताको संलग्नता क्रमिक रूपमा वृद्धि भइरहेको छ । आन्दोलनको यो स्वरूपले शान्तिपूर्ण जनआन्दोलन र यसमा जनसहभागिताबाहेक परिवर्तनको अरू रूप उपयुक्त छैन भन्ने पुष्टि गरेको छ । शाही सरकारका राजनीतिक जागिरेहरू आफ्नो जागिर जोगाउन भुकिरहे पनि जनआन्दोलनको पक्षमा जनता हात्तीजस्तै अघि बढिरहेका छन् । सेनाको उपस्थितिमा कर्फ्यु तोड्ने, लोकतान्त्रिक मुक्त क्षेत्रको घोषणा गर्ने कार्यको अगुवाइ गर्ने क्रममा जब राजधानीले आफ्नो उपस्थिति जनायो, तब आन्दोलनले नयाँ उचाइ प्राप्त गरेको छ । यसले राज्यमा लोकतान्त्रिक आन्दोलनको नयाँ रक्तसञ्चार भएको छ । शाही सरकारका डफ्फेदारहरूले राजधानीमा सेना र प्रहरी लगाएर पनि आफ्नै कार्यालयको सुरक्षा गर्न सकिराखेका छैनन् । आन्दोलनकारीका सामु सेना र पुलिस मोर्चाबाट हटिरहेका छन् । राजधानीवासी आन्दोलनमा उदासीन हुन्जेल मात्र हो शासकले राज गर्ने, यहाँका जनता आन्दोलनमा लागिसकेपछि अबको आन्दोलनले एउटा निर्णायक दिशा अवश्य समात्ने छ ।

**ङ. भ्रमको खेती होइन, आन्दोलन गरौँ :** आन्दोलनको नारा, कार्यक्रमको स्वरूप र दल-माओवादीको दोस्रो समझदारीलाई परिस्थितिको मागअनुसार विकास एवम् परिमार्जन गर्न सकिएको छैन । आन्दोलनमा जनसहभागिता जुटाउन जोड नदिने निर्णीत विषयमा कार्यान्वयनको पक्ष नहेर्ने, आन्दोलनकारी दल एवम् नेताप्रति हिलो छ्याप्ने, बदनाम गराउने र आन्दोलनलाई फ्युजनका नाममा आन्दोलन विरोधीलाई नै फाइदा पुग्ने गरी अभिव्यक्ति दिने र अरूलाई उपदेश दिने प्रवृत्तिको अन्त्यले नै आन्दोलनलाई शिखरमा पुऱ्याउन सहयोग पुग्नेछ । शान्तिपूर्ण जनआन्दोलनमा भन्दा अरूको सेवामा समर्पित हुन चाहने व्यक्तिहरू दृष्टिकोणमै प्रस्ट हुन जरुरी छ । निरङ्कुशताविरुद्धको आन्दोलनमा सबै सङ्गठित रूपले लागौँ, आ-आफ्नो पार्टी चलाएर जनताको सहभागितामा जोड दिऔँ, अरू पार्टी र नेताप्रति मनोगत भ्रमको खेती नगरौँ ।

**च. आन्दोलनको उभार :** राजधानीलगायत देशका विभिन्न ठाउँहरूमा आन्दोलनको उभार आएको छ । चितवनमा लाखौँको जुलुसले आन्दोलनलाई ऊर्जा प्रदान गरेका छन् । प्रहरी प्रशासनहरू जनआन्दोलनको घेराभित्र सीमित हुन बाध्य छन् । जनकपुरमा भएको प्रदर्शनले सेना तथा प्रहरीहरू आफ्नो व्यारेकमा फर्कन बाध्य भएका छन् । पोखरा, हेटौँडा र विराटनगरमा उल्लेख्य प्रदर्शनका साथ दर्जनौँको सङ्ख्यामा गिरफ्तार गरिएको छ । हुम्लाको सिमीकोटमा महिलाहरूको नेतृत्वमा विरोध प्रदर्शन नमुनाकै रूपमा देखिएको छ । मेचीदेखि महाकालीसम्मका मुख्य सहरहरू मात्र नभई स्थानीयस्तरमा समेत आन्दोलनका विभिन्न रूपहरूले जनतालाई सङ्गठित रूपमा परिचालन गराएको छ । आन्दोलनको राष्ट्रव्यापी यो जागरण र जुझारु प्रदर्शनले निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनालाई नजिक्याएको छ ।

**छ. राज्यमा शाही सरकारको नियन्त्रण छैन :** सरकारले आफ्नो आयु लम्ब्याउन जनतामाथि गरेको गोली प्रहार, दमन, धरपकड, निषेधाज्ञा र कर्फ्युको व्यापक उल्लङ्घनले राज्यमा शाही सरकारको नियन्त्रण छैन भन्ने कुरा पुष्टि भएको छ । आमहडतालका क्रममा लगाएको निषेधाज्ञाको अवज्ञा आन्दोलनकारीहरूले सङ्गठित रूपमा मैदानबाटै दिएका छन् । कतिपय

स्थानमा शाही सरकारका सेना एवम् प्रहरीहरू उपस्थित हुन नसक्नु, उपस्थित रहेका ठाउँमा टिक्न नसक्नु, बिनाहतियार आफ्नो आवाजको भरमा जनता जागेपछि शाही सरकारका सेना तथा प्रहरीहरू आन्दोलनकारीको अगाडि निरीह बनेका छन् । विगतमा जस्तै कफ्र्यु लगाएर कार्यक्रमलाई कमजोर बनाउन खोज्ने र गर्न नदिने शाही सरकारको घोषणालाई आन्दोलनकारीहरूले विफल बनाएका छन् । सरकारको कफ्र्यु आदेश लागू गर्नसक्ने हिम्मत सहरका कुना-कुनामा मात्र होइन, स्वयम् रत्नपार्क र चक्रपथभित्र नै दर्जनौ स्थानमा खुलेआम टुटेको छ । यो कार्यबाट शाही सरकारको राज्यसत्ताको केन्द्रभागमा अब नियन्त्रण छैन भन्ने कुरालाई पुष्टि गरेको छ । यसैक्रममा अनेरास्ववियुको अगुवाइमा रत्नपार्कमा, पार्टी स्थायी कमिटीका सदस्य मोदनाथ प्रश्रितको नेतृत्वमा कफ्र्युको अवज्ञा गरिएको छ । अवज्ञा हुने अन्य क्षेत्रमा चावहिल, मैतीदेवी, कोटेश्वर, बानेश्वर, गोङ्गबु, बालाजु, ललितपुरको मङ्गलबजार, कीर्तिपुर र भक्तपुरमा आन्दोलनकारीहरूको नियन्त्रण रहनुले लोकतन्त्रको सुनौलो भविष्यलाई उजागर गरेको छ । यसलाई भोलिका दिनमा अझ सङ्गठित र विकसित गर्दै जनताको सहभागितामा शान्तिपूर्ण आन्दोलनको माध्यमबाट राष्ट्रको परिवर्तनका लागि आ-आफ्ना ठाउँबाट सबैले सहयोग र समर्थन गर्नु समयको माग हो । अराजकतामा रमाउन खोज्नु र क्षणिक क्रान्तिको कुरा गरेर सार्थक जनभावनाबाट विचलित हुने विषयले प्रकारान्तरमा निरङ्कुश राजतन्त्रलाई नै बल पुग्ने कुरामा सबैले हेक्का राख्न जरुरी छ ।

**ज. आन्दोलनमा महिला सहभागिता** : लोकतान्त्रिक आन्दोलनको यो चरणमा महिलाहरूको सहभागिता उल्लेख्य रहेको छ । आन्दोलनकै क्रममा चितवनमा शाही सरकारको गोली लागी तुलसी क्षत्रीले शहादत प्राप्त गर्नुभएको छ । आन्दोलनकारी प्रमिला केसी र प्रतीक्षा अधिकारी गोलीबाट सख्त घाइते हुनुभएको छ । जुम्लामा सात दलले गरेको प्रदर्शनबाट नेता-कार्यकर्ताको गिरफ्तारीको विरोधमा महिलाहरूले जुझारु प्रदर्शन गरेर आन्दोलनमा नयाँ आयाम थपेका छन् । राजधानीलगायत विभिन्न स्थानमा आन्दोलनको अगुवाइ गर्ने, गिरफ्तार हुने र कफ्र्यु उल्लङ्घन गर्ने कार्यमा समेत महिलाहरूको जुझारुपन कदर गर्नलायक छ । म्याग्दीमा हजारौं महिलाहरूको प्रदर्शनले आन्दोलनलाई ऊर्जामय बनाएको छ ।

**झ. विभिन्न क्षेत्र र पेसाकर्मीको ऐक्यबद्धता**: चालू लोकतान्त्रिक आन्दोलनको सँघारमा चैत २२ गते काठमाडौं नयाँबानेश्वरमा मधेसी समुदायले ऐक्यबद्धताका लागि जुलुस प्रदर्शन गरे । सरकारले उक्त कार्यक्रममा दमन गर्‍यो । एमाले केन्द्रीय सदस्य रामचन्द्र झा, महेन्द्र यादवसमेत ठूला सङ्ख्यामा आन्दोलनकारीलाई धरपकड गरी अमानवीय व्यवहारका साथ महाराजगन्जस्थित प्रहरी गणमा राखेपछि त्यहींभित्र पनि उहाँहरूले आन्दोलन जारी राख्नुभएको छ । वित्तीय संस्थानका कर्मचारीहरू, डाक्टर, वकिल, पत्रकार, मानवअधिकारकर्मी, स्रष्टा तथा कलाकारहरूलगायत पेसागत एवम् विभिन्न क्षेत्रको ऐक्यबद्धता जनआन्दोलनप्रतिको दृढताको रूपमा प्रकट भएका छन् ।

■

### जुर्मुराए जनता

# दमनले कति दिन टिक्छ शाहीसत्ता ?

**' विष्णु रिजाल**

**चौ**तर्फी सङ्कट र तिरस्कार झेलिरहेको राजाको निरङ्कुश सत्ता बर्बर, आततायी र जङ्गली रूपमा नागरिकका विरुद्ध दमनमा उत्रिएको छ । सात दलले चैत २४ देखि आयोजना गरेको देशव्यापी आमहडतालका क्रममा निरङ्कुश शाहीसत्ताका विरुद्ध उत्रिएका मुलुकभरिका लाखौं नागरिकका विरुद्ध भएभरको बल प्रयोग गर्दै शाहीसत्ताले अन्ततः आफ्नो जनविरोधी, अधिनायकवादी र चरम असहिष्णु चरित्र विश्वका सामु उदाङ्गो पारेको छ । लोकतन्त्रका लागि आन्दोलनरत राजनीतिक दलका नेता, कार्यकता र जनसाधारणमाथि तीव्र दमन गरेर आफ्नो तासको घर सधैंका लागि टिकाउने सपना बोकेका राजा ज्ञानेन्द्रका लागि चालू जनआन्दोलन फलामको च्यूरा सावित भएको छ । उनको प्रत्यक्ष नेतृत्वमा रहेको सरकारले गरेको जनदमनले अहिलेसम्म विश्वमा भएका सबैखाले दमन र अत्याचारहरूलाई उछिनेको छ ।

**रगतले लत्पतियो मुलुक**

शाहीसत्ताले गरेको अत्याचार र दमनले सबै किसिमका न्यूनतम मानवीय मर्यादाहरूको घोर उल्लङ्घन भएको छ । जनताको शान्तिपूर्ण रूपमा भेला हुन पाउने संविधानप्रदत्त नागरिक अधिकारमाथि शाहीसत्ताले सुरुदेखि नै सगर्व धावा बोल्दै आएको तथ्य आमनागरिकका बीचमा लुकेको छैन । आन्दोलनमा दमन गरेरै जान्छौं भन्ने शाही सरकारका खेताला मन्त्रीहरूको सुरुदेखिकै अभिव्यक्तिले पनि राजा योजनबद्ध दमनको योजनामा थिए भन्ने स्पष्ट हुन्छ । राजपरिवारको हत्यापश्चात् रगतको आहालमा टेकेर गद्दीमा आसीन भएका वर्तमान राजाका लागि मुलुकमा रगत बग्नु सायद सामान्य कुरा होला । तर, आफ्नो

नागरिकअधिकारका लागि सडकमा उत्रिएका जनतामाथि जसरी दमन र अत्याचार भएको छ, त्यसको पाइपाई हिसाबकिताब नेपाली जनताले अवश्य खोज्नेछन् भन्ने कुरा उनले बुझ्नुपर्छ ।

राजधानीमा आन्दोलन चर्किने सम्भावना देखेर पोखरा पुगेका राजाले त्यहीँबाटै मुलुकभर हत्या, हिंसा र रक्तपात मच्चाउन निर्देशन दिए । चैत ८ गते पोखरामा जागिरे उपाध्यक्षद्वयलाई 'दर्शनभेट' दिएको दुई दिनपछि नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई नजरबन्दबाट गिरफ्तार गरी ककनी पुऱ्याइएको घटनाले नै सङ्केत गरेको थियो- राजा यस आन्दोलनलाई जतिसक्दो बढी हिंसात्मक, रक्तपातपूर्ण र अराजक बनाउन उद्दत छन् । आखिर अनुमान गरेजस्तै मुलुकभरि आन्दोलन दबाउनका लागि राज्यशक्तिको दुरुपयोग गर्दै उनी जनताका विरुद्ध खुला रूपमा उभिए ।

सेना, प्रहरी र सशस्त्र प्रहरीलाई असीमित अधिकार दिएर शाहीसत्ताले जनतामाथि अन्धाधुन्ध लाठी र गोली चलाउने छुट दिएको छ । त्यसैको परिणामस्वरूप एक साताको आन्दोलनमा पाँच जना नागरिकले शहादत प्राप्त गरिसकेका छन् । सप्तरीमा एमाले इलाका कमिटी सचिव दशनलाल यादवलाई प्रहरीले कुटपिट गरेर उनको मृत्यु भएपछि सुरु भएको यो शहादतको क्रम जारी छ । राजा पोखरामै रहेका बेला त्यहीँ एमाले समर्थक भीमसेन दाहालमाथि सेनाले चलाएको गोलीले उनको घटनास्थलमै मृत्यु भयो भने लास लिन बनेपा पुगेका शोकाकुल जनतामाथि सेनाले गोली चलाउँदा त्यहाँ शिवहरि कुँवरको मृत्यु भयो । त्यसैगरी चितवनमा सुरक्षाकर्मीले चलाएको गोलीबाट तुलसी क्षत्रीले ज्यान गुमाउनुपऱ्यो । दमनको सहारामा मात्रै टिकेको शाहीसत्ताले नवलपरासीमा चलाएको गोलीबाट एमाले कार्यकर्ता विष्णुप्रसाद पाण्डेले शहादत प्राप्त गर्नुभएको छ ।

**जनतामाथि सीधै गोली**

पहिले आन्दोलनमा जनसहभागिता छैन भनेर भ्रमपूर्ण प्रचारमा लागिरहेको शाही सरकारले आन्दोलनमा अपार जनताको उपस्थिति देखेपछि त्यसबाट अत्तालिएर राजधानीलाई निषेधित क्षेत्र घोषणा गऱ्यो । सात दलले आयोजना गरेको शान्तिपूर्ण आमहडताल र जनप्रदर्शनलाई असफल पार्न सरकारले गरेको यो  दमनकारी प्रतिबन्धका बाबजुद लाखौँ जनता सडकमा निस्केपछि भने शाही सरकारले अझ अघि बढेर जनआन्दोलन दिवसका दिन राजधानीमा कर्फ्यु लगायो । जनविरोधी कर्फ्युको शान्तिपूर्ण रूपमा अवज्ञा गर्ने नागरिकमाथि शाही सरकारले अन्धाधुन्ध गोली चलायो । सिङ्गो राजधानीलाई कैदखानामा परिणत गरेर मूर्दाशान्तिको कल्पना गरेको शाही सरकारका हरेक कदमको जनताले साहसपूर्वक अवज्ञा गरेपछि हरेक अधिनायकवादी सरकारले झैँ शाही सरकारले पनि गोलीको सहारा लिनुपऱ्यो ।

शान्तिपूर्ण आन्दोलनमाथि बल प्रयोग गर्नुपरे पनि न्यूनतम रूपमा मानवीय मूल्य र मान्यताहरूमाथि उभिएर गरिने अन्तर्राष्ट्रिय परम्परालाई समेत लत्याउँदै शाही सरकारले विषालु अश्रुग्यास र गोलीको प्रयोग गऱ्यो । गोली चलाउनु नै परेमा घुँडामुनिको भागमा हान्नुपर्ने वैधानिक प्रावधानलाई समेत लत्याउँदै शाही सरकारले आन्दोलनकारीका टाउको, कञ्चट र आँखा ताकेर गोली हानेको छ । राजधानीका अस्पतालमा भर्ना भएका घाइतेहरूमध्ये अधिकांशको टाउको, कञ्चट र आँखामा गोली लागेको छ । चिकित्सकहरूका अनुसार, यी चोटहरू अत्यन्तै संवेदनशील र दीर्घकालीन असर पार्ने खालका हुन्छन् । राजधानीमा डेढ हजारभन्दा बढी आन्दोलनकारी घाइते भएर अस्पतालमा छन् भने सयौँ घाइतेलाई संवेदनहीन शाही सरकारले उपचार गराउनुको साटो गिरफ्तार गरी बेपत्ता पारेको छ ।

आन्दोलनकारीमाथि अत्यधिक बल प्रयोग भएको राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूले तथ्यगत रूपमा नै औँल्याएका छन् । सरकार आफैँले गठन गरेको राष्ट्रिय मानवअधिकार आयोगले समेत शान्तिपूर्ण आन्दोलनमा अत्यधिक बल प्रयोग भएका तथ्य सार्वजनिक गरेको छ । एमनेस्टी इन्टरनेसनलले शान्तिपूर्ण आन्दोलनमा अत्यधिक मात्रामा बल प्रयोग भएको घटनालाई अन्तर्राष्ट्रिय रूपमा नै उठाएको छ । मानवअधिकार अनुगमनका लागि प्रदर्शनस्थलमै रहेका मानवअधिकारकर्मीहरूले सरकारी बर्बर दमनले सीमा नाघेको टिप्पणी गरेका छन् । तर, लाज पचेको शाही सरकार पतनको अन्तिम डिलमा उभिँदा पनि नसुनेको अभिनयमा व्यस्त छ र घाइतेहरूका लागि आयोजित रक्तदान कार्यक्रममा समेत हस्तक्षेप गरेर अत्यन्त क्रूर चरित्र प्रदर्शन गरेको छ ।

**घुसपैठको स्यालहुइँया**

शाही सरकारले सुरुदेखि नै आन्दोलन शान्तिपूर्ण रूपमा नहोस् भन्ने चाहेको थियो । सात दल र माओवादीबीच भएका १२ बुँदे समझदारीको दुहाइ दिँदै सात दलको चालू शान्तिपूर्ण आन्दोलनलाई माओवादीको कार्यक्रम भएको प्रचार गर्नमा शाही खेताला मन्त्रीहरू सुरुदेखि नै न्वारानदेखिको बल लगाएर लागिपरेका थिए । दिनहुँ त्यस्तो मिथ्या प्रचार गर्दा पनि जनसहभागिता झन् बढ्दै गएपछि भने उनीहरू आन्दोलनमा घुसपैठ भएको बनिबनाउ प्रचारमा जुटिरहेका छन् । निहत्था जनताले शान्तिपूर्ण रूपमा आफ्ना आवाजहरूलाई मुखरित गर्न थाल्दा पनि घुसपैठको काल्पनिक सपना देख्ने शाही सरकारले त्यही निहुँमा आन्दोलन दबाउने अधिकतम षड्यन्त्र गरे पनि यो सात दलको शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलन हो भन्ने कुरा घामजत्तिकै छर्लङ्ग थियो । सशस्त्र विद्रोहमा लागेका माओवादी र शान्तिपूर्ण आन्दोलनमा लागेका सात राजनीतिक दलबीच शान्तिपूर्ण आन्दोलनका लागि समझदारी भएको हो, न कि सात दलले बन्दुक बोक्नलाई । तर, त्यसको अपव्याख्या गर्दै शाही सरकारले आन्दोलनमा माओवादीको घुसपैठ भएको मिथ्या प्रचार गर्दा आमजनताले त्यसलाई कत्ति पनि महत्त्व दिएनन् ।

जति प्रचार गर्दा पनि आन्दोलनमा माओवादी घुसपैठ नभएपछि आन्दोलनलाई हिंसात्मक र उत्तेजित बनाउन शाही सरकारले सादा पोसाकमा सुरक्षाकर्मीलाई आन्दोलनमा घुसाउने दुष्प्रयास गरेका तथ्यहरू एकपछि अर्को गर्दै सार्वजनिक भइरहेका छन् । आन्दोलन भाँड्न खटाइएका सादा पोसाकका सुरक्षाकर्मीलाई सुरुमा कीर्तिपुरका जनताले पहिचान र कारबाही गरेर सरकारको मुखुन्डो उतारिदिए । सरकारले कसरी घुसपैठ गरेको रहेछ भन्ने कुरा बुझ्न प्रहरीद्वारा राती छात्रावासमा आक्रमण गरी घाइते बनाइएका महराजगन्ज मेडिकल कलेजका एक विद्यार्थीले *बीबीसी*लाई दिएको यो प्रतिक्रिया नै पर्याप्त छ- '...हिजो-अस्ति त्यही मान्छे हामीहरूसँगै आन्दोलनमा आएर 'लौलौ ढुङ्गा हानौँ' भनेर ढुङ्गा ल्याइदिन्थ्यो । ....हिजो राती

एक्कासि प्रहरीसँग छात्रावासमा आएर 'आन्दोलनकारी यिनै हुन्' भन्दै चिनायो । आफैँले पनि 'तिमीहरू मरे पनि केही हुँदैन' भन्दै लात्तीले हान्यो ।' नेपालगन्जमा आयोजित सभामा सैनिक जवानहरूलाई नै ग्रिनेडसहित घुसपैठ गराइएको समाचार सार्वजनिक भएको छ ।

घुसपैठ हुन्छ भन्ने आत्मविश्वासका साथ सरकारले किन प्रचार गरिरहेको रहेछ भन्ने कुरा यी घटनाहरूले स्पष्ट पार्छन् । एक महिनाअघि पक्राउ परेका माओवादी कार्यकर्तासँग सैनिक यातनागृहको दबाबमा लिएको अन्तर्वार्ता सरकारी सञ्चारमाध्यममा प्रचार गर्दै घुसपैठको दाबीलाई पुष्टि गर्न खोजे पनि सरकारको त्यो षड्यन्त्र सफल हुन सकेन । माओवादीले शान्तिपूर्ण आन्दोलनमा सहयोग पुऱ्याउन राजधानीकेन्द्रित फौजी कारबाहीहरू स्थगित गरेपछि सरकारको मिथ्या प्रचार झनै कमजोर भयो । प्रहरी अधिकृतकै घरबाट गोली चलाएर गोङ्गबुमा प्रदर्शनलाई उत्तेजित पार्दै सयौँलाई घाइते पारिएको घटनाले पनि सरकारी नियत उदाङ्गो पार्दछ ।

**अभूतपूर्व ऐक्यबद्धता**

शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनमा अभूतपूर्व ऐक्यबद्धता र सहभागिता देखिएको छ । तुलनात्मक रूपले कम जनसहभागिता रहेका कारण यथार्थमा जनआन्दोलनको तहमा आन्दोलन विकास हुन नसकेको परिपाटीलाई यसपटकको आमहडतालले समाप्त पारिदिएको छ । समाजका सबै पेसा, व्यवसाय, वर्ग, तह, तप्का र समुदाय आ-आफ्नो ठाउँबाट आन्दोलनमा उत्रिएका छन् । चैत २६ मै कर्फ्यु तोड्न प्राज्ञिक र पेसागत व्यक्तित्वहरू अग्रसर भए । दमननाथ ढुङ्गाना, लक्ष्मणप्रसाद अर्याल, डा. सुन्दरमणि दीक्षित, पद्मरत्न तुलाधार, डा. सुन्दरमणि दीक्षित, डा. मधु घिमिरे, डा. भरत प्रधान, डा. सरोज धिताल, कनकमणि दीक्षितलगायतले शाही सरकारलाई ठाडै चुनौती दिएर सात दलको आन्दोलनप्रति ऐक्यबद्धता मात्र जनाएनन्, शाही सरकारको अवैधानिक कर्फ्यु तोड्न जनताको मनोबलसमेत उकासे । यो क्रम कर्फ्युको अवधिभरि जारी रह्यो ।

नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसियसन, नेपाल चिकित्सक सङ्घ, नेपाल इन्जिनियर्स एसोसियसन, नेपाल प्राध्यापक सङ्घ, नेपाल शिक्षक युनियन, ट्रेडयुनियनजस्ता पेसागत संस्थाहरूले समेत सात दलको आन्दोलनप्रति पूर्ण प्रतिबद्धता जनाउँदै आफूलाई परिचालित गरे । त्यति मात्र होइन, प्रायः राजनीतिबाट टाढै रहने गरेका पर्यटन व्यवसायी, भूतपूर्व सैनिक, निजामती कर्मचारी, यातायात व्यवसायी, उद्योगी-व्यापारीहरूले समेत लोकतन्त्रका पक्षमा आफूलाई उभ्याए । शाही कदमको समर्थक देखिएको नेपाल उद्योग वाणिज्य महासङ्घले समेत आफू पूर्ण प्रजातन्त्रप्रति प्रतिबद्ध रहेको प्रतिक्रिया पहिलोपटक सार्वजनिक गऱ्यो । चिकित्सकहरूले उदाहरणीय रूपमा आफूलाई लोकतन्त्रका पक्षमा खडा गरे । जनआन्दोलनका घाइतेहरूको निःशुल्क उपचारका लागि उनीहरू सक्रिय रहे । शिक्षण, वीर, प्रसूतिलगायतका सरकारी अस्पतालका डाक्टरहरू आफ्ना पोसाकहरूसहित आन्दोलनमा उत्रिए । मोडेल अस्पतालमा चर्चित कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले जनआन्दोलनका घाइतेहरूको उपचारका लागि कोष नै खडा गरे । साहित्यकार र कलाकारहरू पनि अभूतपूर्व रूपमा आन्दोलनका पक्षमा उत्रिए । अन्यत्रझैँ कला क्षेत्रमा पनि लोकतन्त्रवादी र निरङ्कुशतावादीहरूको कित्ता विभाजन भएको छ ।

शान्तिपूर्ण आन्दोलनलाई माओवादीको भएको कुप्रचार गर्ने शाही सरकारसँग जवाफ छ- के ती सबै माओवादी हुन् ? कलम बन्द गरेर सरकारी कार्यालयको काम ठप्प पार्ने सरकारी कर्मचारीहरू जम्मै माओवादी हुन् ? सेतो कपडासहित सडकमा आउने चिकित्सक र स्वास्थ्यकर्मीहरू माओवादी हुन् ? कालो कोटसहित सडकमा उत्रिने वकिलहरू माओवादी हुन् ? प्रेस स्वतन्त्रताको नारासहित सडकमा आउने पत्रकारहरू माओवादी हुन् ? सरकार लाचार छ, नाजवाफ छ ।

**भ्रमपूर्ण प्रचारको खेती**

मुलुकभित्रका राजनीतिक दल र सङ्घसंस्थाबाट मात्र होइन, विश्वबाट समेत तिरस्कारमा परेका राजा ज्ञानेन्द्रले चालू जनआन्दोलन दबाउनका लागि पछिल्लोपटक गठित कठपुतली सरकारमा गोयबल्सहरूलाई खोजेर राखेका थिए । मल्लिक आयोगले किटानीका साथ दोषी ठहर गरेका कमल थापाजस्ता पञ्चायतका प्रेतात्माहरूलाई सरकारको हर्ताकर्ता बनाएर उनले जनतामाथि दमनको घोर षड्यन्त्र गरिरहेको आभास नेपाली जनतालाई सुरुमै भएको थियो । अन्ततः आन्दोलनमा त्यही कुरा चरितार्थ भयो । टिपेर ल्याइएका राजाका खेताला मन्त्रीहरू एकातिर दिनभरि जनतामाथि दमन गर्ने र साँझपख पत्रकार सम्मेलन गरेर त्यसको उल्टो प्रचार गर्न तल्लीन भए । निवासमै नजरबन्द गरिनुभएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई 'जनता जम्मा गरी उच्छृङ्खल गतिविधि गरेको' घृणित आरोप लगाउन पछि नपरेको शाही सरकार आफ्नो राजनीतिक धरातल पूर्ण रूपमा समाप्त भएपछि दमन र भ्रमपूर्ण प्रचारको बैशाखी टेकिरहेको छ । झूटो कुरालाई सयपल्ट दोहोऱ्याएमा साँचो हुन्छ भन्ने हिटलरको प्रचारमन्त्र गोयबल्सको कपटपूर्ण कार्यनीतिका नेपाली संस्करणका रूपमा कमल थापा र श्रीषशमशेरहरू टेलिभिजनका पर्दामा दिनहुँ देखिइरहेका छन् ।

आन्दोलनमा न्यूनतम बल प्रयोग गरिएको र सुरक्षाकर्मीहरूले संयमता अपनाएको कपोलकल्पित र झूटो विवरण दिएर शाही सरकारका जागिरे मन्त्रीहरूले आफ्नो जागिर त जोगाएका छन् तर जनताका आँखामा उनीहरूको वास्तविक अनुहार उदाङ्गो भएको छ । पत्रकारलाई कर्फ्यु पास नदिएर सूचना लुकाउने शाही सरकारको जङ्गली चरित्र होस् वा मानवअधिकारकर्मीमाथि ज्यादती गर्ने अप्रजातान्त्रिक कार्य होस्, त्यसले राजाको नियत र चरित्र प्रस्ट्याएको छ ।

**अन्तर्राष्ट्रिय विरोध**

मुलुकभित्र सङ्कटमा परेका राजा अन्तर्राष्ट्रिय क्षेत्रबाट झन् आलोचित भएका छन् । उनको सरकारले शान्तिपूर्ण प्रदर्शनमा गरेको नृशंस दमनको अन्तर्राष्ट्रिय समुदायले निन्दा र भर्त्सना गरेको छ । मुलुकमा लोकतन्त्र स्थापना गर्न र आफ्नो हठ छोड्न अन्तर्राष्ट्रिय समुदायले राजालाई आह्वान गरेको छ । संयुक्त राज्य अमेरिका, २५ सदस्य भएको युरोपेली सङ्घ, एमनेस्टी इन्टरनेसनललगायतले राजालाई दमनको बाटो छोडी लोकतन्त्र स्थापनाका लागि अघि सर्न भनेका छन् । अमेरिकाले राजाको

१४ महिने प्रत्यक्ष शासन हरेक क्षेत्रमा असफल भएको पुनः दोहोऱ्याएको छ । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता सिन म्याकोरम्याकले वक्तव्यमार्फत राजाको शासनमा मृत्यु, गिरफ्तारी, प्रदर्शन र माओवादी हमला बढेको उल्लेख गर्दै राजाको निरन्तरको असफलताले लोकतन्त्र स्थापनाका लागि बाधा उत्पन्न गरेको उल्लेख गर्नुभएको छ । 'संयुक्त राज्य राजालाई अविलम्ब लोकतन्त्र वहाली गर्न र नेपालका संवैधानिक शक्तिहरूसँग वार्ता सुरु गर्न आग्रह गर्दछ'- वक्तव्यमा भनिएको छ- 'राजाले यो समयमा बुझ्नुपर्छ, माओवादी विद्रोहको सामना गर्ने र नेपाललाई शान्ति र समृद्धिमा फर्काउने यो उपयुक्त तरिका हो ।' अमेरिकी सहायक विदेशमन्त्री रिचर्ड बौचरले पनि नेपालका राजालाई लोकतन्त्रमा फर्किन आग्रह गर्नुभएको छ । *बीबीसी*लाई दिनुभएको अन्तर्वार्तामा उहाँले 'एक वर्षअघि लोकतन्त्र उखेल्ने' राजाको कदमले मुलुकलाई खराब बाटोमा लगेको बताउनुभएको छ । मुलुकमा अविलम्ब लोकतन्त्र वहाली गर्न र राजनीतिक दललाई सरकार बनाउन दिनका लागि आग्रह गर्नुभएको छ ।

युरोपेली सङ्घका तर्फबाट नेपालस्थित मिसन प्रमुख फिनल्यान्डले सरकारी दमन र अत्याचारको खुलेर विरोध गरेको छ । फिनल्यान्ड राजदूतावासले वक्तव्य प्रकाशित गरी प्रजातान्त्रिक पार्टीका नेता, पेसागत र नागरिक संस्थाका अगुवाहरूलाई गिरफ्तार गर्ने सरकारी कदमप्रति खेद प्रकट गरेको थियो । 'यी कदमहरू अन्तर्राष्ट्रिय अभिसन्धिहरूमा व्यवस्थित नेपालले हस्ताक्षर गरेका भेला हुने र अभिव्यक्ति स्वतन्त्रताका विरुद्ध छन्'- युनियनले भनेको छ । युरोपेली संसद्का तर्फबाट सार्क क्षेत्रको संसदीय प्रमण्डलकी अध्यक्ष नीना गिलले विपक्षी दल, माओवादी र नागरिक समाजसँग चालू सङ्कट समाधानका लागि अविलम्ब वार्ता थाल्न नेपालका राजालाई आग्रह गर्नुभएको छ । युरोपेली युनियनले विगतमा रक्तपात रोक्न राजालाई भनेको स्मरण गराउँदै गिलले राजा त्यसमा असफल भएमा कारबाहीका लागि राष्ट्रसङ्घलाई आग्रह गर्ने चेतावनी दिनुभएको छ । 'यदि युरोपेली सङ्घले रक्तपात रोक्नका लागि राजालाई गरेको अनुरोध खेर गयो भने हामी राष्ट्रसङ्घलाई कारबाही गर्न बाध्य पार्नेछौं'- गिलको भनाइ छ- 'हामी आफ्नै जनतालाई दमन गर्न प्रयोग भएका शक्तिलाई कसरी न्यायोचित मान्न सक्छौं ?' यस क्षेत्रका लागि आफ्नो जिम्मेवारी भएको सम्झाउँदै गिलले जनसाधारणको कत्लेआम हुँदा आफू चुपचाप बस्न नसक्ने स्पष्ट पार्नुभएको छ । सरकारका कदमहरू प्रत्युत्पादक हुने ठहर गर्दै उहाँले ती कदमहरूले मुलुकलाई लोकतन्त्रबाट टाढाभन्दा टाढा लागिरहेको मूल्याङ्कन गर्नुभएको छ । राजाले अन्तर्राष्ट्रिय समुदायका आँखामा मुलुकमा लोकतन्त्र भएको देखाउन नक्कली प्रयास गरिरहेको बताउँदै गिलले त्यसबाट कोही पनि भ्रममा पर्न नहुने उल्लेख गर्नुभयो । उहाँले चार महिनाअघि मुलुकमा लोकतन्त्र वहालीका लागि राजालाई पत्र लेख्नुभएको थियो ।

भारतले पनि चालू आन्दोलनमा बल प्रयोग नगर्न र नागरिकका शान्तिपूर्वक भेला हुन पाउने अधिकारको सम्मान गर्न अघिल्लो साता अनुरोध गरेको थियो । भारतको सत्तारुढ गठबन्धनको दोस्रो ठूलो दल भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले नेपालमाथि दबाब दिन आफ्नो सरकारलाई अनुरोध गरेको छ । पार्टीको पोलिटब्युरोले विज्ञप्तिमार्फत नेपालमा राजाले गरेको दमन र हत्याको घोर विरोध गरेको छ । गिरफ्तार गरिनुभएका नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललगायत सबै राजबन्दीको रिहाइको माग गर्दै सो पार्टीले राजाको दमनले आन्दोलन नरोकिने विश्वास व्यक्त गरेको छ । 'उनको अधिनायकवादी शासन समाप्त गर्न सञ्चालित जनआन्दोलनलाई यो दमनले रोक्न नसक्ने' सो पार्टीले जनाएको छ ।

एमनेस्टी इन्टरनेसनलले सरकारले शान्तिपूर्ण आन्दोलनमा अत्यधिक बल प्रयोग गरेकोमा निन्दा गर्दै त्यस्तो कार्य तत्काल रोक्न माग गरेको छ । एसिया प्यासिफिक क्षेत्र निर्देशक पूर्ण सेनले सोमबार वक्तव्यमार्फत शान्तिपूर्ण भेला हुन पाउने अधिकारको सम्मान गर्न एमनेस्टीले पटकपटक अनुरोध गरेको उल्लेख गर्नुभएको छ । सरकारले गरेको अत्यधिक बल प्रयोगले आउँदा दिनमा हिंसाको सम्भावनालाई झन् बढाएकोमा चिन्ता प्रकट गरिएको छ । सरकारले अत्यधिक बल प्रयोगलाई न्यायोचित ठहऱ्याउन कसरत गरिरहेकोमा असन्तुष्टि जनाउँदै एमनेस्टीले त्यसको साटो सेना र प्रहरीलाई कानुनको पालना गराउन सुझाव दिएको छ । गृहमन्त्रीले संयम अपनाएको अभिव्यक्ति दिएको सम्झिदै एमनेस्टीले व्यवहारमा भने त्यस्तो नभएको उल्लेख गरेको छ । हजारभन्दा बढीलाई हिरासतमा राखिएको उल्लेख गर्दै एमनेस्टीले प्रहरी जबर्जस्ती घरमा प्रवेश गरेको, सर्वसाधारणलाई बिनाकारण पिटेको, सम्पत्ति नष्ट गरेको र गिरफ्तार गरिएको उल्लेख गरेको छ ।

**निष्कर्ष**

राजा ज्ञानेन्द्रको दमनकारी, निरङ्कुश, तानाशाही र अधिनायकवादी चरित्र विश्वका सामु पुनः एकपटक छर्लङ्ग भएको छ । प्रजातन्त्रको नाम जप्दै विश्वलाई बेबकुफ बनाउने प्रयास गर्दै आएका ज्ञानेन्द्र कति हठी र अमानवीय छन् भन्ने तथ्यको ज्वलन्त उदाहरण हो- लोकतान्त्रिक आन्दोलनमा भएका दमन र संहार । निशस्त्र रूपमा उत्रिएका निहत्था नागरिकमाथि गोली चलाएर आफ्नो सत्ता सुरक्षित राख्ने उनको चाहना बालुवाको घरसिवाय केही होइन । गोलीले नागरिक अधिकारमाथि कति दिन बन्देज लगाउन सकिएला ? बन्दुकका भरमा सत्ता कति दिन टिकाउन सकिएला ? निहत्था नागरिकको यो रगत त्यसै खेर जाला ? रक्तपात, षड्यन्त्र र तिकडमका भरमा अडेको शाही अधिनायकवादलाई मुलुकबाट सधैंका लागि समाप्त पार्ने दिन अब नजिकिएको छ । राजनीतिक दलले मात्र होइन, आमनागरिककै तहमा यो सन्देश प्रवाहित भइरहेको छ । परिवर्तनको सङ्घारमा उभिएका बेला सबैले कवि विष्णुविभू घिमिरेले भनेझैं गगनभेदी स्वर उराल्नुपरेको छ-

*रात/रोकिराख्नेहरू हो !*<br>*अवरोधको/कति*<br>*ठूलो चट्टान खडा गऱ्यौ*<br>*यातनाको*<br>*कति ठूलो जेल बनायौ*<br>*आखिर*

*सबै/सबै*
*बिहान नहोउन्जेलसम्म त हो ।*

■

# सात दलको प्रतिबद्धता

सात राजनीतिक दलका शीर्ष नेताहरूको बैठक आज अपरान्ह काठमाडौंमा सम्पन्न भयो । बैठकका निर्णयहरूलाई यो विज्ञप्तिमार्फत सार्वजनिक गरिएको छ :

१. निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापनाका लागि सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण जनआन्दोलन सशक्त र प्रभावकारी बन्दै गइरहेको छ । शान्तिपूर्ण र संयुक्त जनआन्दोलनबाट मात्रै चालू आन्दोलनको उद्देश्य पूरा हुन सक्छ भन्ने हाम्रो ठहर छ । यो आन्दोलनमा राजनीतिक पार्टीका नेता, कार्यकर्ता, जनसङ्गठन, सञ्चारकर्मी, पेसागत तथा सामुदायिक सङ्गठन, मानवअधिकारकर्मीलगायत आमजनताको सहभागिता बढ्दै गइरहेको छ । आन्दोलनका दौरानमा छ जना वीर तथा वीराङ्गानाहरूले शहादत वरण गर्नुभएको छ । हजारौंको सङ्ख्यामा घाइते र गिरफ्तार हुनुभएको छ । शहादत प्राप्त गर्ने अमर शहीदहरूप्रति हामी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र आन्दोलनका सम्पूर्ण सहभागीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । र, आन्दोलनमा अहिंसात्मक र शान्तिपूर्ण ढङ्गले अझ सशक्त रूपमा सहभागी हुन मजदुर, किसान, महिला, युवा, विद्यार्थी, बुद्धिजीवी, निजामती, सार्वजनिक तथा वित्तीय संस्थानका कर्मचारी, शिक्षक, प्राध्यापक, डाक्टर, इन्जिनियर, वकिल, पत्रकार, उद्योगपति, व्यापारी, मानवअधिकारकर्मी, लेखक, साहित्यकार, कलाकर्मी एवम् सबै जाति, भाषा, धर्म र क्षेत्रका नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक अपिल गर्दछौं ।

२. हामी निरङ्कुश राज्यसत्ताबाट भएको बर्बर दमन र हत्याको घोर भर्त्सना गर्दछौं र जनआन्दोलनका अमर शहीदहरूप्रति उच्च सम्मान व्यक्त गर्दछौं । लोकतन्त्रको स्थापनापछि बन्ने सरकारले शहीदहरूको स्मारक निर्माण गर्ने, शहीद परिवारलाई शिक्षा तथा रोजगारीको व्यवस्था गर्ने र आन्दोलनका क्रममा अङ्गभङ्ग भएकाहरूको पनि उचित व्यवस्था गर्ने प्रतिबद्धता पुनः व्यक्त गर्दछौं ।

३. हामी चालू जनआन्दोलनका क्रममा सरकारी दमनबाट घाइते हुनुभएका बिरामीहरूलाई निःशुल्क वा सहुलियतपूर्ण उपचार गरेर सहयोग पुऱ्याउन सम्पूर्ण अस्पताल, नर्सिङ्होम, स्वास्थ्य केन्द्रहरू तथा स्वास्थ्यकर्मीहरूसँग हार्दिक अपिल गर्दछौं । यस क्रममा स्वास्थ्यकेन्द्रहरूले बेहोर्नुपरेको आर्थिक भार भोलि बन्ने लोकतान्त्रिक सरकारले भुक्तानी गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छौं ।

४. प्रतिगामी शाही सत्ताले लोकतान्त्रिक आन्दोलनमा सामेल हुने कर्मचारीहरूलाई कारबाहीको धम्की दिइरहेको छ । हामी सम्पूर्ण कर्मचारीहरूलाई शाहीसत्ताका यस्ता अप्रजातान्त्रिक तथा जनविरोधी आदेशहरूलाई लत्याउँदै लोकतान्त्रिक आन्दोलनमा निर्धक्क भएर सरिक हुन आह्वान गर्दछौं । आन्दोलनमा संलग्न भएबापत निष्कासनलगायत कुनै पनि प्रकारको कारबाहीमा पर्ने कर्मचारीहरूलाई लोकतन्त्रको वहालीपछि बिनासर्त स-सम्मान पुनर्वहाली गर्ने र ट्रेड युनियन अधिकार स्थापित गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. हामी, लोकतान्त्रिक आन्दोलनमा सरिक हुने उद्योगपति व्यापारीहरूको आन्दोलनको अवधिभरिको बैंक व्याज लोकतान्त्रिक सरकारले मिनाह गर्ने र सोको दायित्व सरकारले बेहोर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

६. हामी, आन्दोलनकारी सात राजनीतिक दलहरू सेना र प्रहरीको समेत हित, कल्याण र समृद्धिको पक्षमा छौं । उनीहरू जनताका सेवक हुन् भन्ने हाम्रो मान्यता छ । तर, अहिलेको प्रतिगामी शाहीसत्ताले आफ्नो निहित स्वार्थका निम्ति सुरक्षाकर्मीहरूलाई जनताको शान्तिपूर्ण आन्दोलनका विरुद्ध दमनमा उतारेर जनविरोधी सत्तालाई टिकाउने कोसिस गरिरहेको छ । तसर्थ हामी सम्पूर्ण सुरक्षाकर्मीहरूलाई शान्तिपूर्ण जनआन्दोलनका विरुद्ध दमन नगर्न आग्रह गर्दछौं । जनआन्दोलनका विरुद्ध क्रूर दमनमा उत्रिने सबैको अभिलेख तयार गर्न र उनीहरूको नामावली सार्वजनिक गर्न सात राजनीतिक दलका स्थानीय कमिटीहरूलाई निर्देशन गर्दछौं । शान्तिपूर्ण जनआन्दोलनका सहभागीहरूमाथि दमन गर्नेहरूलाई लोकतन्त्र स्थापनापछि गठन हुने सरकारले कडा कारबाही गर्नेछ भन्ने पनि स्पष्ट पार्ने चाहन्छौं ।

७. शान्तिपूर्ण जनआन्दोलन उत्कर्षमा पुगिरहेको वर्तमान अवस्थामा आन्दोलनलाई हिंसासँग जोड्ने उद्देश्यले निरङ्कुश शाही सरकार स्वयम्बाट सादा पोसाकमा सशस्त्र सुरक्षाकर्मी र राज्यसंरक्षित गुण्डाहरू घुसपैठ गराई आन्दोलनलाई हिंसक र रक्तपातपूर्ण बनाउने षड्यन्त्र अस्ति मात्र नेपालगन्जमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारकर्मीहरूबाट दसीसहित समातिएको घटनाबाट अझ सप्रमाण प्रस्टिएको छ । यस्ता घटनाहरू देशका धेरै भागहरूमा घटाइएको हामीलाई सूचना प्राप्त भएको छ । अतः ऐतिहासिक सफलतातिर उन्मुख जनआन्दोलनका क्रममा वर्तमान आमहडतालको कार्यक्रमबाट आमजनसमुदायमा पर्नजाने असुविधाका लागि क्षमा याचनासमेत गर्दै निरन्तर सहयोग गर्न अनुरोध गर्दछौं ।

८. निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्णप्रजातन्त्रको स्थापना नभएसम्म देशमा स्थायी शान्ति कायम हुन सक्तैन । वर्तमान द्वन्द्वको अन्त्य गरी देशमा स्थायी शान्ति र लोकतन्त्र कायम गर्नका लागि हामीले नेकपा (माओवादी) सँग १२ बुँदे समझदारी ( मङ्सिर ७ र चैत ६ गते) गरेका छौं । जसअनुरूप शान्तिपूर्ण जनआन्दोलनबाटै वर्तमान द्वन्द्वलाई समाधान गर्ने कुरामा हामी

पूर्ण इमानदार र प्रतिबद्ध छौँ । सात राजनीतिक दलद्वारा घोषित लक्ष्य, कार्यक्रम र आचारसंहितामा आधारित भई सञ्चालित शान्तिपूर्ण संयुक्त जनआन्दोलनले नै यो उद्देश्य प्राप्त गर्न सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौँ ।

९. हाम्रो शान्तिपूर्ण जनआन्दोलनप्रति ऐक्यबद्धता जनाउने सम्पूर्ण मित्रराष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदायप्रति हामी धन्यवाद ज्ञापन गर्दछौँ र आगामी दिनमा पनि यसरी नै सहयोग, समर्थन र ऐक्यबद्धताका लागि हार्दिक अपेक्षा गर्दछौँ ।

१०. विक्रम सम्वत् २०६२ सदाका लागि बिदा हुँदैछ र नयाँ वर्ष २०६३ आरम्भ हुँदैछ । हामी नयाँ वर्ष २०६३ आरम्भ सँगै निरङ्कुश राजतन्त्रको अन्त्य, पूर्ण लोकतन्त्र एवम् दिगो शान्तिको स्थापना हुन सकोस् र यो वर्ष सबै नेपालीका लागि सुख, शान्ति र समृद्धिको वर्ष बनोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

**गिरिजाप्रसाद कोइराला-** सभापति, नेपाली काङ्ग्रेस
**अमृतकुमार बोहरा-** कार्यवाहक महासचिव, नेकपा (एमाले)
**शेरबहादुर देउवा-** सभापति, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)
**अमिक शेरचन -** अध्यक्ष, जनमोर्चा नेपाल
**नारायणमान विजुक्छे-** अध्यक्ष, नेपाल मजदुर किसान पार्टी
**भरतविमल यादव-** उपाध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)
**प्रभुनारायण चौधरी -** अध्यक्ष, संयुक्त वाममोर्चा

# kf“r hgfsf] zxfbt

*हुँदैन बिहान मिर्मिरे तारा झरेर नगए*
*बन्दैन मुलुक दुई-चार सपुत मरेर नगए !*

**कवि भूपी शेरचनका कालजयी यी पङ्क्तिहरूले शहीदको महत्त्व मात्र दर्साएका छैनन्, इतिहासको निर्माणमा उनीहरूले गर्ने अमूल्य योगदानको महिमा पनि उजागर गरेका छन् । मुलुकका परिवर्तनका लागि विरलै गर्न पाइने उत्सर्गको परम्परा कायम गर्दै आएका वीर शहीदहरूको पङ्क्तिमा यसपटक नेपाली धरतीका पाँच वीर-वीराङ्गनाहरूले आफ्नो नाम स्वर्णिम अक्षरमा लेखाएका छन् । निरङ्कुशताविरुद्ध सञ्चालित सात दलको शान्तिपूर्ण आन्दोलनका क्रममा शाही सरकारको बर्बर, आततायी र नृशंश दमनले पाँच निहत्था नागरिकको ज्यान लिएको छ ।**

**सप्तरी, कास्की, काभ्रे, चितवन र नवलपरासीमा भएका शान्तिपूर्ण प्रदर्शनमाथि आक्रमण गरी राजा ज्ञानेन्द्रको सरकारले पाँच जना होनहार नागरिकको ज्यान लिएको घटनाका विरुद्ध मुलुकभरि आन्दोलन तीव्र भएको छ । देशभरि वीर शहीदहरूप्रति हार्दिक श्रद्धा र उच्च सम्मान प्रकट गरिएको छ । त्यति मात्र होइन, सात दलले शहीदका परिवारको रोजगारी र शिक्षादीक्षाको जिम्मा लिएर आफ्नो संवेदनशीलता र उत्तरदायित्व बहन गरेका छन् ।**

**शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनमा शहादत प्राप्त गर्ने पाँचमध्ये चार जना नेकपा (एमाले) का कार्यकर्ता र एक समर्थक हुन् । चैत २४ गतेबाट निरङ्कुशताका विरुद्ध आयोजित राष्ट्रव्यापी आमहडतालका क्रममा सेना र प्रहरीको गोलीबाट जसरी निहत्था नागरिकले ज्यान गुमाउनुपरेको छ, त्यसले निरङ्कुश राजतन्त्रविरुद्ध नेपाली जनतामा थप घृणा, तिरस्कार र वितृष्णा पैदा गरेको छ । नागरिकको रगतमाथि होली खेलेर आफ्नो अवैध सत्ता टिकाउने राजा ज्ञानेन्द्रको सपना चकनाचुर पार्न आमनागरिक थप जागरुक, सङ्गठित र आन्दोलित भएका छन् ।**

**दशनलाल यादव नेकपा (एमाले) का सदस्य मात्र थिएनन्, ९ नम्बर इलाका कमिटी सदस्य तथा मलेकपुर गाविसका पूर्वउपाध्यक्ष पनि थिए । सप्तरीको राजविराजमा चैत २३ गते भएको मसाल जुलुसमा भाग लिनुलाई नै शाहीसत्ताले उनको 'अपराध' देख्यो । ५० वर्षीय यादवमाथि प्रहरीले जथाभावी लाठी र बुट प्रहार गरे । घाइते अवस्थामा सडकमै ढलेपछि उनलाई स्थानीय जनताले अस्पताल पुऱ्याएका थिए । तर, सख्त घाइते भएका यादवलाई चिकित्सकहरूले राती नौ बजे मृत घोषणा गरे ।**

**'परमसेनाधिपति' पोखरामै रहेका बेला सेनाले शान्तिपूर्ण आन्दोलनमाथि अन्धाधुन्ध गोली चलाएर एमाले कार्यकर्ता भीमसेन दाहालको कायरतापूर्वक हत्या गऱ्यो । एक दशकदेखि पोखरामा साइबर व्यवसाय सञ्चालन गर्दै आएका दाहालमाथि दूरसञ्चार कार्यालयको छतबाट सेनाले गोली हानेको थियो । काभ्रेको उग्रचण्डीनाला गाविसका स्थायी बासिन्दा ३४ वर्षीय दाहालको हत्याबाट आत्तिएको शाही सरकारले पोखरामै रहेकी उनकी श्रीमती र नाबालक दुई छोरालाई थाहै नदिई शवलाई काभ्रे पुऱ्यायो । पोखरामा आन्दोलनकारीले उनीप्रति सम्मान व्यक्त गर्दै बजार परिक्रमापश्चात् हजारौँ नागरिकको सहभागितामा अन्त्येष्टि गर्ने भएपछि होस गुमाएको शाही सरकारले गरेको यो हर्कतको पोखरामा व्यापक विरोध मात्र भएन, आन्दोलन थप तीव्रसमेत भयो । जसका कारण शाहीसत्ताले लगातार चार दिनसम्म पोखरामा दिउँसै कर्फ्यु लगाएर आफ्नो असली चरित्र देखायो ।**

**पोखरामा हत्या गरिएका दाहालको शव बुझ्न जाने क्रममा काभ्रेको बनेपामा शाही सरकारले चैत २७ गते पुनः आफ्नो दानवीय चरित्र देखायो । हजारौँको जुलुसमाथि अन्धाधुन्ध गोली चलाउँदा शिवहरि कुँवरको मृत्यु भयो भने अन्य तीन जना सख्त घाइते भए । वाल्टिङ-७ का बासिन्दा २२ वर्षीय कुँवरको हत्या गरेपश्चात् शाही सरकारले काभ्रेमा कर्फ्यु लगाए पनि त्यसलाई तोड्दै हजारौँ जनता स्वतस्फूर्त रूपमा सडकमा उत्रेका थिए ।**

**चैत २६ गते चितवनमा भएको विशाल प्रदर्शनमाथि गोली चलाउँदा ३२ वर्षीया तुलसी क्षत्रीको मृत्यु भयो । घरको छतबाटै आन्दोलनप्रति ऐक्यबद्धता जनाइरहेकी क्षत्रीसहित तीनजनामाथि सेनाले ताकेर गोली हानेको थियो । भरतपुर नगरपालिका-११ पारिजात टोलस्थित आफ्नै घरमा गोली लागी घाइते भएकी क्षत्रीको भोलिपल्ट मृत्यु भएको थियो ।**

**रक्तपिपासु शाही सरकारले जनतामाथि गोली चलाउने आफ्नो अपराधी कार्य चैत ३० गते नवलपरासीमा पनि दोहोऱ्यायो । शान्तिपूर्ण रूपमा परासीबजार परिक्रमा गर्न लागेको जुलुस रोक्न बजारको मध्यभागमा सेना र प्रहरी उतारेर शाही सरकारले जनहत्याको अपराध जारी राख्यो । निषेधित क्षेत्र वा कर्फ्युबिनाको सो क्षेत्रमा शान्तिपूर्ण रूपमा प्रदर्शनमा उत्रेका जनतामाथि चलाएको गोलीबाट नेकपा (एमाले) का कार्यकर्ता विष्णुप्रसाद पाण्डेको मृत्यु भएको छ । स्वाठी-५ भूमही रामनगरका स्थानीय बासिन्दा पाण्डेले औषधि पसलसमेत चलाउँदै आएका थिए । ३२ वर्षीय पाण्डेको दायाँ कोखा र टाउकोमा गोली हानिएको थियो ।**

**यी शहीदहरूले कुनै व्यक्तिगत स्वार्थका लागि मृत्युवरण गरेका होइनन् । मुलुकबाट निरङ्कुश राजतन्त्र समाप्त पार्ने र लोकतन्त्र स्थापना गर्ने महान् अभियानमा शहादत प्राप्त गर्ने यी महान् योद्धाहरूको रगत अवश्य पनि त्यसै खेर जाने छैन । शहीदको रगतको मूल्य चुकाउन सात दलले व्यक्त गरेको प्रतिबद्धताले अवश्य पनि साकार रूप लिनेछ । मुलुकका लागि ज्यान गुमाउने शहीदहरूको शहादतले उनीहरूका परिवार मात्र शोकाकुल भएका छैनन्, सिङ्गो मुलुक नै शोकाकुल र स्तब्ध भएको छ । वीर शहीदहरू ! तपाईंहरूको रगत खेर जाने छैन ।**

■

## जापानी कम्युनिस्ट पार्टीको चौबीसौँ महाधिवेशन

# केही रोचक अनुभूतिहरू

**’ झलनाथ खनाल**

**जापानी कम्युनिस्ट पार्टीको झन्डा**

कम्युनिस्टहरूले सुरुदेखि नै आफ्नो पार्टीको झन्डा आफूले प्रतिनिधित्व गर्ने वर्गको चरित्र र कामसँग जोडेर राख्ने गरेका छन् । कम्युनिस्ट पार्टी भन्ने श्रमजीवी वर्गको पार्टी हो । श्रमजीवी वर्गले गर्ने काम र उनीहरूले प्रयोग गर्ने औजारहरूलाई त्यो वर्गका प्रतीकका रूपमा लिएर हँसिया र हथौडालाई रक्तिम झन्डामा अङ्कित गर्ने चलन कम्युनिस्ट आन्दोलनको खास कालबाट बढी घनिभूत बनेर आयो । यद्यपि, मार्क्स र ऐङ्गेल्सका पालामा बनेका समाजवादी पार्टीहरूमा थुप्रै भिन्नताहरू थिए । तर, विस्तारै मजदुर र किसानको हितलाई प्रतिकात्मक रूपले देखाउन हथौडा र हँसियालाई झन्डामा अङ्कित गरियो । तर, यो प्रतीककै विषयमा पनि कतिपय पार्टीहरूले आफ्ना अलग्गै धारणाहरू पनि राखेर आए । वर्माको कम्युनिस्ट पार्टीले आफ्ना अलग्गै धारणाहरू पनि राखेर आयो । वर्माको कम्युनिस्ट पार्टी पुरानो पार्टी हो तर त्यसले टाटस्कीपन्थीहरूसँग सङ्घर्ष गर्ने प्रक्रियामा पार्टीको झन्डा नै अलग बनायो । कोरियाका किम इल सुङले पनि झन्डामा हँसिया, हथौडा र कलम जोडे । उनले कलम जोडेर यो क्रान्तिकारी बुद्धिजीवीहरूको पार्टी पनि हो भनेर देखाउन खोजे । यी भिन्नताहरूका अतिरिक्त आज विश्वको मजदुर वर्ग, त्यसका संरचना, त्यसले प्रयोग गर्ने उत्पादनका साधनहरू, त्यसले गर्ने उत्पादनको प्रक्रिया, त्यसले पाउने ज्याला र खास गरी आधुनिक ज्ञान-संयन्त्रमाथि आधारित समुन्नत सूचना उद्योगहरूमा काम गर्ने मजदुरहरूको कुरा गर्ने हो भने उनीहरूको जीवनमा हँसिया, हथौडाजस्ता उत्पादनका औजारहरू कहाँकहाँ पछि छुटिसकेका छन् । उत्पादनका औजारहरू भनेका विज्ञापन र प्रविधिको विकासको स्तरसँग सम्बन्धित विषयहरू हुन् । ती औजारहरूलाई अहिले कम्प्युटर र रोबोटले लिन थालिसकेका छन् । यी परिवर्तनहरूलाई ध्यानमा राख्दै सर्वाधुनिक र श्रमजीवीको परिभाषा कसरी गर्ने भन्ने प्रश्नहरू पनि हाम्रासामु आउन थालेका छन् ।

तर, विश्वमा ज्ञान आधारित अर्थतन्त्रको विकास हुनुभन्दा धेरैअघि १९२२ मा लेनिनको जल्दोबल्दो प्रभाव भएका बेला गठन भएको जापानको कम्युनिस्ट पार्टीले लामो कालदेखि आफ्नो झन्डामा पनि आफ्नै विशिष्ठता राखेको रहेछ । उनीहरूको झन्डामा चार पत्र झन्डा देखिन्छन् । अथवा चारवटा भाग देखिन्छन् । ती चारवटै भागलाई जोड्दै तिनीहरूको बीचमा धानको बाला छ र त्यसलाई वरिपरिबाट यन्त्र चलाउने चक्रले घेरेको छ । चारवटा भागको अर्थ धेरै जापानी कम्युनिस्ट नेतालाई पनि कण्ठ रहेनछ । मलाई जतिबेला यो कुरा खड्कियो, त्यसपछि कमरेड अध्यक्षसँग भेट भएन । तर, लगाएको अर्थलाई मान्ने हो भने ती चार भागको अर्थ स्वतन्त्रता, मुक्ति, शान्ति र समाजवाद हो भन्ने कुरा गरे । त्यसबेला निकालिएको यो सार्थक कुरा हुन सक्छ । तर, झन्डामा अङ्कित प्रतीक भने धानका बाला र चक्र रहेछन् । ती पनि श्रमजीवी जनताकै प्रतीक हुन् । तर, बेग्लै प्रतीक राखेर पनि जापानी कम्युनिस्ट पार्टी आफ्नै कार्यशैलीमा काम गर्दै अगाडि बढिरहेको रहेछ । यो जापानी कम्युनिस्ट पार्टीको अर्को विशिष्ठता रहेछ ।

**प्रतिनिधिहरू बसाइको व्यवस्थापन र उनीहरूको भूमिका**

हामीहरू सुरुमा जुन मञ्चमा बसेका थियौँ, त्यसका अगाडि ठूलो हल थियो । त्यहाँ तीनवटा पङ्क्तिमा मिलाएर राखिएका बेन्चहरू थिए । ती बेन्चहरूमा प्रतिनिधिहरू बसेका थिए । प्रत्येक एउटा बेन्चमा १०/११ जना व्यक्तिहरू बस्न सकिन्थ्यो । तीनवटा पङ्क्तिमा गरेर अघिल्लो एक लाइनमा नै करिब ३०/३२ जना बस्न सकिन्थ्यो । तीनवटा पङ्क्तिमा गरेर अघिल्ला बेन्चहरू प्रत्येक पङ्क्तिमा ३२ जनाजति थिए । ती सबै बेन्चहरू टनाटन भरिएका थिए । स्वाभाविक रूपले त्यो हलमा करिब एक हजार प्रतिनिधिहरू रहेको छर्लङ्गै थियो । वास्तवमा त्यहाँ प्रतिनिधि मात्र पनि नौ सय ६८ जना रहेछन् । उनीहरूको बसाइ सघन थियो तर भीडभाड थिएन । सबै पढेलेखेका, राम्रो जीवनस्तरमा भएका, स्वस्थ र निरोगी देखिन्थे । त्यहाँको विकासको स्तर र लोक कल्याणसम्बन्धी व्यवस्थाहरूका कारणले नै उनीहरू स्वस्थ देखिन्थे ।

मैले महाअधिवेशनको सुरुदेखि अन्त्यसम्म ध्यानपूर्वक विचार गरेँ । ती प्रतिनिधि सबै चनाखा र टाठा भएर बसेका थिए । उनीहरू माथिबाट प्रस्तुत गर्ने कुनै पनि वक्ताले जे भन्छ, त्यसबारेमा बडो जागरुकता, चाख र उत्सुकताका साथ भाग लिन्थे । वक्ताका कुराहरूमा सिङ्गो हल ताली बजाएर, हाँसेर वा अन्य कुनै न कुनै तरिका प्रयोग गरेर संलग्न हुन्थे । वक्ता र पङ्क्तिबीच त्यस्तो घनिष्ठता विरलै मात्र पाइन्छ । वक्ताहरूले हँस्यौलीको प्रयोग पनि प्रशस्तै गरेको देखिन्थ्यो । पटकपटक वक्ताका भनाइहरूमा हलमा गुन्जयमान हुनेगरी प्रतिनिधिहरूको हाँसो छरिन्थ्यो । एउटा प्रिफेक्चरका प्रतिनिधि वैशाखी टेकेर आएका थिए । उनले जुन कष्ट भोग्दै काम गरेको बताए, त्यो सुनेर सिङ्गो हल द्रवित बन्न पुगेको थियो । हाम्रासमेत आँखा रसाए । कार्यकारी अध्यक्ष सीले प्रस्तुत गरेको प्रतिवेदनमाथि सबैलाई बोल्ने औसर दिइएको थियो । तर, केहीले मात्र बोले । प्रत्येक वक्तालाई आठ मिनेटको समय दिइएको थियो । वक्ताहरूमा युवाहरू, ट्रेड युनियन, महिला, विद्यार्थी, शिक्षकहरू आदि विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गर्नेहरू पनि थिए । उनीहरूले भूगोल र सामाजिक क्षेत्र दुवैलाई प्रतिनिधित्व गरेका थिए । हामीकहाँ जस्तो समूह बनाएर छलफल गर्ने चलन नै रहेनछ ।

बीचबीचमा खाना खान वा चिया खान समय उपलब्ध गराइन्थ्यो । तर, तोकिएको समयभन्दा अगावै बिलकुल अनुशासनका साथ सबै प्रतिनिधिहरू आ-आफ्ना सिटमा आइपुगिसकेका हुन्थे । कोही आइरहने र कोही गइरहनेजस्तो अनियमितता उठाइ-बसाइमा पनि थिएन । बिहान सुरु हुँदा पनि ठीक तोकिएको समयमा सुरु हुन्थ्यो, तोकिएको समयमा स्थगित हुन्थ्यो र तोकिएको समयमा पुनः सुरु हुन्थ्यो । यो समयानुशासन अर्को विशिष्ठ महत्त्वको कुरा थियो । हामीकहाँ त्यो अवस्था आइसकेको छैन । समयचेत पनि सामाजिक विकासको स्तर र गतिसँग जोडिने कुरा रहेछ । त्यसका साथै उक्त महाधिवेशनमा उपस्थितहरूका निम्ति खाने, पिउने, बस्ने, सुत्ने सबै प्रबन्धहरू बडो चुस्त ढङ्गले मिलाइएको थियो । ती सबै पक्षमा मैले समय व्यवस्थापनलाई उदाहरणीय रूपमा पालन गरेको पाएँ ।

**पार्टीको मुखपत्र सञ्चालन**

जापानी कमरेडहरूले *'अकाहाता'* ९ब्पबजबतब० नामक मुखपत्र प्रकाशित गर्नुहुँदोरहेछ । त्यसलाई पार्टीको कार्यकारी समितिकै निर्देशनमा सञ्चालन गरिँदो रहेछ । त्यस मुखपत्रले पार्टी कार्यकर्तालाई सैद्धान्तिक, वैचारिक र राजनीतिक विश्लेषणहरू र नीतिनिर्देशनहरूसमेत गर्दो रहेछ । त्यसको वैचारिक र राजनीतिक स्तरलाई कायम राख्ने, बदलिँदो परिस्थितिअनुरूपको विश्लेषण र नवचेतनाको श्रोतका रूपमा स्थापित गर्ने नेतृत्वको उद्देश्य रहेछ । उनीहरू पत्रिकाको गुण र मात्रा दुवै कुरालाई ध्यान दिँदा रहेछन् । महाधिवेशनमा बोल्ने प्रायः सबै प्रतिनिधिहरूले उक्त पत्रिकाको गुणस्तर अझै चुस्त बनाउने कुरा राखे र मात्रा बढाउने आ-आफ्ना योजनाहरू पनि अघि सारे ।

कार्यकारी अध्यक्ष सीले आफ्नो प्रतिवेदनमा पार्टीको विकास र विस्तारको एउटा आधार भनेको *'आकाहाता'* को ग्राहक सङ्ख्यामा भएको विस्तार पनि हो भन्ने कुरा राख्नुभएको थियो । त्यति मात्र होइन, वहाँले हाम्रो मुखपत्रको वितरण प्रक्रियाले हाम्रो पार्टीको जनआधारलाई नाप्ने आधार दिन्छ पनि भन्नुभयो । अहिले त्यसका देशभित्र चार सय संवाददाता रहेछन्, देशका पाँच ठाउँमा पुनर्प्रकाशन गरिँदो रहेछ र आइतबारे अङ्क पनि त्यो पत्रिकाले प्रकाशन गर्दो रहेछ । यतिबेला त्यसको वितरण सङ्ख्या १७ लाख ९ज्ञाठ :र्षिप्यिल० पुगेको रहेछ । त्यो जापानभरि त वितरित हुन्छ नै, त्यसका प्रतिनिधिहरू बेइजिङ, हनोई, नयाँदिल्ली, लन्डन, पेरिस, वासिङ्टन डीसी, बर्लिन, कायरो, मेक्सिको जस्ता १० वटा सहरमा समेत रहेछन् । त्यसले जापानी कम्युनिस्ट पार्टीका नीति, दृष्टिकोणहरू र क्रियाकलापबारे संसारभरि पनि सूचना प्रसारण गर्छ । ००७ को आमनिर्वाचनभन्दा अघि नै त्यसका पाठक सङ्ख्या २० लाख नघाउने महाधिवेशनले योजन अघि सारेको छ । विभिन्न प्रिफेक्चरहरूले जुन स्थानीय योजनाहरू महाधिवेशनमा प्रस्तुत गरे, त्यसलाई विचार गर्दा उनीहरूले आफ्नो लक्ष्य सजिलै प्राप्त गर्न सक्ने देखिन्छ । यो पाठक सङ्ख्या बृद्धि गराउने कुरामा उहाँहरूका तीनवटा उद्देश्य रहेछन् । पहिलो- पार्टीको कार्यक्रम, कार्यदिशा, इतिहास र भावी लक्ष्यका बारेमा जनतालाई जागरुक पार्ने, दोस्रो- वैज्ञानिक समाजवादबारे सैद्धान्तिक आधारलाई प्रस्ट पार्ने, तेस्रो- पार्टीका तत्कालीन नीति, कार्यनीति र रणनीतिहरू जानकारी गराउने र त्यसअनुरूप पार्टी पङ्क्तिलाई परिचालन गर्ने, चौथो- जापानी राजनीतिमा जाकपाको वैचारिक र सङ्गठनात्मक स्थितिलाई सुदृढ पार्दै लाने । यस्ता उद्देश्यहरू अघि सारेर *'आकाहाता'* प्रकाशित गरिँदो रहेछ । त्यसलाई अध्यक्ष फुवा विशेष ध्यान दिनुहुँदो रहेछ । *'अकाहाता'* भनेको **लालझन्डा** हो । वर्तमान स्थितिलाई हेर्दा जापानमा पनि अकाहाता फहराउँदै गइरहेको र जाने राम्रो सम्भावना देखिन्छ ।

**पार्टीको केन्द्रीय कार्यालय**

यसरी आफ्नो प्रचार कार्यलाई अहम् महत्त्व दिने पार्टीको केन्द्रीय कार्यालय वा केन्द्रीय सदरमुकाम कस्तो होला भन्ने जिज्ञासा यसै पनि थियो । महाधिवेशन जुन हिसाबले आयोजना भइरहेको थियो, प्रतिनिधिहरू चेतनाको जुन उचाइबाट प्रस्तुत भइरहेका थिए, ती कुराले जाकपाको केन्द्रीय कार्यालय पनि राम्रो हुनपर्छ भन्ने लागिरहेको थियो । नभन्दै हामीलाई १२ फरवरीका दिन टोकियोका विभिन्न स्थानमा घुमाउन लाने कुरा भयो । त्यसभित्र पार्टी कार्यालय जाने पनि योजना पारिएको रहेछ । हामी सबै त्यो सुनेर खुसी भयौँ । दिउँसो विभिन्न स्थानमा रोचक दृश्यावलोकन गर्दै हामी जापानी कम्युनिस्ट पार्टीको

कार्यालयअगाडि रोकिन्छौँ । बसबाट उत्रिएर हेर्दा हाम्रासामु टोकियोजस्तो विशाल सहरमा अन्य गगनचुम्बी महलहरूलाई उछिन्ने खालको एउटा विशाल भवन देखा पर्छ । भाकपा (मा) का नेता के रङ्गाराजनले मेरा कानमा खुसुक्क भनिहाल्नु भयो, 'यिनीहरू भाडामा बसेका छन् या भवन उनीहरूकै रहेछ हँ !' क्युबाली कमरेड हिल्डाले पनि ओर्लिंदा ओर्लिंदै भन्नुभयो, 'यो विशाल भवन पार्टी कार्यालय हो, बहुत राम्रो ।' वास्तवमा हामी सबैलाई जिज्ञासा थियो । हामीलाई स्वागत गरियो, भित्र लगियो र स्वागतकक्षमा लगेर राखियो । त्यसपछि हामीलाई मार्गदर्शन गर्ने व्यक्ति आए । उनले हामीलाई स्वागत गरे र पार्टी कार्यालय भवनका बारेमा बताउन थाले ।

उनको भनाइअनुसार दोस्रो विश्वयुद्धताका पार्टीको केन्द्रीय कार्यालय त्यहाँ बनाइयो । त्यसबेला युद्धका विरुद्ध जापानी कम्युनिस्ट पार्टी मात्र रहेछ । युद्धखोर सरकारले सिङ्गो पार्टीमाथि नै हिंस्रक हमला गरेको रहेछ । युद्धपछि सन् १९६० मा आएर त्यस ठाउँमा अफिसका केही संरचनाहरू बनाइएछ । १९९५ को ठूलो भुइँचालोले सम्पूर्ण रूपमा ती संरचनाहरू ध्वस्त पारेछ । त्यसबेला जापानमा ठूलो विध्वंस भएको थियो । त्यसपछि पार्टीले सन् १९९९ मा आएर मात्र भव्य र आधुनिक ढङ्गको कार्यालय भवन बनाउने निर्णय गरेको रहेछ । भवन निर्माण कमिटी बनाइएछ । त्यसले सम्पूर्ण पार्टी सदस्यहरू र समर्थकहरूबाट चन्दा संकलन सुरु गरेछ । सबैको ज्ञान, बुद्धि लगाएर आधुनिक भवन बनाउने योजना तयार भएछ । सन् २००० को जुनमा बनाउन सुरु गरेर सन् २००५ मा सिध्याइएछ । उनको वर्णन सकिँदा-नसकिँदै हामीहरूले भवन घुम्ने कुरा गर्‍यौँ । वर्णन सुन्दै घुम्दै गरियो ।

वास्तवमा त्यस भवनमा ११ तला रहेछन् । एउटै तलमा १० भन्दा बढी कोठाहरू छन् । त्यसको छानामा सुन्दर बगैँचा छ । पानी निरन्तर बग्ने ढङ्गले सञ्चालन गरिएको छ । छानामा सोलार प्यानेलहरू पनि बाक्लै राखिएका छन्, त्यसबाट २५ प्रतिशत बिजुलीको खाँचो पूर्ति हुने रहेछ । त्यस भवनमा खम्बाहरू जमिनमुनि करिब २१ मिटर गाडिएका रहेछन् । पूर्ण रूपले भुइँचालो प्रतिरोधक हुने ढङ्गले बनाएको रहेछ । जतिसुकै ठूलो भुइँचालो आए पनि नभत्किने उहाँहरूको दाबी छ । किनभने, जापानी सरकारले भुइँचालो प्रतिरोध गर्ने क्षमताका निम्ति सबै गगनचुम्बी महलहरूका निम्ति मापदण्ड अघि सारेको रहेछ । त्यो मापदण्डभन्दा झन्डै दोब्बर क्षमताको प्रतिरोधक शक्ति त्यो भवनमा छ भन्ने हाम्रा गाइडको दाबी थियो । त्यो भवनभित्र बाहिरको हल्ला छिर्न नसक्ने ढङ्गले बनाएको रहेछ । उनले हामीलाई प्रत्येक तलाहरू घुमाउँदै छानासम्म लगे । माथिबाट तल बेससम्म ल्याए । त्यो भइँतलाबाट भित्रभित्रै टोकियोको सबवे रेलको स्टेसनमा झरिँदो रहेछ । उहाँहरूले त्यो भवन बनाउनका निम्ति जापानी कम्युनिस्ट पार्टीका सांसद र स्थानीय जनप्रतिनिधिहरूबाट चार अर्ब येन उठाउनुभएको रहेछ र पार्टीका सदस्यहरू, समर्थक तथा शुभेच्छुकबाट ४.५ अर्ब उठाइएको रहेछ । जम्मा ८.५ अर्ब येनमा त्यो भवन बनेको रहेछ । गाइडको भनाइअनुसार स्थानीय क्षेत्रहरूमा पनि पार्टी कमिटीहरूले आफ्ना कार्यालयहरू बनाउने क्रम जारी रहेको छ । यसरी उक्त भवन कुनै पनि ठूला निगमहरू, पुँजीपतिहरू र व्यापारीहरूबाट चन्दा लिएर नभई जनताको पङ्क्तिबाट उठाएकै पैसाले बनेको कुरा ती गाइडले बताए । जापानी कम्युनिस्टहरू उक्त भवनलाई जापानी जनता र कम्युनिस्टहरूको सिर्जनात्मक क्षमता र एकताको प्रतीकका रूपमा लिँदा रहेछन् । उनीहरूको ठम्याई औचित्यपूर्ण लाग्यो । मेरा मनमा प्रश्न उठिरहे पनि त्यो भवनको संभार, मर्मत र सञ्चालनको आर्थिक आधारबारे सबै कुरा बुझ्न समयले दिएन । तर पनि, त्यो भवन जापानी कमरेडहरूको महत्त्वपूर्ण उपलब्धि हो । त्यसको एउटा तलामा आठ सयभन्दा बढी अट्ने सम्मेलनकक्ष समेत छ, जुन कक्ष गतिशील छ । आवश्यक पर्दा त्यसभित्र मञ्च उठाउन पनि सकिन्छ, आवश्यकता पर्दा सबै संरचनालाई एउटै सतहमा पुर्‍याएर एउटै ठूलो हल पनि बनाउन सकिन्छ । त्यो संयन्त्र भवन निर्माणको सीपभित्र सम्मिलन गरिएको रहेछ । समग्रतामा त्यो भवन जापान कम्युनिस्ट पार्टीलाई सुहाउने आकर्षक र वैज्ञानिक ढङ्गले बनाइएको रहेछ ।

**अध्यक्ष फुवाको अन्तिम भाषण**

हामी १२ जनवरीमा घुमेर आयौँ । यता महाधिवेशनमा छलफल सकिएछ । १३ जनवरीमा बिहान हामी फेरि महाधिवेशन हलमा पुग्यौँ । पार्टी अध्यक्षले भाषण दिने भन्ने कुरा आयो । बीचमा केको भाषण रहेछ भन्ने जिज्ञासा उठिरहेको थियो । त्यहीबमोजिम उहाँलाई अध्यक्ष मण्डलले समय दियो । ८१ वर्षे वयोवृद्ध अध्यक्ष कमरेड फुवाले आफ्नो भाषणमा अलिकति वर्तमान विश्वको र त्यसमा आइरहेको परिवर्तनबारे कुरा गर्नुभयो । जापानभित्रै आएको परिवर्तबारे कुरा गर्नुभयो । जापानी कम्युनिस्ट पार्टीको स्थापना, विकास र वर्तमान अवस्थाबारे व्याख्या गर्नु भयो र भन्नुभयो, 'हामी यो २४औं महाधिवेशनमा आइपुग्दा यहाँ मजस्ता वयोवृद्धहरू, अधवैँसेहरू र थुप्रै नवजवानहरू भेला भएका छौँ । हामी वयोवृद्धहरूले पार्टीलाई यहाँसम्म ल्याइपुर्‍याउन जस्ता योगदानहरू गरेका छौँ, यी सबै कुरा तपाईं अधवैँसे र नवजवानहरूसमक्ष छन् । हाम्रो पार्टी समाजवादी प्रजातन्त्रलाई प्रतिनिधित्व गर्ने पार्टी हो । हाम्रो पार्टीभित्र पनि प्रजातान्त्रिक परिपाटी र संस्कारको विकास गर्नुपर्छ । एउटै व्यक्तिले मात्र निर्णायक रूपले केही गर्न सक्तैन । स्वयम् मार्क्सबाट पनि मार्क्सवादको मात्र सिर्जना होइन, त्यसमा एङ्गेल्स र अरूको समेत योगदान रहेको छ । हाम्रो पार्टीलाई यस ठाउँसम्म ल्याउन पनि तपाईं-हामी सबैको योगदान छ । म अहिले ८१ वर्षको भएँ र मैले ५६ वर्ष कम्युनिस्ट भएर यो पार्टीमा काम गरेँ । अधिकांश समय मैले नेतृत्वदायी स्थानमा रहेर काम गरेँ । तर, सधैँ एउटै व्यक्ति एउटै पदमा रहिरहनु उचित हुँदैन । हामीले पार्टीभित्र नेतृत्व निर्माणमा पनि प्रजातान्त्रिक पद्धति बसाल्नुपर्छ । प्रमुख पदमा बस्नेका निम्ति पनि निश्चित अवधि हुनुपर्छ र नेतृत्वमा अधवैँसे र नवजवानहरूलाई अघि ल्याउनुपर्छ । यसलाई पार्टीले आफ्नो नीति बनाउनुपर्छ । अहिले पार्टीका सामु अनेकौँ आन्तरिक र बाह्य चुनौतीहरू छन् । पार्टीको जनआधारलाई विस्तार गर्ने, मुखपत्रको पाठक सङ्ख्या विस्तार गर्ने, सङ्गठनलाई सुदृढ गर्ने, अन्य मिल्न सक्नेहरूसँग संयुक्त मोर्चा विस्तार गर्ने र मुलुकमा प्रजातान्त्रिक विकल्प तयार गर्ने काममा जोडदार रूपले लाग्नु जरुरी छ । यी कामलाई मभन्दा युवा नेतृत्वले अघि बढाउनुपर्छ भन्ने मलाई लागेको छ । त्यसैले मैले अघिल्लै चुनावदेखि सांसद बन्न इन्कार गरेँ । अब यस महाधिवेशनदेखि म केन्द्रीय कमिटीको अध्यक्षको पद पनि छोड्न चाहन्छु र त्यसलाई समर्थन गर्नुहुन महाधिवेशनसमक्ष आग्रह गर्छु ।' अध्यक्ष फुवाले यसरी आफ्ना कुरा राख्दा हल स्तब्ध भएर सुनिरहेको थियो । उहाँले अन्तिम कुरा राखेपछि बढो

द्रवित भावनामा सिङ्गो महाधिवेशन हलले झन्डै दुई मिनेटजति लामो तालीको गडगडाहटका साथ कमरेड फुवाको प्रस्तावलाई समर्थन गर्‍यो । यसरी फुवाले त्यही महाधिवेशनबाट प्रमुख पदबाट अवकाश लिने निर्णय गर्नुभयो । नयाँ नेतृत्व छान्न बाटो खुला गरिदिनु भयो । त्यसपछि उहाँ हलसमक्ष झुकेर लामो अभिवादन गर्दै आफ्नो ठाउँमा गएर बस्नुभयो ।

**प्रस्तावहरू पारित गर्ने प्रक्रिया**

त्यसपछि महाधिवेशनमा प्रस्तुत भएका विषयहरूलाई पास गर्ने र नयाँ नेतृत्व निर्माण गर्ने प्रक्रिया अघि बढ्यो । त्यस प्रक्रियामा प्रथमतः कार्यकारी अध्यक्ष सीले प्रस्तुत गर्नुभएको प्रतिवेदनमाथि विभिन्न प्रतिनिधिहरूले प्रस्तुत गरेका संशोधनहरूमध्ये कुन-कुनलाई स्वीकार गरियो, त्यो सीले नै घोषणा गर्नुभयो । त्यो घोषणापछि उक्त प्रतिवेदनलाई निर्णयार्थ प्रस्तुत गरियो । पहिले विरोधको मत मागियो, छैन, तटस्थ कोही छ कि भनेर मत मागियो, कोही छैन । तब पास गर्न भनियो । सबैले हात उठाएर पास गरे । दोस्रो, शिष्टाचार समितिको रिपोर्ट प्रस्तुत भयो । त्यसअनुरूप महाधिवेशनमा उपस्थित नौ सय ६८ प्रतिनिधिमध्ये सबै योग्य रहेका तर एक जना बिरामी परेकाले मत हाल्न नसक्ने अवस्थामा रहेको देखियो र त्यसलाई पारित गर्न भनियो । त्यसलाई पनि माथिकै पद्धतिबाट पास गरियो । तेस्रो, त्यसपछि केन्द्रीय कमिटीको निर्वाचनका निम्ति निर्वाचन कमिटीले बनाएको नामाङ्कन कमिटीको प्रतिवेदन सुनियो । त्यसअनुरूप केन्द्रीय कमिटीका निमित एक सय ३० जना पूर्ण र १४ जना वैकल्पिक भएको बनाउने प्रस्ताव भयो । कमिटीको निर्वाचन भयो । सबैलाई पहिले नै मतपत्र दिइसकिएकै थियो । तुरुन्त रेजा लगाउने र समूह-समूह भएर खसाउने तरिका अपनाइयो । करिब १० समूहमा गएर प्रतिनिधिहरूले मत हाले । करिब ४० मिनेटमा परिणाम घोषणा भयो । नयाँ केन्द्रीय कमिटी बन्यो । निर्वाचन कमिटीले पनि आफ्नो काम सक्यो । पाँचौं, निर्वाचन भएपछि केन्द्रीय कमिटीका सबै सदस्यहरूलाई मञ्चमा उभिएर एक-एकलाई परिचय गराइयो । ताली ठोकेर बधाई दिइयो र उनीहरूलाई पहिलो बैठक गर्न अवसर दिइयो । उनीहरू केहीछिनमै बैठक गरेर फर्के । उनीहरू फर्केपछि केन्द्रीय कमिटीका निर्णयहरू सुनाइयो । त्यसअनुरूप कार्यकारी अध्यक्ष कमरेड सीलाई नै चुनियो । सचिवालयका प्रमुखमा ओगातालाई चुनियो । केन्द्रीय कमिटीको अध्यक्ष पदलाई तत्काल खाली राखियो र आउने बैठकमा निर्णय गर्ने घोषणा गरियो । त्यसरी नै केन्द्रीय कमिटीले स्थायी कार्यकारी समिति, सचिवालय, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र पेटिसन आयोग बनाएको पनि घोषणा भयो । त्यसपछि पूर्वअध्यक्ष फुवाले फेरि आफ्ना केही भनाइहरू राख्नुभयो । उहाँले खासगरी नयाँ नेतृत्वलाई बधाई र प्रतिनिधि तथा पाहुनाहरूलाई धन्यवाद दिनुभयो । त्यसपछि कार्यकारी अध्यक्ष सीले समापन भाषण दिनुभयो । उहाँको भाषण अत्यन्त गहन र विश्लेषणात्मक थियो । उहाँले आफ्नो प्रतिवेदनमा भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको विश्लेषणसम्बन्धी केही कुराहरूका साथै अब पार्टीले कसरी अघि बढ्नुपर्छ भन्नेबारेमा बडो जोडदार विश्लेषण गर्नुभयो । प्रतिनिधिहरूले सुरुदेखि अन्त्यसम्म ताली दिए । उहाँले सबैलाई यहाँबाट फर्केदेखि नै काममा लागिहाल्न, महाधिवेशनका निर्णयहरूलाई मार्गदर्शनका रूपमा लिन, तिनीहरूलाई चाँडै पार्टी सदस्यसम्म पुर्‍याउन, जनतासँगको सम्बन्धलाई गहिरो पार्न र पार्टीको विकासलाई तीव्र पार्न जोडदार आह्वान गर्दै आफ्नो समापन भाषण दिनुभयो । यसरी समाप्ति भावनात्मक र विचारोत्तेजक दुवै रह्यो ।

**पार्टीको वर्तमान अवस्था र त्यसको लक्ष्य**

यसै पनि हामीलाई जिज्ञासा हुन्छ, यति भव्यताका साथ महाधिवेशन सम्पन्न गर्ने पार्टी आफैं चाहिँ कत्तिको शक्तिशाली छ त ? तल्लो तहको स्थिति हेर्दा जापानका दुई हजार एक सय ७२ नगरहरू, वार्डहरू, बजार र गाउँहरूमध्ये दुई हजार एक सय ३५ अर्थात् ९८.३ प्रतिशतमा जाकपाका पार्टी शाखा सदस्यहरू फैलिएका रहेछन् । अहिले पार्टी मातहत २४ हजार पार्टी शाखाहरू कार्यरत छन् । स्थानीय निकायहरूमा जाकपाका तीन हजार पाँच सय ९२ सदस्यहरूले विजय प्राप्त गरेका छन् । ती सीट सङ्ख्यामा यतिबेला जाकपा सबैभन्दा बढी सिट जित्ने पार्टी बनेको रहेछ । जाकपा २१ वटा नगरहरू, ४९ वटा टाउनहरू र ४९ वटै गाउँहरूमा केही स्वतन्त्र व्यक्तिहरूसँग मिलेर सत्ताधारी पार्टी रहेको छ । देशभरि त्यस पार्टीका चार लाख सदस्यहरू कार्यरत छन् । त्यो पार्टीसँग एकखाले अर्थात् सङ्गठित सदस्यहरू मात्र छन् । तिनीहरू सबैलाई कुनै न कुनै कमिटीमा सङ्गठित गरिएको त्यस पार्टीका नेताहरूको दाबी छ । त्यो पार्टी २००७ को निर्वाचनसम्ममा पाँच लाख पार्टी सदस्य बनाउने र अकाहाताको पाठक सङ्ख्या अहिलेको १७ लाखबाट ३० प्रतिशत बढाउने लक्ष्य लिएर काम गर्दैछ । त्यो पार्टी केन्द्रीय तह, प्रिफेक्चर तह, जिल्ला तह र पार्टी शाखा तह गरेर चार तहमा सङ्गठित छ । त्यसले आफ्ना वरिपरि ट्रेड युनियन सङ्गठन बनाएको छ, महिलाहरूको सङ्गठन बनाएको छ, युवा लिग बनाएको छ । विभिन्न पेसागत सङ्गठनहरू बनाएको छ । त्यो कारखाना, गाउँ, निगम, प्रतिष्ठान, सबै क्षेत्रमा कामलाई बढाउँदैछ । एउटा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, प्रजातान्त्रिक र प्रगतिशील जापान बनाउने न्यूनतम लक्ष्य र समाजवाद तथा साम्यवादलाई अधिकतम लक्ष्य बनाएर त्यो पार्टी अघि बढ्दैछ र यतिबेला न्यूनतम लक्ष्य पूरा गर्न अन्य अनेकौं जनपक्षीय सङ्घसंस्थाहरू, नागरिक समाज र राजनीतिक पार्टीहरूलाई लिएर व्यापक संयुक्त मोर्चा बनाउने र जापानका लागि विकल्प प्रस्तुत गर्ने ध्ययेका साथ त्यो पार्टी अघि बढ्दैछ । त्यसले मार्क्सवाद, लेनिनवाद वा माओवाद केहीलाई पनि मार्गदर्शक सिद्धान्त मान्दैन । त्यो वैज्ञानिक समाजवादलाई मान्छ । विश्व पुँजीवाद र साम्राज्यवादको एक मात्र विकल्प वैज्ञानिक समाजवाद हो भन्ने कुरामा त्यो दृढ छ । तर, समाजवाद एकदलीय शासनका रूपमा होइन, त्यो समुन्नत र परिष्कृत प्रजातन्त्रमाथि आधारित हुन्छ र हुनुपर्छ भन्ने कुरामा पनि त्यो पार्टी बडो दृढ छ । यी सबै वैचारिक र सङ्गठनात्मक आधारहरू हेर्दा त्यो पार्टीले प्रगति गर्न सक्छ भन्ने कुरामा विश्वास गर्न सकिन्छ । जापानी कमरेडहरूलाई अझ धेरै अग्रगति र प्रगतिका निम्ति हार्दिक शुभकामना छ ।

■

# दोस्रो समझदारी

# lg/ª\s'z /fhtGqnfO{ PSnf] kfg]{ k|of;s} lg/Gt/tf

' **सूर्य थापा**

मुलुकमा चलिरहेको राजाको प्रत्यक्ष शासनविरुद्ध जनआन्दोलन चर्काउने र मूख्यतः शान्तिपूर्ण जनआन्दोलनकै बलमा पूर्ण लोकतन्त्रको स्थापना गर्ने अभिप्राय र अठोटका साथ २०६२ मङ्सिर ७ गते सात दल र माओवादीबीच १२ बुँदे समझदारी भएको थियो । माओवादीले एकतर्फी युद्धविराम गरिरहेको र दलहरू शान्तिपूर्ण जनपरिचालन गरी आमजनसमुदाय राजाको समर्थनमा होइन, लोकतन्त्र स्थापना गर्ने पक्षमा छन् भन्ने स्पष्ट गर्न लागिरहेको अवस्थामा भएको उक्त समझदारीले नेपाली राजनीतिमा बेग्लै तरङ्ग उत्पन्न गरेको थियो । कमसेकम आन्दोलनकारी दलहरू र विद्रोही माओवादीलाई एक-अर्काविरुद्ध लडाएर आफ्नो निरङ्कुश सत्तालाई लामो बनाउन सकिने प्रयत्नमा लागेको राजतन्त्र र दरबारिया षड्यन्त्रमा तल्लीन निरङ्कुशतावादी गिरोह त्यस समझदारीबाट आहत बनेको थियो । बहुदलीय प्रतिस्पर्धाको अवलम्बन, मानवअधिकारको सम्मान र शान्तिपूर्ण जनआन्दोलनको दिशामा अघि बढ्न सहमत हुने माओवादीको प्रतिबद्धताले एक दशक लामो द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण सम्भव हुने आशा बढाएको थियो । चार महिनासम्म कायम रहेको १२ बुँदे समझदारीले जनताको मनोबल उठाएर निरङ्कुश राजतन्त्रविरोधी माहोल बनाउन महत्त्वपूर्ण योगदान गरेको तथ्य जगजाहेर नै छ ।

**उठेका केही प्रश्न र अन्योलको अवस्था**

यद्यपि, १२ बुँदे समझदारीलाई सात दल र माओवादी पक्षले छुट्टाछुट्टै वक्तव्यमार्फत सार्वजनिक गरी आ-आफ्नो साझा सहमति र प्रतिबद्धता व्यक्त गरेका थिए तथापि त्यसको सार्वजनिकीकरणसँगै कतिपयले प्रश्नहरू पनि उठाएका थिए । पार्टीभित्रको बढ्दो अन्तरसङ्घर्षका कारणले होस् वा शाही नेपाली सेनाप्रति कायमै भ्रम र मोहले होस् अथवा राजावादी रुझान र जुँघाको लडाइँका निम्ति नै किन नहोस्- जनमोर्चा नेपाल, संयुक्त वाममोर्चा नेपाल र नेपाल मजदुर किसान पार्टीका तर्फबाट समझदारीप्रति अविश्वास, भ्रम र द्विविधा प्रकट गरिएको थियो । नेकपा (एकताकेन्द्र-मसाल) को एक हिस्सा समझदारीको विरोधमै उत्रिएको थियो । तैपनि, समझदारी अघि बढ्यो र त्यसले सकारात्मक माहोल बन्यो ।

तर, ०६२ फागुन १ गते असंवैधानिक शाही आयोग खारेज भई जब पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको रिहाइ भयो, तब १२ बुँदे समझदारीप्रति असमझदारीको स्वर बढ्न थाल्यो । देउवाले सार्वजनिक रूपमै त्यसमा आफ्नो असहमति प्रकट गर्दा अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले पनि पहिले 'होसियारीपूर्वक स्वागत गरेको' समझदारीविरुद्ध बोल्न थालेको देखियो । माओवादीले पुसको अन्तिम साता काठमाडौँको थानकोट र भक्तपुरको दधिकोटस्थित प्रहरी चेकपोस्ट र कार्यालयमा हमला गरेपछिको अवस्थामा अमेरिका माओवादीले राजधानी कब्जा गर्ने आँटेको भ्रममा रुमलियो । जसले नगरनिर्वाचन बहिष्कारका निम्ति सात दलले माघ ७ गते आयोजना गरेको जनप्रदर्शनमा बलप्रयोग र दमन गर्न शाहीसत्ताले निहुँ पायो । माओवादीले 'ढाडमा टेकेर टाउकोमा हान्ने' फौजी रणनीतिलाई प्रमुखता दिएकाले १२ बुँदे समझदारी ओझेलमा पर्ने खतरा देखियो र युद्धविराम भङ्ग भएको अवस्थामा शान्तिपूर्ण जनआन्दोलनको दिशामा अघि बढ्न गरिएको उक्त समझदारीले पूर्ववत् काम गर्ने अवस्था रहेन । अझ माओवादीले चैत १ गतेदेखि सदरमुकाम नाकाबन्दी र चक्काजाम तथा चैत २१ गतेदेखि अनिश्चितकालीन राजनीतिक हडतालको कार्यक्रम घोषणा गरेकाले अन्योल अझ बढ्न गयो ।

**नाकाबन्दीको प्रभाव र दल-माओवादी संवाद**

माओवादीले घोषणा गरेको चक्काजाम र सदरमुकाम नाकाबन्दीको प्रभाव मुलुकभरि देखियो । सुरुको करिब एक सातासम्म आमजनताले चक्काजाम र नाकाबन्दी झेल्नुपर्ने बाध्यता नै बन्यो । तर, त्यसले जनजीवन अत्यन्तै कष्टकर र जटिल

बन्न पुग्यो । विभिन्न स्थानमा सर्वसाधारण व्यक्तिको बिचल्ली हुन थाल्यो । एकातिर यस्तो अवस्था बनिरहेको थियो, अर्कोतिर शाही सरकार यसखालको कठोर अवस्थाप्रति पूरै बेखबर रह्यो । चक्काजाम र नाकाबन्दीले त सरकारलाई कुनै फरक पारेन नै । जनताको पीरमर्का र विचल्लीले उसलाई छुने र संवेदनशील बनाउने कुरै थिएन ।

यस्तो अवस्थामा सात दल र माओवादीबीच १२ बुँदे समझदारी कायम भएपछि दोस्रोपटक संवाद चलिरहेको थियो । त्यस क्रममा नेकपा (एमाले) का नेताहरू झलनाथ खनाल र वामदेव गौतम, नेपाली काङ्ग्रेसका प्रवक्ता कृष्ण सिटौला, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन आदि नेताहरूको माओवादी उच्च नेतृत्वसँग गहन छलफल चालू थियो तर त्यसले ठोस सहमति र परिणाम दिन सकेको अवस्था थिएन । दरबारियाहरू दल-माओवादीबीचको समझदारी टुटाउन तथा 'फुटाउ र राज गर' को सामन्ती षड्यन्त्र सफल पार्न षड्यन्त्रमा जुटिरहेकै थिए । साथसाथै, सात दलका 'शीर्ष वा प्रभावशाली नेता' लाई माओवादीसँगको वार्ताबारे आफूलाई केही थाहा नभएको र कुनै सहमति भए मान्य नहुने जस्ता बोली सार्वजनिक गरी थप अन्योल खडा गरिरहेका थिए । नारायणमान विजुक्छे र नन्दकृष्ण प्रसाईंका सार्वजनिक बोलीमा असमझदारी बढाउने कुरा प्रस्टै सुनिन्थ्यो । यसको असर दलहरूबीचको सम्बन्धमा पर्नु स्वाभाविकै थियो । अझ माओवादीका तर्फबाट दल-माओवादीको संयुक्त विज्ञप्ति र संयुक्त सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्ने पक्षमा दबाब परिरहेकै थियो । यस स्थितिमा बसेको सात दलको सर्वदलीय बैठकले ठोस निर्णय गर्न नसक्दा केही दिन त दल-माओवादी समझदारी टुटाउन सक्रिय गिरोहले झन्डै हर्षबढाइँ र भोजभतेर गर्ने अवस्था नै सिर्जना भयो । तर, गम्भीर प्रयासपछि चैत ६ गते सात दलको सर्वदलीय बैठकले निम्नानुसार निर्णय गऱ्यो र दोस्रो समझदारीमा सातै दलका नेताहरूद्वारा हस्ताक्षर गरियो :

- 'सात राजनीतिक दल र नेकपा माओवादीबीच भएको दोस्रो समझदारीलाई सार्वजनिक गर्ने निर्णय गरिएको छ । विगतमा कायम भएको १२ बुँदे समझदारीलाई अझ ठोस र स्पष्ट बनाउँदै अगाडि बढ्ने हाम्रो प्रतिबद्धता छ ।
- निरङ्कुशतन्त्रविरुद्ध शान्तिपूर्ण संयुक्त आन्दोलन जारी छ । यस क्रममा ०६२ फागुन २९ गते घोषणा गरिएअनुरूप यही चैत २४, २५, २६ र २७ गते देशव्यापी रूपमा आमहडताल तथा असहयोगका कार्यक्रमहरू सञ्चालन गर्दै चैत २६ गतेको हकमा काठमाडौँमा विशाल शान्तिपूर्ण जनप्रदर्शन गरिनेछ । असहयोग तथा अवज्ञाको कार्यक्रम पूर्वघोषणाअनुरूप जारी रहनेछ । सो कार्यक्रममा सहयोग, समर्थन तथा सहभागिताका लागि सबै पेसा, व्यवसायसम्बद्ध जनता तथा संस्थाहरू, नागरिक समाज तथा सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गर्दछौँ ।
- आमजनता तथा लाखौँ विद्यार्थीहरूको प्रवेशिका परीक्षासमेतलाई अप्ठेरो र शान्तिपूर्ण आन्दोलनको कार्यक्रमलाई समेत अवरोध नपुगोस् भन्ने कुरालाई ध्यानमा राखेर नेकपा (माओवादी) ले घोषणा गरेको नाकाबन्दी, चक्काजाम र हडताल तथा बन्दजस्ता कार्यक्रम अविलम्ब फिर्ता लिन नेकपा (माओवादी) लाई हार्दिक आह्वान गर्दछौँ । साथै, सात राजनीतिक दलहरूद्वारा घोषित शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई समर्थन गर्नसमेत आह्वान गर्दछौँ ।' यसरी दल-माओवादीबीचको सघन संवादले माओवादीको घोषित नाकाबन्दी, चक्काजाम र अनिश्चितकालीन राजनीतिक हडताल फिर्ता गराई दुवै पक्षको सहमतिमा चारदिने आमहडतालमार्फत निरङ्कुश राजतन्त्रमाथि प्रहार केन्द्रित गर्ने सहमति कायम गर्न सक्यो ।

**दोस्रो समझदारी : १२ बुँदाकै नवीकरण**

दल र माओवादीबीच झन्डै टुटेको समझदारीले पुनः निरन्तरता पायो र १२ बुँदे समझदारी नवीकरण भयो- दोस्रो समझदारीका रूपमा । चैत ६ गते सात दलका तर्फबाट नेकपा (एमाले) का कावा महासचिव अमृतकुमार बोहरा, नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवा, जनमोर्चा नेपालका उपाध्यक्ष लीलामणि पोखरेल, नेमकिपाका अध्यक्ष नारायणमान विजुक्छे, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का महासचिव राजेन्द्र महतो र संयुक्त वाममोर्चाका अध्यक्ष नन्दकुमार प्रसाईंले हस्ताक्षर गरी सर्वदलीय निर्णयअनुरूप दोस्रो समझदारी सार्वजनिक गरियो । त्यसलाई नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा पनि हस्ताक्षर गरी छुट्टै प्रेस विज्ञप्तिमार्फत सार्वजनिक गरियो । यसरी दल-माओवादीबीच दोस्रो समझदारी कायम भयो । दोस्रो समझदारीमा १२ बुँदे समझदारीमा भएको बाहेक कुनै नयाँ विषय छैन, त्यसकारण यसलाई १२ बुँदे समझदारीकै नवीकरण र त्यसकै निरन्तरता मात्रै भन्न सकिन्छ । दल-माओवादीबीच असमझदारी बढाई एक-अर्कालाई परस्परमा जुधाउन सकिन्छ कि भनेर सक्रिय रहेका निरङ्कुश राजतन्त्रका विरुद्ध दोस्रो समझदारी संयुक्त प्रहारको नयाँ आधार बन्यो, जसले नेपालमा प्रजातन्त्र र समृद्धिको मुख्य बाधकको भूमिका खेल्दै आएको राजतन्त्रलाई एक्लो पार्ने र लोकतान्त्रिक आन्दोलनलाई विजयउन्मुख गराउने स्पष्ट लक्ष्य बोकेको छ । कम्तीमा दल-माओवादीलाई एक-अर्काविरुद्ध भिडाएर आफ्नो दुनो सोझ्याउन तल्लीन दरबारिया रणनीतिलाई यसले एकहदसम्म चकनाचुर पारिदिएको छ ।

**समझदारीको मुख्य सार : शान्तिपूर्ण जनसङ्घर्ष**

सात दल र माओवादीबीच कायम दोस्रो समझदारीपश्चात् माओवादीले एकतर्फी रूपमा घोषणा गरेको चक्काजाम, नाकाबन्दी र अनिश्चित आमहडताल फिर्ता भयो । त्यसले जनतालाई प्रत्यक्ष राहतको अनुभूति गरायो । माओवादीले चैत २२ गते साँझदेखि काठमाडौँ उपत्यकाभित्र फौजी कारबाही स्थगनको घोषणा पनि गऱ्यो । तर दलहरू, अन्तर्राष्ट्रिय समुदाय तथा नागरिक समाजले आह्वान गरेअनुरूप एकतर्फी युद्धविरामको घोषणा गरेर शान्तिपूर्ण जनआन्दोलनका लागि अनुकूल वातावरण सिर्जना गर्न माओवादी नेतृत्व अग्रसर भएन । शान्तिपूर्ण र भयरहित वातावरण सुनिश्चित नगरी 'चारदिने' आमहडतालले नेपालको 'अप्रिल क्रान्ति' लाई जन्म दिने सम्भावना र सामर्थ्य राख्ने' मनोगत आग्रह गर्नु एउटा कुरा हो । तर, एकतर्फी युद्धविरामको आग्रहलाई नकारात्मक जवाफ दिँदै बाबुराम भट्टराईद्वारा त यतिसम्म लेखियो कि 'संयुक्त जनआन्दोलनले स्पष्ट दिशा र गति नलिँदै एकपक्षीय युद्धविरामको कुरा गर्नु उपयुक्त र सही हुँदैन । किनभने, त्यसले निरङ्कुशसत्तालाई बेरोकटोक आतङ्क मच्चाउन र नरसंहार गर्न मात्रै मद्दत पुऱ्याउनेछ ।' शाही सत्ताले माओवादी घुसपैठको बहानामा गरेको दमन र आतङ्कलाई आधारहीन बनाउनसमेत युद्धविराम प्रभावकारी अस्त्र हुने कुरा बुझ्न नसक्नु माओवादी नेतृत्वको गम्भीर भूल हो ।

यसमा माओवादी नेतृत्व अझैसम्म सकारात्मक बन्न सकेको छैन । शान्तिपूर्ण आन्दोलनलाई बल पुऱ्याउन सम्पूर्ण रूपमा लाग्ने र सहमतिमा घोषित कार्यक्रम सफल पार्ने जिम्मेवारीबोध माओवादीले पनि गर्नुपर्दथ्यो । तर, देशव्यापी शान्तिपूर्ण आमहडताल सुरु भएपछि सर्लाही, बुटबल र कपिलवस्तुमा भएका फौजी कारबाही 'फ्युजन' नीतिको 'कन्फ्युजन' मा नै आधारित थिए । तर, माओवादी स्पष्ट हुनैपर्छ, सशस्त्र कारबाही र शान्तिपूर्ण जनआन्दोलन एकैसाथ अघि बढ्न सक्तैनन् ।

यहाँनेर के स्पष्ट हुन जरुरी छ भने नेपालमा अग्रगामी राजनीतिक निकास वा निरङ्कुश राजतन्त्रको उन्मूलन र संविधानसभाको चुनाव हिंसाको बलमा कदापि सम्भव छैन । माओवादी नेतृत्व यस भ्रममा रहेको हो भने त्यो गम्भीर भूल सावित हुनेछ ।

शान्तिपूर्ण जनआन्दोलनको उभारले मात्रै निरङ्कुश राजतन्त्रको तख्ता उल्टाउन सक्नेछ । फिलिपिन्समा मार्कोसको पतन हिंसाको बलमा भएको होइन । शान्तिपूर्ण जनविद्रोहको बलमा सन् ०४ मा युक्रेनको चर्चित 'सुन्तला क्रान्ति' ले त्यहाँका जनविरोधी राष्ट्रपतिलाई अपदस्थ गरेको थियो । सन् ००५ मा किर्गिस्तानमा राष्ट्रपति अस्कर अक्यभलाई 'ट्युलिफ क्रान्ति' रूपी शान्तिपूर्ण जनआन्दोलनले नै हटाउन सकेको थियो । चेकोस्लोभाकियाको 'मखमली क्रान्ति' पनि हिंसामा आधारित थिएन र ल्याटिन अमेरिकामा विकसित पछिल्ला घटनाक्रमहरूबाट पाठ सिकेर अघि बढ्ने हो भने शान्तिपूर्ण जनसङ्घर्षको शक्ति र हैसियत सहजै बुझ्न सकिन्छ । दल-माओवादीबीचको दोस्रो समझदारीको मुख्य सार पनि शान्तिपूर्ण जनसङ्घर्षको आँधीबेहरी सिर्जना गर्नु हो । कुनै बहानामा पनि दलहरू माओवादी हिंसाको पिछलग्गु बन्न र स्वयम्को आत्मघात रोज्न तयार हुनुहुँदैन । शान्तिपूर्ण जनआन्दोलनको बलमा नै राजनीतिक निकासमा पुग्न सबैको एकताबद्ध प्रयास केन्द्रित हुनु बुद्धिमत्तापूर्ण हुनेछ ।

■

# चीनको बदलिँदो दृष्टिकोण

**' कोमल भट्टराई**

केही वर्षयता चीनको विदेशनीति चीन केन्द्रित र औपचारिक प्रतिक्रियाका रूपमा नभई अग्रसक्रिय भइरहेको महसुस गरिएको छ। कोरिया आणविक प्रसारसम्बन्धी समस्याको मध्यस्थतामा मात्र होइन, आसियान मुलुकहरूबीचको क्षेत्रीय गठबन्धनमा समेत यसको सक्रिय सहभागिताले हालसम्म पश्चिमी शक्तिको सुरक्षा नीति तय गर्ने र सुरक्षा छातामा रहेका आसियानमा पनि परिवर्तनहरू देखा परिरहेका छन्। खासगरी सन् २००४ को अन्तमा चीनमा आयोजित आसियान क्षेत्रीय मञ्च, सुरक्षा नीति महाधिवेशनपश्चात् चीनको विदेशनीति बुझ्न सकिने भएको छ। ताइवानी मामलामा नै पनि चीन अमेरिकी चालविरुद्ध रक्षात्मक नभई आक्रामक भइरहेको महसुस गरिन्छ। यसैगरी, चीनको विदेशनीति आर्थिक स्वार्थका आधारमा मात्र नभई राजनीतिक तथा रणनीतिक र चिनियाँ राष्ट्रिय अहम्का आधारमा पनि तय हुन थालेको देखिन्छ। हाल चैतको दोस्रो सातामा चिनियाँ 'स्टेट काउन्सलर' ताङ जिया सुवाङको नेपाल भ्रमणमा उनका व्यक्त विचार र कार्यहरूले पनि नेपालको राजनीतिक द्वन्द्वको सन्दर्भमा चीनको विदेश नीतिको छायाँ देख्न सकिन्छ। यसरी बदलिएको विदेश नीतिका आधारमा नेपालको राजनीतिक द्वन्द्वको रूपान्तरणमा सहयोग पुऱ्याउन सक्ने राष्ट्रहरूको पङ्क्तिमा चीन पनि देखा परेकाबारे राजनीतिक समुदाय खासगरी जनआन्दोलनकारी शक्तिले ध्यान दिनुपर्ने भएको छ।

**विदेश सम्बन्धको आधार**

आधुनिक कालमा चीन र नेपालको दौत्य सम्बन्ध ३ जुलाई १९५५ मा कायम भयो। पञ्चशीलको सिद्धान्तका आधारमा २० सेप्टेम्बर १९५५ मा 'चीन-नेपालको सम्झौता' भयो। तत्कालीन चीन जवाहरलाल नेहरूको 'हिमाली अधिराज्य नेपाल, भुटान र सिक्किमको सार्वभौमसत्तालाई रक्षाकवचका रूपमा राखिने' अवधारणाका विरुद्ध थियो। राणाकालीन नेपाल ब्रिटिसकालीन भारतको सुरक्षा धूरीमा रहँदा चीनको स्वशासित क्षेत्र तिब्बतको सुरक्षामा खतरा उत्पन्न भएको थियो भन्ने चिनीया कूटनीतिज्ञको ठहर छ। यसरी नै, राणापछिको नेपालसँगको विदेश सम्बन्धमा चीनले मुख्यतया भारतमा तिब्बती पृथकतावादीहरूको जबर्दस्त उपस्थिति र नेपाल-भारत सीमा खुला रहेको अवस्थालाई विशेष ध्यान दिएको थियो। त्यस बखत चीनको नेपालसँगको विदेश सम्बन्ध राष्ट्रिय अखण्डतासँग परोक्ष/अपरोक्ष सम्बन्धित थियो र नेपाल तटस्थ मुलुक र भारतसँग आमने-सामने पर्न नदिने स्टेटका रूपमा रहेको थियो।

अब अवस्था त्यस्तो रहेन। भारतमा रहेका तिब्बती पृथकतावादीहरू भारतकै लागि र पृथकतावादीहरूकै प्रमुख दलाइ लामाका लागि पनि समस्या र परजीवी बन्दै गइरहेका छन्। यसरी नै नेपाल-भारत सीमा खुला हुनुले पनि चीनको सुरक्षा अवधारणालाई असर गर्न नसक्ने मानिएको छ। त्यसमाथि भारतसँगको सीमा समस्या, भारत-चीन युद्ध १९६२ का असरहरू र तिक्ततामा १९८८ मा तत्कालीन प्रधानमन्त्री राजीव गान्धीको भ्रमणपछि सुधार आएका छन्। आगामी दिनमा विश्वका प्रमुख आर्थिक शक्तिका रूपमा विकसित भइरहेका र यसलाई ज्यामितीय विकास गर्नका लागि चीन र भारत दुवै आफ्ना छिमेकीहरूसँगको सम्बन्धमा सुधार ल्याई आफूबीचको तनावपूर्ण अवस्थालाई कम गर्न र आफ्ना मुलुकहरूका साथै छिमेकी मुलुकहरूमा समेत स्थिरताको पक्षमा देखिएका छन् भन्ने कैयन दृष्टान्तहरूले प्रमाणित गर्दैछन्। यसकारण नेपालका वर्तमान सन्दर्भ र अवस्थालाई सकारात्मक रूपान्तरण गर्नमा चीन र भारत दुवै गृहकार्य गरिरहेका सङ्केत देखिएका छन्। यस

सङ्केतका आधारमा यी दुवै मुलुकहरूको चाहना नेपाल वास्तविक रूपमा तटस्थ राज्यका रूपमा रहन सकोस् र ती दुवै मुलुकहरूमा अस्थिरता उब्जाउने शक्तिहरू (चीनका लागि तिब्बती र भारतका लागि पाकिस्तानी समर्थित कश्मिरी पृथकतावादी र उसका पृष्ठपोषकहरू) ले चलखेल गर्ने वातावरण नहोस् भन्ने रहेको स्पष्टै बुझ्न सकिन्छ ।

माथि उल्लेखित परिप्रेक्ष्यका आधारमा अब चीनका लागि नेपाल रणनीतिक महत्त्व हुनुमा नेपाल-भारतको अवस्थिति र सम्बन्धको कारणले होइन, चीनविरुद्ध अमेरिकी रणनीतिक योजनाका आधारमा रहेको भनिन्छ । यस रणनीतिको सम्बन्ध नेपालमा रहेका र वृद्धि भइरहेका तिब्बती मूलका बौद्ध गुम्बाहरू र त्यसभित्रका गतिविधिहरूसँग घनिष्ट रहेको मानिन्छ । काठमाडौं वरिपरिका सम्पूर्ण डाँडाहरूमा रहेका सयौं गुम्बाहरूमा हजारौंको सङ्ख्यामा तालीमप्राप्त तिब्बती पृथकतावादीहरू भिक्षुको भेषमा रहेका छन् भन्ने अनुमान गरिएको छ । ती भिक्षुहरू सरलताका उदाहरण बनेका नेपाली मूलका बौद्धमार्गीहरूका लागि अपचनीय र बुद्धका प्रस्तावना र आदर्शलाई उपहास गर्न काफी छन् । आलिसान गुम्बाहरू र पजेरो, प्राडोमा सयर यर्ने बौद्ध भिक्षुहरू नभई अरबी नवाव जस्ता देखिन्छन् । यी गुम्बाहरूमा भइरहेका गतिविधिहरू नै चीनको स्वशासित तिब्बतमा अस्थिरताका कारण बन्न सक्ने अनुमान सत्यसँग ज्यादै नजिक छन् । यी गतिविधिहरूका आधारमा र हालको वर्तमान राजाको उदयलाई पनि चीनले संशय र गम्भीरतापूर्वक हेरिरहेको अनुमान गरिँदैछ । खासगरी राजा वीरेन्द्रको वंशनाश भएका बखतमा सीएनएनद्वारा प्रदर्शित भिडियो क्लिपमा उनलाई चीनका राजनेताहरूसँग सामिप्यता रहेको बुझाउने गरी देखाइएका थिए र हाल उनको विकल्पमा रहस्यात्मक रूपमा आएका वर्तमान शासकलाई धाप रहेको स्पष्ट हुँदैछ । यी दुवै कुराहरूले पनि हालको प्रतिगमन सत्ता चीनका लागि नेपालमा अस्थिरता जन्माउने थलो हुनसक्ने देखिएको छ । यसैगरी पाकिस्तान कुटनीतिको सक्रियता र प्रतिगमनकारी कदमहरूमा पाकिस्तानको अशोभनीय नक्कल जस्ता कुराहरूले पाकिस्तानी चलखेल बढेको र यसको कारण भारतका विरुद्ध हतियार उठाइरहेका पृथक्कतावादीहरू नेपालमा हुर्कने सम्भावना प्रष्ट हुँदैछ । यसकारण नेपालको अस्थिरता र प्रतिगमनकारी सत्ताबारे चीन र भारत एकै निष्कर्षमा पुगेको विश्लेषण सत्यताको नजिक छ । तर, प्रतिगमनकारी सत्ताले चीन आफ्नो कदममा सहयोगी बनेको भ्रम सिर्जना गरिरहेको छ र लोकतन्त्रवादी जनतामा चीन प्रति नकारात्मक धारणा बढ्ने सम्भावना रहेको छ । यसैकारण चीनले आफ्नो विदेश नीतिलाई मौन नभई अग्रसक्रियताका साथ स्पष्ट गर्नुपर्ने महसुस गरर नै सुवाङको भ्रमण निश्चित गरेको थियो ।

**नेपाली जनताको दृष्टिमा चीन**

चीन र नेपाली जनताको सम्बन्ध समधुर रहिआएका कैयन् दृष्टान्तहरूले स्पष्ट हुन्छ । वैवाहिक सम्बन्ध, कला-संस्कृतिको आदान-प्रदान, व्यापारजस्ता कुराहरूले दुई देशका जनताबीच रहेको मित्रता झल्काउँछ । १९४९ पछिको कम्युनिष्ट सरकारको स्थापनापछि पनि नेपालको पञ्चायती निरङ्कुश शासकहरूप्रति सहयोगी रवैया रहे पनि नेपाली जनतामा चीनविरोधी भावना जागृत हुन सकेन । खासगरी नेपालका वामपन्थीहरूद्वारा चीनले नेपालसँग राखेको आपसी समान र वास्तविक भाइचारा सम्बन्धलाई राम्ररी बुझ्ने काम भएको हो । यस बुझाइले तत्कालीन शासन व्यवस्थालाई प्रत्यक्ष सहयोग नपुगे पनि परोक्ष सहयोग पुगेन भनेर प्रतिवाद गर्ने तर्कहरू छैनन् । तत्कालिन माले र एमालेको सकारात्मक दृष्टिकोणप्रचारको कारण नै कम्युनिस्ट पार्टीहरूका कार्यकर्ताहरूमा मात्र होइन, जनसाधारणमा समेत चीनलाई हेर्ने सकारात्मक धारणा रहिआएको छ ।

सन् १९९० पछि चीनको दलहरूप्रति र राज्यप्रति तिक्तता रहेको अनुमान गरिएको थिएन । तर, त्यस बखतको स्वतन्त्रता र मानवअधिकारको प्रत्याभूति दिने संवैधानिक आधारमा राज्यले चीनविरोधी कार्यमा नियन्त्रण गर्न नसकेकोमा र आफूले दिएका सहयोगका संस्थानहरूलाई गुन्द्रुकको भाउमा बिक्री गरिएकोमा चीन मौन भए पनि दुःखित भएको हाल महसुस गरिँदैछ । यही कुरा बुझेर नै प्रतिगमनकारी राजाले गत माघको प्रतिगमनलाई समर्थन गराउन केही तिब्बती सम्पर्क केन्द्रलाई बन्द गराएका छन् । यस सन्दर्भदेखि नेपाली राजनीतिमा चाइना कार्डको चर्चा हुन थालेको छ । सार्कमा त निरङ्कुश राजाले चाइना कार्डलाई नाङ्गै पारे । चाइना कार्डले जनताको समर्थन नै नरहेको निरङ्कुश राजालाई विजयी बनाउन त सक्दैन तर यस कार्डको दुरूपयोगले भने चीनप्रतिको नेपाली जनताको दृष्टिकोणमा नकारात्मक प्रभाव पर्न गयो । लोकतन्त्रका लागि लड्ने दलहरू मात्र होइन, नेपालमा चीनको प्रगति र उन्नति चाहने शक्ति एमालेले पनि चीनको मौन कूटनीतिको कारण निरङ्कुश राजाका लागि कार्ड बनिरहेकोमा गैरकूटनीतिक रूपमा प्रतिक्रिया गर्नेसम्मको तहमा ओर्लिनु पर्‍यो । राजनीतिक तथा वैचारिक आधारमा नेपालमा चीनको सहृदयी मित्रहरूमध्ये नेकपा (एमाले) नै प्रमुख रहेको कुरा चीनले बुझेको नै छ । नेकपा एमालेको व्यापक जनआधार भएका कारण चीनप्रति नेपाली जनताको सकारात्मक दृष्टिकोण स्वतः स्थापित हुन सकेको कुरा सर्वविदितै छ ।

**सुवाङको भ्रमणको आशय र सन्देश**

चिनियाँ 'स्टेट काउन्सलर' ताङ जिया सुवाङको नेपाल भ्रमणको पहल गर्नुमा प्रतिगमनकारी निरङ्कुश राजाको चाइना कार्ड खेल्नु नै थियो । यस खेलका विरुद्ध चीनले आफ्नै मौन कूटनीतिबाट प्रतिवाद गरिरहेको चीनको विदेशनीतिका जानिफकारहरूले बेलाबेलामा बताइरहेका हुन् । तर, निरङ्कुश प्रतिगमनकारीका सञ्चारहरूले चीनको समर्थन प्रतिगमन सत्तालाई छ भन्ने भ्रम दिइरहेका थिए र छन् पनि । यही भ्रमका आधारमा नेपालमा प्रतिगमनविरुद्ध लड्ने शक्तिहरू र त्यसका कार्यकर्ता र समर्थकहरूमाझ चीनप्रति नकारात्मक भावना जाग्नु उचितै पनि हो । यसै कारण लोकतन्त्रवादीका सञ्चारले बेलाबेलामा चीनप्रति नकारात्मक सूचना प्रवाह गरेका हुन् । यस कुरालाई चीनले बुझेर नै नेपाली जनताका शक्तिहरू माझ पुग्न चाहेको थियो । यसै क्रममा एमालेको प्रचार विभाग प्रमुखसहितको एउटा टोली चीनको भ्रमणमा गएपछि लोकतन्त्रप्रति चीन बाधक नरहेको र उसको यहाँ प्रतिगमनकारी सरकारसँगको सम्बन्धका बारेमा नेकपा (एमाले) स्पष्ट भएको थियो । तर, त्यसपछि पनि अन्य लोकतन्त्रवादी शक्तिहरूमा चीनबारे सन्देह कायम रहेको नै थियो । यसैकारण चीन नेपालका सबै शक्तिहरूसँग नेपालको वर्तमान सन्दर्भमा आफ्नो अडान स्पष्ट गर्न चाहिरहेको थियो । यसै मौकामा सुवाङको भ्रमणको निश्चित गरियो । तर, नेपाल

सरकारले नेपालका राजनीतिक दलहरूलाई भेट्न नदिने अडान राखेकाले पहिलोपटकको भ्रमण रद्द हुन पुगेको थियो । सो भ्रमण रद्द हुँदा हालको प्रतिगमनकारी सत्तालाई चाइना काड खेल्ने दाउ नै गुम्ने कारणले पुनः राजनीतिक दलहरूलाई भेट्न दिने सर्तमा सुवाङको भ्रमण निश्चित गरिएको थियो ।

उपाध्यक्ष सुवाङले नेपालको वर्तमान सन्दर्भमा चीनको आफ्नो अडान स्पष्ट गर्न नै शासकबाहेक राजनीतिक दलहरूसँग भेट्नु भएको छ । यो चीनको विदेशनीतिमा एउटा नयाँ घटना भएको छ । यो घटना मात्रै हो कि परम्परा बन्नेछ, समय, सन्दर्भ र आवश्यकताका आधारमा चीनले थिति बसाउला । तर, यो घटना चर्चायोग्य मात्र होइन, स्मरणीय पनि रहनेछ । सुवाङले राजनीतिक दलहरूसँग भेट्नुको अर्थ तत्कालीन अवस्थामा राजाको हातबाट चाइना कार्ड च्यातचुत पारेर फ्याक्नु थियो भने यसको दीर्घकालीन आशय नेपाली जनतासँग सकारात्मक भावना कायम राखिराख्नुपर्ने अनिवार्यताको स्वीकारोक्ति पनि हो । यो स्वीकारोक्ति भन्नाले तिब्बती पृथकतावादीद्वारा हुनसक्ने गतिविधिहरूको रोकथामसँग सम्बन्धित छ । यी गतिविधिहरू रोकथाम गर्नमा चीनका लागि वर्तमान शासक भरपर्दो सहयोगी हुन नसक्ने चीनका सुरक्षानीतिका जानिफकारहरू बताउँछन् । उनीहरूका अनुसार, वर्तमान शासकका पृष्ठपोषकहरूले नै चीनलाई अस्थिर बनाउने रणनीति लागू गराउन वर्तमान शासकको स्थापना गराएका हुन् । त्यसैले तिब्बती पृथकतावादीहरूको नियन्त्रणका लागि वर्तमान सरकार सहयोगी हुनै सक्दैन भन्ने कुरा चीनलाई राम्ररी जानकारी छ । त्यसैले चीन नेपाली जनता र जनशक्तिको सद्भाव गुमाउन चाहँदैन । यही कारण चीनले लोकतन्त्रवादी शक्तिहरूको सहयोग लिनुपर्ने ठहर गरेर नै सरकारसँग मात्र औपचारिक सम्पर्क राख्ने परम्परालाई परिवर्तन गरेको हो भन्ने विश्लेषकहरूको अनुमान छ ।

सुवाङको भ्रमण र राजाको चाइना कार्ड (कलाविहीन खेल नै सही) ले भारत, वेलायत र पश्चिमा मुलुकको चलखेल भइरहने नेपाली राजनीतिमा चीनको प्रवेश भएको स्पष्ट देखिएको छ । सार्कमा चिनीया कार्ड र नेपाली सेनालाई नौ करोडको चिनीया सहयोगले पनि चीनको खिलाफ रहेका राष्ट्रहरू र शक्तिहरू नेपालमा सजिलै चलखेल गर्न नसक्ने रहेछन् भन्ने स्पष्ट पारेको छ । चीनको यो प्रवेशले नेपालमा विभिन्न शक्ति केन्द्रको खिचातानी बढी अस्थिर मुलुक रहिरहने सम्भावना बढेको पनि छ र विभिन्न शक्तिहरूबीचको आपसी खिचातानीले शक्ति सन्तुलन भई स्थीर र बफर स्टेटको रूपमा स्थापित हुने सम्भावना बढेको छ । यसकारण मौन कूटनीतिबाट अग्रसक्रिय हुनथालेको चिनियाँ विदेशनीतिलाई नेपालका राजनीतिक शक्तिहरूले राम्ररी बुझ्नु जरुरी छ । चीनको सक्रियता द्वन्द्वको सकारात्मक रूपान्तरण गर्नका लागि ज्यादै आवश्यक र सहयोगी छ । यसका लागि राजनीतिक दलहरूले चीन सरकार र जनतासँग निरन्तर र पारदर्शीपूर्ण अन्तरक्रिया गर्नु आवश्यक भइसकेको छ । जुन अन्तरक्रियामार्फत् चीनलाई भरपर्दो मध्यस्थकर्ता हुन सक्ने अवशर मिलोस् । अन्ततः चलखेल गर्ने विभिन्न मुलुकहरू भएपनि हाम्रा छिमेकी मित्र चीन र भारतको भरपर्दो मध्यस्थता नभई निरङ्कुशतन्त्र र पोलपोटतन्त्रको हतियार व्यवस्थित हुन सक्दैन । यस कुरामा स्पष्ट हुनै पर्दछ ।

▪

# बजै राष्ट्रपति

अफ्रिकी राष्ट्र लाइबेरियाको राष्ट्रपति पदमा निर्वाचित ६८ वर्षीया एलेन जोन्सन सरलिफले कार्यभार सम्हालिसकेकी छन् । यसबाट उनी अफ्रिकी महादेशकै पहिलो राष्ट्रप्रमुख बन्न पुगेकी हुन् । उनको जन्म १९३८ मा लाइबेरियाको राजधानी मोनरोभियामा भएको हो ।

उनका आमा-बाबु आदिवासी थिए र उनीहरूलाई अमेरिको-लाइबेरियनहरूले आफ्ना सन्तानका रूपमा ग्रहण गरेका थिए । अमेरिकामा दासताबाट मुक्त भएर लाइबेरियामा आएका पूर्वजका सन्तानहरूलाई अमेरिको-लाइबेरियन भनिन्छ । उनीहरूले नै सन् १८४७ मा लाइबेरियाको स्थापना गरेका हुन् ।

एलेनका पिता संसद्मा निर्वाचित पहिलो देशीय (native) लाइबेरियन हुन् । एलेनले मोनरोभियामै शिक्षा प्राप्त गरेकी थिइन् । कम उमेरमै बाबुको मृत्युपछि आफ्ना चार सन्तानलाई दुःखका साथ आमा मार्थाले हुर्काएकी थिइन् । एलेन यतिखेर भन्छिन्- 'बाल्यकालमा हामीले जे काम गर्‍यौं, त्यसले हामीमा कडा श्रम र इमानदारीको भावना जगायो ।'

एलेनले संयुक्त राज्य अमेरिकामा उच्च शिक्षाको अध्ययन गरिन् । १९७३ मा उनले जनप्रशासनमा हवार्ड युनिभर्सिटीबाट मास्टर्स डिग्री हासिल गरिन् । त्यसपछि उनी लाइबेरियामा फर्किन् । राष्ट्रपति विलियम टोल्वर्टको प्रशासनमा उनी सहायक अर्थमन्त्री भइन् । १७ वर्षको उमेरमा उनको विवाह भएको थियो ।

लाइबेरियामा आदिवासी लाइबेरियन तथा अमेरिको-लाइबेरिनयबीच सदियौंदेखि सामाजिक असमानता रहँदै आएको छ र त्यसले मुलुकलाई सामाजिक तथा राजनीतिक कलहमा जाकेको छ । र, यस्ता कलहले एकपछि अर्को तानाशाही शासनसमेत भित्र्याउने गरेको छ । '७० को दशकमा लाइबेरियाको एकदलीय शासनले सम्भ्रान्त अमेरिको-लाइबेरियनलाई मात्र पोसेपछि असन्तुष्टि बढ्यो ।

यसै परिस्थितिमा मास्टर सर्जेन्ट सामुएल कायोन डोले सैनिक 'कू' गरेर राष्ट्रपति टोल्वर्टलाई सत्ताच्यूत गरे । उनी आदिवासी क्रान जनजातिका थिए । त्यसपछि टोल्वर्टलगायत उनका कैयन मन्त्रीहरूलाई गोली ठोकेर मारियो । एलेन भने

मुस्किलले उम्केर केन्यामा पुगिन् । जब १९८४ मा सामुएल डोले आफूलाई राष्ट्रपति घोषित गरे र राजनीतिक पार्टीहरूमाथिको प्रतिबन्ध हटाए, तब एलेन आफ्नो मुलुकमा फर्किन् ।

अर्को वर्ष सिनेट सदस्यको निर्वाचनमा लड्दा उनले सैनिक शासनको खुलेरै विरोध गरिन् र राष्ट्रपति सामुएल डोको विपक्षमा आफूलाई उभ्याइन् । यसबापत उनलाई १० वर्षको जेल सजाय दिइयो । तर, चाँडै नै रिहा भएपछि उनलाई मुलुक छोड्ने अनुमति दिइयो । उनी फेरि निर्वासित जीवन बिताउन केन्यामा गइन् ।

लाइबेरियामा फेरि 'कू' भयो । चार्ल्स टेलरले सामुएल डोलाई सत्ताच्यूत गरे । सामुएल डोको पनि हत्या गरियो । सुरुमा एलेनले चार्ल्स टेलरको कदमको समर्थन गरेकी थिइन् । यस सम्बन्धमा हाल उनी भन्छिन्- 'सुरुका दिनहरूमा धेरै मानिसले टेलरको समर्थन गरेका थिए । तर, उनले सबैमाथि विश्वासघात गरे । उनी सत्ताको भोको थिए ।' जसले गर्दा सात वर्षसम्म लाइबेरियाले गृहयुद्धको खुनी पीडा भोग्नुपर्‍यो ।

एलेन पछि गएर टेलरको विरोधी बनिन् । १९९७ को राष्ट्रपति पदको निर्वाचनमा उनी टेलरविरुद्ध खडा भइन् । तर, निर्वाचनमा टेलर ७५ प्रतिशत मतका साथ विजयी भए । एलेनले १० प्रतिशत मात्र मत प्राप्त गरिन् । टेलर पराजित भएमा जङ्गलतर्फ लाग्नेछन् र फेरि युद्ध छेड्नेछन् भन्ने त्रासले गर्दा टेलरको पक्षमा विशाल मत खसेको थियो । निर्वाचनपश्चात् टेलरले एलेनमाथि राज्यघातको अभियोग लगाए । फलतः उनी फेरि मुलुकबाट पलायन भइन् । ००३ मा टेलर नै मुलुकबाट भागेपछि र सङ्क्रमणकालीन सरकार स्थापना भएपछि उनी मुलुकमा फर्किन् । उनले युनिटी पार्टीको नेतृत्व सम्हालिन् र सङ्क्रमणकालीन सरकारमा सक्रिय भूमिका निर्वाह गरिन् ।

लाइबेरियाको राजनीतिमा 'आइरन लेडी' भनिने एलेनले विभिन्न समयमा मुलुकबाहिर रहँदा विश्व बैंकलगायतका विभिन्न बैंकिङ् क्षेत्र, युएनडीपीका उच्च पदमा रहेर काम गरेकी थिइन् । उनी राजनीतिक नेतृत्वमा महिलासम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको संस्थापक सदस्यसमेत हुन् । उनका दुईवटा कृति 'फ्रम डिस्यास्टर टु डेभलपमेन्ट' र 'द आउटलूक फर कमर्सियल ब्याङ्क लेन्डिङ् टु सब-सहारान अफ्रिका' प्रकाशित छन् ।

फ्र्याङ्कलिन डेलानो रुजभेल्ट स्पिच अवार्ड, राल्फ बुन्चे इन्टरनेसनल लिडरसिप अवार्डबाट पुरस्कृत एलेनले सङ्क्रमणकालीन सरकारको समयमा महिला वकिलहरूको समूहमा काम गरेकी थिइन् र बलात्कारीलाई कडा सजाय दिनुपर्ने सिफारिस त्यो समूहले सरकारसमक्ष पेस गरेको थियो । स्मरणीय छ, सामुएल डोको सैनिक शासनमा जेलमा थुनिँदा एलेनमाथि समेत बलात्कारको प्रयास भएको थियो । तर, उनीप्रति सहानुभूति राख्ने एक जना गार्डले उनलाई जोगाएका थिए ।

लोग्नेबाट पारपाचूके भइसकेकी, चार छोरा र छ नाति-नातिनाकी बजै एलेनले गत वर्ष अर्थात् ००५ मा भएको निर्वाचनमा राष्ट्रपति पदमा विजय हासिल गरेर अफ्रिकी महादेशकै इतिहासमा कीर्तिमान कायम गरेकी छन् । त्यस निर्वाचनमा उनले चार लाख ७० हजार मत अर्थात् ६० प्रतिशत मत प्राप्त गरेकी थिइन् । एलेनले राष्ट्रपति पदको शपथ समारोहमा सार्वजनिक सम्पत्तिमाथिको लुटपाट र भ्रष्टाचारको क्यान्सरलाई समाप्त पार्ने प्रतिवद्धता जाहेर गरेकी छन् ।

तथापि, उनका लागि शासन सञ्चालन गर्नु सजिलो छैन । तीस लाख जनसङ्ख्या भएको लाइबेरियामा १९९० देखि ००३ को अवधिमा हिंसाले गर्दा डेढ लाख जनताको हत्या भएको थियो । जनसङ्ख्याको आधा हिस्सा नै विस्थापित भएको थियो । राजधानी मोनरोभियामा गत १५ वर्षदेखि बिजुली छैन । बेरोजगारी दर ८० प्रतिशत छ । अधिकांश स्कुलहरू बन्द छन् । वार्षिक प्रतिव्यक्ति आम्दानी एक सय डलर मात्र रहेको छ ।

*न्यूजविक* पत्रिकासँगको कुराकानीमा एलेनले भनेकी छन्- 'मैले आफ्नो समय, आफ्नो जीवन, आफ्नो सुरक्षाको लगानी यही मुलुकमा गरेकी छु । र, लाइबेरियन जनताले मेरो सधैँ रक्षा गरेका छन् । अब म उनीहरूकै पक्षमा उभिनु आवश्यक छ ।' एलेनको यो प्रतिबद्धताले सफलता हासिल गरोस् ।

▪

# सीएम सर अर्थात् चन्द्रमान कन्दङ्वा

**' विजय सुब्बा**

**फा**गुनको चौथो सातातिर होला सदाझैँ म बल्खु पुगेँ । 'ए विजय, तपाईंसँग सीएम सरको फोटो छ ?' कमरेड प्रदीप नेपालको त्यही प्रश्नले मलाई अचानक चिसो बनायो, जस्तो म आफ्नो घर तेह्रथुम लाग्दा चित्रे बजार तेर्सो हिँड्दा हुने गर्थें । किनभने, मैले अस्ति माघ १७ गते मात्र सीएम सरलाई निस्लोट बिरामी अवस्थामा भेटेर आएको थिएँ । सीएम सरको त्यो अवस्था अनि कमरेड प्रदीपको फोटो खोजाइले कुनै अर्कै घटनाको अनुमान भयो मलाई । मैले झट्टै सोधेँ- 'किन के भयो र फोटोको कुरा आयो कमरेड ?' अनि पो थाहा भयो, सीएम सर त फागुन १२ गते नै बित्नुभएछ । सूचनामा सधैँ ताजा रहिरहने प्रदीप नेपाल भन्दा अहिले पनि म तेह्रथुमको भईकन पनि तेह्रथुमकै सूचनामा पछि परेछु । प्रदीपबाट त्यो समाचार सुन्नेबित्तिकै

लाग्यो, 'होइन, कसरी मैले थाहा पाइनँ ?' मलाई सीएम सरको मृत्युको खबर ढिलो पाएकोमा चित्तै बुझेको थिएन । मैले त्यसैबेला साथीहरूसँग भनेँ पनि, 'होइन अस्ति मात्र पो भेटेर आएका हौँ ।'

सञ्जोगै हो भन्नुपर्छ, माघ २६ को नगरनिर्वाचन बहिष्कारका सिलसिलामा मोरङमा रहँदा उहाँसँग भेट भएको थियो । मलाई अपानि १२ अनुसार तेह्रथुममा खटाइए पनि अपानि १३ ले तेह्रथुममा नगरपालिका नहुनाले फर्काएको थियो र कोशी अञ्चल समन्वय कमिटीद्वारा कोशीकै नगरपालिकाहरूमा साहित्यिक/सांस्कृतिक अभियान चलाउने जिम्मा दिएको थियो । त्यसैबेला माघ १७ गते एक दिन फुर्सद भएको थियो र म मोरङको पथरी गएको थिएँ । अन्य आफन्त र साथीहरूका साथसाथै सीएम सरलाई भेट्ने चाहिँ मेरो मूल ध्येय थियो । बारम्बार सीएम सरलाई भेट्ने जमर्को गर्दागर्दै जान भ्याएको थिइनँ । फोनबाट एक-दुईपल्ट उहाँबाट लेखिएको कम्युनिस्ट आन्दोलन (विशेषगरी तेह्रथुमसँग जोडिएको) को लेखोट वा पुस्तकहरू भए पाउन भनी फोनसम्म भएको थियो । म को हो ? कसको सन्तान हुँ भन्ने सबै कुरा उहाँलाई थाहा थियो तर प्रत्यक्ष भेटघाट थिएन र चिन्नुहुन्नथ्यो । मैले पनि उहाँको तेह्रथुम छँदाको कम्युनिस्ट क्रियाकलाप थाहा पाइसकेपछि अति सम्मान गर्दै आएको मान्छे भए पनि सीएम सरलाई भेटेको चाहिँ थिइनँ । त्यसैले म त्यसबेला पहिले सीएम सरलाई भेट्न गएँ, उहाँको पथरी बजारस्थित एभरेस्ट बोर्डिङ् स्कुलमा । मलाई यो काममा मेरो साढुभाइ अनुप राईले सहयोग गरेका थिए । स्कुलको कम्पाउन्डमा प्रवेश गऱ्यौँ र तलै भेटिएका मान्छेलाई सोध्यौँ- 'सीएम सर कहाँ हुनुहुन्छ ?' भनेर । उनले 'माथि हुनुहुन्छ' भने र हामी एक तलामाथि चढ्यौँ । सर आफ्नो अफिसमा हुनुहुन्छ होला, कस्तो हुनुहुन्छ होला भन्ने मनमा कुरा खेलाउँदै माथि चढेपछि मैले अफिस कोठामा हेरेँ । अफिस खाली थियो । त्यसपछि त्यहीँ भेटिएकी एक जना महिलालाई सोध्यौँ- 'सर खोइ ?' भनेर । उनले 'उत्ताबाट जानुपर्छ' भनिन् । फेरि मैले सोचेँ- 'सर त बार्दलीबाट घुमेर उता गएपछिको कोठाको अफिसमा पो बस्नुहुँदो रहेछ, व्यस्त हुनुहुन्छ होला' भन्ने सोच्दै हामी पछाडि घुमेर गयौँ र कोठामा हेऱ्यौँ । सर त त्यहाँ पनि हुनुहुन्न । त्यसपछि अर्को कोठामा चाहिँ अफिस सामान थिएन, त्यो बैठक कोठा थियो । त्यही बार्दलीमा भेटिएकी अर्की एउटी बहिनीलाई सोध्यौँ- 'सीएम सर खोई ? वहाँ त हुनुहुन्न नि ?' भनेर । उनले हामी उभिएको बार्दलीबाट यस्सो दुई-अढाई फिट सिँढी झरेर जानुपर्ने सीधा पल्लो छेउको पूर्वपट्टिको कोठामा देखाएर 'त्यहाँ हुनुहुन्छ' भनिन् । अनि, यसो हेर्दा स्कुलको छाँट नपरेको, मान्छे बस्ने खालको कोठातिर गयौँ । कोठा ढक्ढक्याएर पस्यौँ । त्यो उहाँको बस्ने कोठा रहेछ । मैले कल्पना गरेको थिएँ सर त दुब्लोदुब्लो, होचोभन्दा साह्रै होचो पनि होइन ठीक्कको उचाइ, खुलेको व्यक्तित्वका हुनुहुन्छ होला' भनेर । तर, त्यस्तो त होइन रहेछ । खुलेको व्यक्तित्वसम्म त मिल्यो तर दुब्लो र होचोहोचै होला भन्ने कुरा त मिल्दै मिलेन । कोठामा पसेपछि हेरेँ, दुईवटा खाटमध्ये एउटामा सर र अर्कोमा उहाँकी श्रीमती बस्नुभएको थियो । म र सँगै जाने भाइ भने सामुन्नेको सोफामा बस्यौँ । कोठामा सरका विभिन्न बेलाका खाइलाग्दा, हेर्दै यी त ठूला मान्छे रहेछन् भन्ने खालका तस्बिरहरू झुन्ड्याइएका थिए । दराजभित्र प्रशस्त कम्युनिस्ट पुस्तकहरू ।

मेरो ठूलो धोको थियो- सरसँग तेह्रथुमको कम्युनिसट आन्दोलनबारे कुरा गर्ने तर त्यो सबै धोको पूरा भएन । सर त निस्लोट भएर ओछ्यानमा पर्नुभएकै झन्डै वर्ष दिन भइसकेको रहेछ । उहाँ कुरा गर्ने अवस्थामा हुनुहुन्थेन । उहाँ द्रेबेपट्टि भित्तातिर फर्केर सुत्नुभएको थियो । तैपनि उहाँको श्रीमतीले अनुहारसम्म हेराउनका लागि हामीतिर सरलाई फर्काइदिनुभयो । मैले नातामा उहाँ ज्वाइँ पर्ने भए पनि सम्मानपूर्वक नमस्कार गरेँ, आफ्नो परिचय दिएँ । उहाँले अलिअलि मात्र टाउको हल्लाउनुभयो । निकै बेर बसेर कुराकानी गरेपछि पो थाहा भो, उहाँहरू त मेरो तँ-तँ र म-म को साथी नरजीत थाम्सुहाङको सासु-ससुरा पो हुनुहुँदो रहेछ ।

आखिर सरसँग कुराकानी गर्न नपाएपछि मेरो समय उब्रियो र मैले पारिवारिक कुराहरू सोधेरै बिताएँ । सीएम सरले राजनीतिक पुस्तक मात्र लेख्नुभएको होला, सोचेको थिएँ र त्यही लोभले पनि म त्यहाँ पुगेको थिएँ । तर, राजनीति त होइन, उहाँले त पाँचवटा साहित्यिक पुस्तकहरू पो प्रकाशित गरिसक्नुभएको रहेछ । अरू र आफैँले गरी उहाँका राल्फा वस्ती (कथासङ्ग्रह)-०५६, विद्रोह (कथासङ्ग्रह)-०५७, पूर्व उज्यालो हुनुभन्दा पहिलेका गीतहरू (उपन्यास)-०५९, पाइतलाका छापहरू (उपन्यास)-०६० र अनि धर्ती बोल्छ (उपन्यास)-०६२ पुस्तकहरू प्रकाशित भएको देखिन्छ । सीएम सर राजनीतिभन्दा बढी साहित्यिक हुनुभएको कुरा उहाँको यही प्रकाशनहरूले देखाएको छ । जीवनको अन्त्यतिर मात्र आफ्ना साहित्यिक कृतिहरू प्रकाशित गर्नुभएका साहित्यकार सीएम सरको मार्क्सवादी दर्शनशास्त्रको पुस्तक त भर्खर प्रकाशोन्मुख अवस्थामा मात्र पो रहेछ । वि.सं. ००८ का कम्युनिस्ट पार्टीका कार्यकर्ता तेह्रथुममा बलियो न बलियो राजनीतिक छवि भएको व्यक्तिले धन्न राजनीतिक पुस्तक लेख्न थाल्नुभएछ । उहाँलाई जान्नेले सोच्दा त्यही चाहिँ पहिले छापिनुपर्ने पो हो भन्दछन् । मैले उहाँको छोरासँग बुबाका किताबहरू मागेँ । तर, के थाहा नि ती पुस्तकहरू यति छिटै चाहिहाल्छन् भनेर, मैले सबै झापाको आफ्नो घरमा अरू किताबसँग राखेर आएँ । उता गएको बेला पनि त पढ्नलाई चाहिन्छ भनेर । यस्तो बेला काठमाडौँ आउँदा दर्जनौँ चोटि सुरक्षाजाँचमा झोला बोक्नुपर्ने पीरले ती पुस्तकहरू बोकेरै आउने प्राथमिकतामा नपरेकैले काठमाडौँमा ल्याइनँ । तर, अहिले थकथक लागिरहेछ, 'त्यति नाथे पाँचवटा पुस्तकले कति चाहिँ भारी हुन्थ्यो होला र' भन्छु । यसरी मैले अति सम्मान गरेको व्यक्ति, तेह्रथुमका कम्युनिस्टहरूले अति नै सम्मानका साथ लिने गरेको नाम र मोरङमा पनि अत्यन्त श्रद्धाका पात्र वरिष्ठ एवम् पुराना कम्युनिस्ट सीएम कन्दङ्वासँग मेरो प्रथम तथा अन्तिम भेट भएको थियो । मलाई त मनमा बित्नु नै हुन्छ जस्तो त लागिहालेको थिएन, त्यसैले छुट्ने बेलामा निको हुनुभएपछि भेट्न आउँछु भनेर हिँडेको थिएँ । तर, अरू साथीहरूले चाहिँ 'अब माया मारियोजस्तो छ' भन्दै थिए । त्यो सुन्दा मलाई कताकता अलिअलि रिस पनि उठेको थियो । तर, म एक दिन र त्यो पनि एक-डेढ घण्टा बसेर आउनेको कुरा भन्दा त्यहीँ बस्दै आएका साथीहरू नै सही रहेछन् । अन्ततः सीएम सर बित्नुभयो । प्रदीप नेपालका शब्दमा 'जीवनमा कहिल्यै नझुकेका, दृढ खम्बा कम्युनिस्ट' चन्द्रमान कन्दङ्वाले आफ्नो बलबुताले भ्याएसम्म कम्युनिस्ट आन्दोलनमा इँटा थप्ने काम गर्नुभयो । त्यस्तो मान्छेका बारेमा बेखबर भएकोमा उहाँका छोराहरू अहिले पश्चात्ताप गर्नुहुन्छ, बुबालाई हामीले पूर्ण रूपमा बुझेनछौँ भन्दै ।

चन्द्रमान कन्दङ्वाको जीवनमा रहेको मुख्य पाटो भनेको तेह्रथुममा रहँदाको अगुवा, सक्रिय, क्षमतावान् कम्युनिस्ट नेता भएर गर्नुभएको काम र समय नै होला भन्ने लाग्छ । वर्तमानको तेह्रथुममा कम्युनिस्ट आन्दोलनको वीजारोपण गर्ने व्यक्ति नै चन्द्रमान कन्दङ्वा हुनुहुन्थ्यो । उहाँले धनकुटाका रामप्रसाद पोखरेलबाट मार्क्सवादी शिक्षाको अध्ययन गर्ने प्रेरणा पाउनुभएको थियो । उहाँ वि.सं. ००९ मा विराटनगरका महेश उपाध्याय र धनकुटाका प्राध्यापक शिवकुमार श्रेष्ठबाट पार्टीको औपचारिक सम्पर्क लिएर तेह्रथुममा आउनुभएको थियो । त्यसअघि ००७ सालमा दार्जीलिङबाट पसेर पुशपति नगर कब्जा गर्ने अभियानमा उहाँ पनि नेतृत्वदायी व्यक्ति हुनुहुन्थ्यो ।

नेकपा (एमाले), तेह्रथुम जिल्ला कमिटीलाई सीएम सरले दिनुभएको जानकारी अनुसार वि.सं. ०१० तिर निलम श्रेष्ठ सचिव रहेको नेकपा धनकुटा जिल्ला कमिटी बन्यो । त्यसमा सदस्यका रूपमा सीएम सर पनि हुनुहुन्थ्यो । त्यसबेला धनकुटाअन्तर्गत वर्तमान तेह्रथुम, सङ्खुवासभा, धनकुटा, ताप्लेजुङ, पाँचथर पनि पर्दथ्यो । सीएम सर ००९ सालमा तेह्रथुम आएपछि सदरकामको तत्कालीन सिंह बाहिनी मिडिल स्कुलमा शिक्षक हुनुभयो । उहाँकै सक्रियतामा ०१० सालमा नेपाल राष्ट्रिय विद्यार्थी फेडेरेसनको इलाका कमिटी बन्यो, जसको अध्यक्षमा विष्णुकुमार तुम्वाहाङ्फे रहनुभएको थियो ।

**नेकपा धनकुटा (तेह्रथुम) को प्रथम जिल्ला अधिवेशन**

०११ सालमा नेकपाका तत्कालीन महासचिव कमरेड मनमोहन अधिकारीको प्रमुख आतिथ्यमा तेह्रथुमको साब्लामा तत्कालीन धनकुटा जिल्लाको प्रथम जिल्ला अधिवेशन भएको थियो । जसको सचिवमा धनकुटाका शिवकुमार श्रेष्ठ र सदस्यहरूमध्ये सीएम सर पनि एक हुनुहुन्थ्यो ।

०१३ सालमा सर आफ्नो गाउँ आठराईतर्फ लाग्नुभयो र त्यहाँ पनि उहाँ चुप लागेर बस्नुभएन । उहाँको अगुवाइमा धेरै नयाँ पुस्ताका कार्यकर्ताहरू निस्किए । उहाँकै उत्पादन हो तेह्रथुमका अर्का अत्यन्त सम्मानित नेता तथा पूर्व सांसद सूर्यप्रसाद कन्दङ्वा । आठराई ठेगाना भएका नेपालका कम्युनिस्ट नेताहरू सीएम सरलाई गनेर ल्याउँदा तेस्रो पुस्तामा मात्र गनिन्छन् ।

०१४ सालको अन्त्यतिर नेकपाको आठराई इलाका कमिटी बन्यो । त्यसमा सीएम सर, सूर्यप्रसाद कन्दङ्वा, भक्तराज कन्दङ्वालगायतका व्यक्तिहरू रहनुभएको थियो । त्यसबेला आठराई आन्दोलनको पूर्वकै ज्योतिसरह थियो ।

**नेकपा धनकुटा (तेह्रथुम) को दोस्रो जिल्ला अधिवेशन**

०१४ सालमा चन्द्रमान कन्दङ्वा, विष्णुकुमार तुम्वाहाङ्फे र वल्लभमणि दाहाल रहेको तीन सदस्यीय अधिवेशन आयोजक समिति (जसलाई गोस्वारा कमिटी पनि भनिन्थ्यो) बन्यो । गोस्वारा भनिनुको कारण त्यस कमिटीले धनकुटा, तेह्रथुम, सङ्खुवासभा, ताप्लेजुङसमेतलाई हेर्नुपर्ने भएकाले रहेछ । ०१५ सालमा तेह्रथुमकै मियङ्लुङ्मा दोस्रो जिल्ला अधिवेशन भएको थियो । सो अधिवेशनले विष्णुकुमार तुम्वाहाङ्फे सचिव र निलम श्रेष्ठ, चन्द्रमान कन्दङ्वा, नरबहादुर कुथुमी, वल्लभमणि दाहाल, मित्रलाल सुवेदी, नेत्र गुरागाईं (सहिद) आदि सदस्यहरू रहेको जिल्ला कमिटी चुनेको थियो । त्यस समयमा उहाँ आठराई चुहानडाँडाको विद्यालयमा शिक्षक काम गर्नुहुन्थ्यो ।

०१५ सालको आमनिर्वाचनपछि आठराईको सङ्क्रान्ति बजारमा नेकपाको क्षेत्रीय भेला सम्पन्न गरियो । आठराई, ताप्लेजुङ र पाँचथरका प्रतिनिधिहरूले भाग लिएको सो भेलामा वल्लभमणि दाहाल सचिव र सदस्यहरूमा चन्द्रमान कन्दङ्वा, सूर्यप्रसाद कन्दङ्वा, भक्तराज कन्दङ्वा आदि रहेको क्षेत्रीय कमिटी निर्माण गरेको थियो । उहाँले ०१९/२० सालतिर भने ताप्लेजुङको सिनाममा शिक्षक काम गर्नुभएको हो । सीएम सर तेह्रथुममा रहुन्जेल कहिल्यै चुपचाप बस्नुभएन । उहाँले कतै न कतै केही न केही काम गरिरहनुभएकै हुन्थ्यो । ०१७ सालको कालो काण्डपछि तेह्रथुमका कम्युनिस्ट नेताहरू पनि छिन्नभिन्न भएर गए । विष्णुकुमार तुम्वाहाङ्फे र वल्लभमणि दाहालजस्ता व्यक्तिहरू पञ्चायततर्फ लागेका थिए । ०१७ सालदेखि ०२४ सालसम्म त राजनीतिक शून्यता नै छाएको थियो । ०२५ सालको सुरुमै नरेश शाक्य आठराईमा पुग्नुभयो । ०२६ सालमा उहाँ पूर्णकालीन कार्यकर्ता बन्नुभयो । अब तेह्रथुममा कामले पुनः गति लिन थालेको थियो । ०२५/२६ मा सीएम सर फेरि चुहानडाँडा आठराई फर्किनुभयो र सङ्क्रान्ति बजारको स्कुलमा शिक्षक हुनुभयो । ०२७ देखि सूर्यप्रसाद कन्दङ्वा पनि पूर्णकालीन कार्यकर्ता बन्नुभयो । काम निकै तेज गतिका साथ अघि बढ्न थाल्यो । इलाका (क्षेत्रीय) कमिटी पुनर्जीवित भयो । नरेश शाक्य, सूर्यप्रसाद कन्दङ्वा र चन्द्रमान कन्दङ्वा, नन्दकुमार प्रसाईंजस्ता त्यसबेलाका कार्यकर्ताहरूबाट नै तेह्रथुमको कम्युनिस्ट आन्दोलनले अत्यन्तै मलिलो माटो पाएको थियो । आठराई क्षेत्र वास्तवमा ०१७ सालपछि त अभूतपूर्व रूपमा लालकिल्ला बनेको थियो । ०१७ सालअघि भने तेह्रथुमको कम्युनिस्ट आन्दोलनको केन्द्र फेदाप क्षेत्र थियो ।

**नेकपा तेह्रथुमको तेस्रो जिल्ला अधिवेशन**

०२६ सालमा पूर्व कोसी प्रान्तीय कमिटीको सम्पर्कबाट आठराई पोखरीमा तेस्रो जिल्ला अधिवेशन भयो । सो अधिवेशनले मित्रलाल सुवेदी सचिव र चन्द्रमान कन्दङ्वा, सूर्यप्रसाद कन्दङ्वा, नरेश शाक्य, नन्दकुमार प्रसाईं आदि सदस्यहरू रहेको जिल्ला कमिटी चुनेको थियो । तेह्रथुम जिल्ला भईकनको यो पहिलो जिल्ला अधिवेशन थियो । यसअगाडिका अधिवेशनहरूमा तेह्रथुम एउटा अंश मात्र भए पनि नेकपा (एमाले) तेह्रथुमले ०११ र ०१५ सालका दुईवटा अधिवेशनमा पनि तेह्रथुमको केन्द्रीय भूमिका हुनु र अधिवेशनहरू पनि तेह्रथुममै सम्पन्न भइआएकाले दुवैलाई जोडेर अहिले पनि ०११ सालको तत्कालीन धनकुटा जिल्लाको प्रथम अधिवेशन भए पनि त्यसलाई प्रथम मान्दै आएको छ ।

नरेश, शाक्य, सूर्यप्रसाद कन्दङ्वा, चन्द्रमान कन्दङ्वा, नन्दकुमार प्रसाईं आदिका अथक प्रयत्नबाट तेह्रथुमको पार्टी काम अत्यन्त तेज गतिका साथ चलिरह्यो । ०२७ सालतिर सीएम सर पक्राउ पर्नुभयो र तेह्रथुमको जेलमा राखियो । नरेश शाक्यलाई धनकुटा जेलमा राखिएको थियो । पछि नरेश शाक्य विराटनगरबाट र सीएम सर तेह्रथुमबाटै छुट्नुभयो । ०२६/२७ साल नै सरको तेह्रथुममा अन्तिम बसाइ थियो होला । त्यसपछि भएको ऐतिहासिक झापा विद्रोहका कारण नेपालको राजनीतिले अर्को मोड लिएको थियो । तेह्रथुमको कम्युनिस्ट आन्दोलनको सुरुवातकर्ता चन्द्रमान कन्दङ्वा (सीएम सर) ले तेह्रथुम बसिन्जेल काममा थकाइ मार्नुभएन । जेजति नेतृत्वकारी कमिटीहरू बनेका थिए, सबैमा सीएम सर छुट्नुहुन्नथ्यो । उहाँले कति काम

गर्नुभयो, स्तुत्य त छँदैछ, उहाँका कारणले तेह्रथुमका सूर्यप्रसाद कन्दङ्वाहरू जन्मनु चाहिँ अत्यन्तै महत्त्वको कुरा थियो । हामी सानो छँदा 'सूर्य कन्दङ्वा रे' भनेर कुनै कथाको तिलस्मी पात्रजस्तो मानेर हेर्दथ्यौं । त्यस्ता मान्छेलाई हुर्काउने सीएम सरलाई धेरै मान्छेले चिन्छन् र चिन्दैनन् पनि । किनभने, अहिले सीएम सरहरू चाहिन छाडेका छन् ।
अहिले मैले सीएम सरको कुराहरू लेखिरहँदा तेह्रथुमसँग जोडिएका सन्दर्भहरू मात्र उठाएको छु । त्यसपछि सायद उहाँ मोरङको पथरीमा झर्नुभएको होला । दार्जीलिङको लिम्बूवस्तीमा १९८५ चैत २५ गते बुबा बृखमान कन्दङ्वा र आमा हेमरूपा वान्तवा खेङ्युङको कोखबाट जन्म लिएको र उतै शिक्षादीक्षाप्राप्त सरले तेह्रथुममा ००९ सालमा आएपछि शिक्षक भएर काम सुरु गर्नुभो । वामपन्थी आन्दोलनमा भने उहाँ ००८ सालमै लाग्नुभएको थियो । त्यसपछि हर्क खड्का (पुराना राजबन्दी) को गाउँ ज्यामिरेमा शिक्षकै काम गर्नुभयो । उहाँले जीवनमा धेरै वर्ष शिक्षक भई बिताउनुभयो । त्यसैले नै होला, पछि पनि उहाँले पथरीमा विद्यालय खोलेर आफ्नो व्यवहार चलाउनुभयो । शिक्षण पेसा नै अपनाउनुभयो । र, आफ्नो जीवनको अन्तिम सास पनि आफैंले बनाएको स्कुलमा लिनुभयो । आज एउटा इमानदार कम्युनिस्ट, बुद्धिजीवी, साहित्यकार, शिक्षक र समाजसेवी चन्द्रमान कन्दङ्वाको भौतिक जीवन समाप्त भएको छ । त्यसभन्दा पर उहाँका कम्युनिस्ट शिष्यहरू कोही कहाँ पुगे, कोही कहाँ पुगे तर उहाँ जहीँको त्यहीँ हुनुहुन्थ्यो-अन्तिम घडीसम्म अर्थात् उहाँ कम्युनिस्ट हुनुभयो र कम्युनिस्ट भएरै सकिनुभयो । लोभलालच, जनताप्रतिको बेइमानी, देशप्रतिको गद्दारीजस्ता कुराहरू उहाँको शब्दकोशमा पर्दैनथे । त्यस्तै मान्छे सूर्य कन्दङ्वा जीवितै रहेको बखत बारम्बार भन्ने गर्नुहुन्थ्यो- 'हत् ! सीएम सर त साह्रै ठीक मान्छे पो त !' हुन पनि उहाँलाई नेकपा (एमाले) ले पटकपटक गरी चारपटक अभिनन्दन गरिसकेको छ । आदरणीय गुरु, तेह्रथुमको कम्युनिस्ट आन्दोलनका प्रथम व्यक्ति चन्द्रमान कन्दङ्वा (सीएम सर) लाई म पनि हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । अहिले सोच्दैछु, एकैचोटि भए पनि सरसँग धन्न भेट भएछ । ■

# के नेपालको अर्थतन्त्र डुब्दैछ ?

**' डा.गोविन्दबहादुर थापा**

जब मुलुकको राजनीति लामो समयसम्म चरम द्वन्द्व र विवादमा फसेको छ र निकास कहिले र कसरी निस्कने हो भन्ने कुराको अत्तोपत्तो छैन, तब त्यस्तो मुलुकको अर्थतन्त्र ठीकठाक छ भनी कल्पनासम्म पनि गर्न सकिँदैन । कसैले ठीकठाक छ भन्छ भने पनि त्यसलाई विश्वास गर्न सकिँदैन । तर, ठीकठाक छैन भन्नुको अर्थ अर्थतन्त्र खत्तम भइसक्यो भन्ने पनि होइन । अर्थतन्त्रका प्रमुख परिसूचकहरू नकारात्मक भइसकेका छैनन् । यद्यपि, तिनको दर न्यून छ र झन्झन् न्यून हुँदै गएका छन् । उदाहरणका लागि बैंकहरूबाट निजी क्षेत्रलाई गएको कर्जा ६.१ प्रतिशतले बढेको छ भने बैंकहरूको निक्षेप ९म्भउयकष्तृ० ५.८ प्रतिशतले बढेको छ । २०६२ पुस मसान्तसम्ममा कुल निर्यात १५.१ प्रतिशतले र कुल आयात २२.५ प्रतिशतले बढेको छ । तेस्रो मुलुकतर्फ निर्यात हुने प्रमुख वस्तु तयारी पोसाक र ऊनी-गलैचा निर्यात क्रमशः १०.३ प्रतिशतले र ३.६ प्रतिशतले घटेता पनि पस्मिना १२.८ प्रतिशतले, दाल १७१.८ प्रतिशतले, सुनचाँदीका गहना १४.६ प्रतिशतले र चिया निर्यात ११.७ प्रतिशतले बढेको छ । आव ०६१/६२ मा ५ अर्ब ७४ करोड रुपियाँबराबरको शोधनान्तर ९द्यबबिलअभ या उबथ्mभलत० वचत भएकोमा चालू वर्षको पहिलो चार महिनामा चार अर्ब १३ करोड रुपियाँबराबरको शोधनान्तर वचत भएको छ । विदेशी मुद्राको सञ्चिति एक खर्ब ४० अर्ब रुपियाँ पुगेर १०.४ महिनाको आयात धान्न पुग्ने अवस्थामा रहेको छ ।

त्यसैगरी सरकारी बजेटतर्फ पनि ०६२ फागुन मसान्तसम्ममा राजस्व ४.६ प्रतिशतले, वैदेशिक नगद अनुदान ५१.९ प्रतिशतले र वैदेशिक नगद ऋण ७२.३ प्रतिशतले बढेको छ । र, फागुन मसान्तसम्मको सरकारी कारोबारमा सरकारी खातामा दुई अर्ब २५ करोड रुपियाँभन्दा बढीको वचत रहेको छ । यसरी यी सबै हालैका समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक छन् । तर, यी परिसूचकहरू निश्चित रूपमा उत्साहजनक र सन्तोष गर्न सकिने खालका छैनन् । मुलुक जुन स्थितिबाट गुज्रिरहेको छ, त्यस आधारमा यी परिसूचकहरू निश्चित रूपमा पत्याउन सकिने खालका छैनन् । किनभने, मुलुकमा जुन माहोल कायम रहेको छ, त्यस आधारमा जोसुकैले पनि यी परिसूचकहरू ऋणात्मक हुनुपर्ने अनुमान गर्छ । तर, यी वास्तविक तथ्याङ्क भएकाले नपत्याई सुखै छैन । नेपालका प्रमुख दातृसंस्था र राष्ट्रहरूले नेपाललाई दिइने सहायता बन्द गरिएको घोषणा गरेता पनि आँकडाहरूले त्यसविपरीतको स्थिति देखाएका छन् । यो अत्यन्त विचारणीय विषय छ ।

तर, केही आर्थिक परिसूचकहरू निश्चित रूपमा ऋणात्मक छन् । उदाहरणका लागि तेस्रो मुलुकतर्फको निर्यात ५.१ प्रतिशतले घटेको छ । (अमेरिकी डलरको तुलनामा नेपाली मुद्राको पुनःमूल्यनलाई समायोजन गर्ने हो भने यो ह्रास कम हुन आउँछ ।) मूल्यवृद्धिदर विन्दुगत आधारमा ८.८ प्रतिशतले बढेको छ र हालै गरिएको पेट्रोलियम पदार्थको उच्चदरको मूल्यवृद्धिबाट यस वर्ष मूल्यवृद्धि डबल डिजिटमा पुग्ने बलियो सम्भावना छ । यो वर्ष उत्पादनमा ह्रास र आपूर्ति व्यवस्थामा निरन्तरको व्यवधानका कारणले पनि मूल्यमा चाप परिरहेको छ । त्यसैगरी सरकारको विकास खर्च साधारण खर्चको पाँच

भागको एक भागमा सीमित भएको छ भने साधारण खर्च महिनाको सरदर पाँच अर्ब रुपियाँको उच्च दरमा भइरहेको छ। मोफसलको त कुरै छोडौं, राजधानी उपत्यकामा समेत विकासको नाममा सिन्को नभाँचिएबाट पनि यो कुरा पुष्टि हुन्छ। द्वन्द्वका अतिरिक्त लागू गरिएको विद्युत्को लोडसेडिङ्बाट पनि अर्थतन्त्रमा गम्भीर किसिमको प्रतिकूल असर पारिरहेको छ।

यी सबै कुराहरूबाट अर्थतन्त्र गम्भीर सङ्कटको स्थितिबाट गुज्रिरहेको प्रस्ट हुन्छ। तर, नेपालको अर्थतन्त्र र जारी द्वन्द्वको प्रकृतिलाई गम्भीरतापूर्वक नियाल्दा अर्थतन्त्र तत्काल र अझ केही समयसम्म डुबिहाल्ने स्थितिमा देखिँदैन। नेपालको अर्थतन्त्रको प्रकृति कस्तो छ भने सम्पूर्ण ग्रामीण अर्थतन्त्र निर्वाहमुखी छ र द्वन्द्व त्यही निर्वाहमुखी अर्थतन्त्र भएको ठाउँमा केन्द्रित छ। अर्थात्, द्वन्द्वबाट बढी मात्रामा ग्रामीण अर्थतन्त्र प्रभावित छ। प्रमुख आर्थिक परिसूचकहरू आधुनिक आर्थिक क्रियाकलापहरूमा आधारित छन्। र, यस्ता आर्थिक क्रियाकलापहरू बढी मात्रामा सहरकेन्द्रित छन्। र, सहरी क्षेत्र द्वन्द्वबाट त्यति प्रभावित छैन। बैंकहरूबाट जाने कर्जा अत्यधिक मात्रामा सहरका उद्योग, व्यापार, व्यवसायहरूमा गएको छ र बैंकहरूमा जम्मा हुने डिपोजिटको ठूलो अंश पनि सहरियाहरूकै छ। त्यसैले बैंकिङ् क्षेत्रसँग सम्बन्धित परिसूचकहरू सकारात्मक छन्। मुलुकबाट हुने निर्यातको अत्यधिक ठूलो अंश पनि सहरी क्षेत्रकै छ र आयातको त्यत्तिकै ठूलो अंशको खपत पनि सहरी क्षेत्रले नै गर्दछ। त्यसैले मुलुकको वैदेशिक व्यापारसँग सम्बन्धित परिसूचकहरू पनि सकारात्मक रहेका छन्। सहरी क्षेत्रका उद्योग, व्यापार, व्यवसाय, बैंक तथा वित्तीय क्षेत्र र वैदेशिक व्यापार आदि आधुनिक आर्थिक क्रियाकलापहरू द्वन्द्वबाट अप्रभावित वा कम प्रभावित भएकाले सरकारको राजस्व परिचालन सकारात्मक रहेको छ। अर्कोतिर, सरकारलाई उल्लेख्य मात्रामा वैदेशिक नगद अनुदान र ऋण प्राप्त भइरहेको माथि उल्लेखित आँकडाले देखाउँछ। त्यसका अतिरिक्त सरकारले पहिलेदेखि नै हरेक वर्ष १०-१२ अर्ब रुपियाँबराबरको आन्तरिक ऋण उठाउने गरेको छ। यी सबै स्रोतहरूबाट सरकारलाई प्राप्त भइरहेको वित्तीय साधनबाट सरकारलाई मनलाग्दी खर्च गर्न पुगेको छ। सरकारले विकासका निमित्त खर्च नगरेकाले उपलब्ध साधन हालसम्म सरकारलाई पर्याप्त भइरहेको छ। अझ उपलब्ध भएजति साधन पूरै खर्च नभएर बचतसमेत रहेको छ।

यसरी सरकारलाई हालसम्म आवश्यक वित्तीय साधन उपलब्ध भइरहेकाले सरकारका निजामती, जङ्गी, प्रहरी आदि कर्मचारी र सरकारी स्कुलका शिक्षकहरूले नियमित रूपमा तलब पाइरहेका छन्। सेवा निवृत्त कर्मचारी तथा शिक्षकहरूले नियमित रूपमा निवृत्तिभरण पाइरहेका छन्। सरकारले आफ्नो आन्तरिक तथा बाह्य ऋणको सावाँ तथा ब्याज नियमित रूपमा भुक्तानी गरिरहेको छ। निक्षेपकर्ताहरूलाई उनीहरूको रकम फिर्ता गर्न बैंकहरूसँग रकमको अभाव छैन। त्यसको अतिरिक्त रेमिटेन्स र अन्य श्रोतबाट प्राप्त भइरहेकाले विदेशी मुद्राको सञ्चिति निरन्तर बढिरहेको छ।

द्वन्द्वका कारणले ग्रामीण क्षेत्रमा निजी निर्माण कार्य र सरकारी क्षेत्रबाट हुने निर्माण कार्यहरू लगभग ठप्प छन्। तर, सहरी क्षेत्रमा निजी गृह निर्माण कार्य तीव्र रूपमा विस्तार भइरहेको छ। यसको पुष्टि चालू आर्थिक वर्षको प्रथम पाँच महिनामा सिमेन्ट, एमएस विलेट, एमएस वायर रड, पाइप र पाइप फिटिङ्, स्टिल रड र सिट, बिजुलीका सामानहरू आदिजस्ता निर्माण सामग्रीहरूको आयात उल्लेख्य रूपमा बढ्नुबाट हुन्छ। त्यसैगरी यस अवधिमा कोइला, हट रोल्ड सिट, मेसिनरी र तिनका पार्ट्स, कागज, धागो, तामाको तार, रड, स्क्र्याप र सिट, पोलिथिन ग्र्यानुअल आदिजस्ता औद्योगिक कच्चा पदार्थहरूको र शृङ्गारका सामान, फलफूल, तरकारी, औषधि, तयारी पोसाक, सवारी तथा ढुवानीका साधन र तिनका पार्ट्सपुर्जाहरू, रेडियो, टीभी र डेक, पेट्रोलियम पदार्थ, खाद्य तेल, कच्चा पाम आयलजस्ता उपभोग्य, विलासिता र सुविधाका सामग्रीहरूको आयात पनि उल्लेख्य मात्रामा बढेको छ। यस्ता महत्त्वपूर्ण वस्तुहरूको आयात वृद्धिबाट सरकारलाई राजस्व प्राप्त भएको छ भने प्रमुख सहरी क्षेत्रहरूमा व्यापार र व्यवसाय चलिरहेको छ। बर्सेनि करिब एक खर्ब रुपियाँबराबरको निपाल भित्रिने विप्रेषण ९च्झ्ष्ततबलअभ०, निजी क्षेत्रका यावत पेसा-व्यवसायहरूबाट आर्जित हुने आय, सरकारको तर्फबाट हतियार खरिद र वैदेशिक ऋणको साँवाव्याज भुक्तानीबाहेक अन्य कार्यमा हुने खर्चको ठूलो अंश र निर्यातबाट हुने आर्जन सहरी क्षेत्रमा नै एकत्रित हुने गर्दछ। यही आर्जनबाट सहरी क्षेत्रको सम्पूर्ण व्यापार, व्यवसाय चलिरहेको छ, आयात र उत्पादनको खपत भइरहेको छ, होटल र रेष्टुराँहरू चलिरहेका छन्, निजी क्षेत्रका विद्यालय, कलेज, नर्सिङ् होम र अस्पतालहरू, यातायात र ढुवानीका साधनहरू चलिरहेका छन्। द्वन्द्वबाट सहरी क्षेत्रका यी आधुनिक आर्थिक क्रियाकलापहरू प्रभावित भएका छैनन् र भएका भए पनि कम मात्र भएका छन्। यो हो नेपाली अर्थतन्त्रको अहिलेको धरातलीय यथार्थ। त्यसैले आर्थिक क्षेत्रबाट राज्यले दबाब महसुस गरिरहेको छैन।

बरु भएको के छ भने उत्तर र दक्षिणतर्फका छिमेकीहरू आर्थिक विकासको बाटोमा जुन तीव्र गतिमा अगाडि बढिरहेका छन्, नेपालमा द्वन्द्व र राजनीतिक अस्थिरता तथा अन्योलबाट त्यो अवरुद्ध भएको छ। विगत वर्षहरूमा लगानीको निमित्त तयार गरिएको अनुकूल वातावरणबाट नेपालमा स्वदेशी तथा विदेशी लगानी जुन रूपमा बढ्नुपर्ने थियो, त्यो रोकिएको छ। र, अस्थिरता, द्वन्द्व र असुरक्षाका कारणबाट केही मात्रामा पुँजी पलायन पनि भइरहेको होला। साथै, विगतमा सरकारी क्षेत्रबाट तयार गरिएका भौतिक पूर्वाधारहरूमा क्षति पुग्नु, बाँकी रहेकाको आवश्यक मर्मत-सम्भार हुन नसक्नु र नयाँ निर्माण नहुनुबाट पूर्वाधार निर्माणको क्षेत्रमा मुलुक निकै पछाडि धकेलिएको छ। साथै, नीति-नियम तथा ऐन-कानुनहरूलाई छिमेकी मुलुकहरूसँग तादात्म्यता रहने गरी जुन सुधार र परिवर्तन गर्दै लैजानुपर्ने थियो, त्यो हुन नसक्दा नेपाली अर्थतन्त्रमा गम्भीर किसिमका असन्तुलनहरू देखापरेका छन्। त्यसबाट मुलुकले ठूलो नोक्सानी बेहोर्नु परिरहेको छ।

त्यसैले ग्रामीण क्षेत्रमा द्वन्द्व केन्द्रित रहेको र प्रमुख सहरी क्षेत्र लगभग सूचारु रहेको अवस्थामा अर्थतन्त्र डुब्दैन। नेपालको अर्थतन्त्र त्यस अवस्थामा मात्र डुब्छ, जब राजधानी उपत्यकालगायत मुलुकको प्रमुख सहरी क्षेत्रका उद्योगधन्दा, कलकारखाना, व्यापार-व्यवसाय, यातायात र ढुवानी सेवा, बैङ्किङ् र वित्तीय सेवा, होटल र रेस्टुराँहरू, निजी क्षेत्रका विद्यालय, नर्सिङ् होम र अस्पतालहरू महिनौसम्म बन्द हुन्छन् र सम्पूर्ण सहरी क्षेत्र अस्तव्यस्त रहन्छ। यस्तो त नेपालमा कहिल्यै भएकै छैन। एक-दुई

दिनको बन्दले केही हुँदैन । सहरी क्षेत्रमा र विशेषगरी राजधानी उपत्यकामा त बन्द हुनासाथ नै चारैतिरबाट होहल्ला सुरु हुन्छ र आह्वानकर्ताहरूमा बन्द फिर्ता गर्ने चर्को दबाब पर्दछ । यस्तै दबाबका कारणबाट विगतमा कतिपयपटक बीचैमा बन्द फिर्ता पनि गरिएको छ । फिर्ता नगरिँदा पनि बन्दहरू एक-दुई दिन पछि प्रभावकारी हुन सकेका छैनन् । राजधानी उपत्यकाको त विशेषता कस्तो छ भने मोफसलको सम्बन्धमा यसमा कुनै समवेदना नै छैन । जुन दिन माओवादीहरूले म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारलाई ध्वस्त पारेका थिए, त्यसको भोलिपल्ट परेको तीज पर्वलाई राजधानीवासीले बढो हर्षोल्लासका साथ मनाएको देखियो । चितवनमा ३८ जना निर्दोष बस यात्रुहरू बम विस्फोटनमा मारिँदा पनि राजधानीलाई छोएन । एक महानगरपालिका, एक उपमहानगरपालिका र तीन नगरपालिकाहरू भएको र करिब २५ लाख स्थायी/अस्थायी जनसङ्ख्या भएको सुविधासम्पन्न र समृद्ध राजधानी उपत्यका यसरी अमनचयनसाथ सूचारु रहेपछि कहाँ डुब्छ अर्थतन्त्र ? नेपालका अन्य प्रमुख सहरी क्षेत्रको स्थिति पनि लगभग यस्तै रहेको छ । अनि डुब्छ अर्थतन्त्र ?

यो निश्चित हो कि आर्थिक विकास हासिल गर्न नेपाल असफल रह्यो । सन् '५० को दशकमा नेपालसँग समान गरिबी र पिछडिएको अवस्थामा रहेको कोरिया अहिले विश्वकै विकसित र धनी मुलुकहरूमध्येमा पुग्न सफल भयो । तर, नेपाल भने झन्डै जहाँको तहीँ रह्यो । करिब एकै समयमा सञ्चालन सुरु गरेको थाई एयरवेज आज विश्वकै लिडिङ् हवाई सेवाका रूपमा विस्तार भएको छ । तर, नेपालको शानेवानिको डुबेर टुप्पी मात्र बाँकी रहेको छ । १० वटा आवधिक योजनाहरू कार्यान्वयन गर्दा चीन, भारत, श्रीलङ्का आदि मुलुकहरूले विश्वकै Fastest growing economy का रूपमा गनिएर विकासको फड्को मारे तर नेपालका १० वटा आवधिक योजनाले नेपालको अर्थतन्त्रलाई डेग अगाडि बढाउन सकेनन् । ५५ वर्ष अगाडि नै आइसकेको प्रजातन्त्रलाई अझसम्म पनि खुट्टा टेकाउन सकेनौं । विद्युत् उत्पादन क्षमताको दृष्टिले विश्वकै दोस्रो स्थानमा रहेको मुलुक अझसम्म लोड सेडिङ्को समस्याबाट मुक्त हुन सकेको छैन । जलस्रोतको धनी मानिएको मुलुकको राजधानी पिउने पानीको अभावमा छटपटाइरहेको छ । यिनै तथ्यहरूले बताउँछन् नेपाल सफल कि असफल राष्ट्र हो भनेर । त्यसैले नेपाललाई सफल कि असफल राष्ट्र हो भनेर विवाद गर्नुभन्दा नालायकहरूको राष्ट्र हो भन्दा उपयुक्त होला ।

■

# दुर्घटनामा बस्नेतको निधन

काठमाडौँ । नेकपा (एमाले) केन्द्रीय स्वास्थ्य विभागकी सदस्य तथा नेपाल नर्सिङ् एसोसिएसनकी पूर्वअध्यक्ष कुन्ती बस्नेतको बस दुर्घटनामा परी असामयिक निधन भएको छ । पार्टीले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ ।

उहाँसमेत चढ्नुभएको बस पृथ्वीराजमार्गको ज्यामिरेघाटमा गएको फागनु २३ गते दुर्घटनाग्रस्त भएको थियो । काँकरभिट्टाबाट काठमाडौँतर्फ आइरहेको तिलगङ्गा यातायातको ना२ख ७६७८ नम्बरको सो बस दुर्घटनाबाट कमरेड बस्नेतको शव पाँच दिनपछि भेटिएको थियो । 'बस्नेतको देहावसानबाट देशले नर्सिङ् क्षेत्रको एक होनहार व्यक्तित्व गुमाएको छ' भन्दै केन्द्रीय कार्यालय सचिव काशीनाथ अधिकारीले 'हाम्रो पार्टीले एक असल कार्यकर्ता गुमाएको' बताउनुभएको छ । बस्नेतप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै उहाँले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ ।

# ज्ञवालीलाई मातृशोक

काठमाडौँ । नेकपा (एमाले) स्थायी समिति सदस्य युवराज ज्ञवाली, महाकाली अञ्चल कमिटी सचिव रामकुमार ज्ञवाली र भेरी अञ्चल सचिव लक्ष्मण ज्ञवाली मातृशोकमा पर्नुभएको छ । उहाँहरूकी आमा चोलाकान्ता ज्ञवालीको निधन भएको छ । ८८ वर्षीया चोलाकान्ताको चैत २२ गते गुल्मी जिल्लाको भड्कुवामा निधन भएको हो । निरङ्कुश पञ्चायतकालदेखि नै पार्टीको भरोसायोग्य सेल्टरदाता र पार्टीको असल समर्थक रहनुभएकी ज्ञवालीकी मृत्युले सिङ्गो पार्टी दुःखित भएको पार्टीले जनाएको छ । कार्यवाहक महासचिव अमृतकुमार बोहराले शोक वक्तव्य प्रकाशित गरी शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुका साथै दिवङ्गत चोलाकान्ताप्रति श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ ।

# सांस्कृतिक आन्दोलन र सामाजिक रूपान्तरण

## ' अमर गिरी

**स** मसामयिक रूपान्तरणमा सांस्कृतिक आन्दोलनको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । यसैकारण परिवर्तनका निम्ति सङ्घर्ष गरिरहेका कम्युनिस्ट पार्टीहरूले सांस्कृतिक आन्दोलनलाई निकै महत्त्व प्रदान गर्दछन् । सांस्कृतिक नीतिको निर्धारण, सङ्गठनको निर्माण तथा योजना र कार्यक्रमहरू बनाएर सांस्कृतिक आन्दोलनलाई अघि बढाइन्छ । दुनियाँका सबै कम्युनिस्ट पार्टीहरूले सांस्कृतिक आन्दोलनलाई उत्तिकै महत्त्व दिँदै आएका छन् । रुस र चीनमा सम्पन्न कम्युनिस्ट क्रान्तिमा सांस्कृतिक आन्दोलनले निभाएको भूमिका सर्वविदितै छ । सांस्कृतिक आन्दोलनको अभावमा या त राजनीतिक आन्दोलन निर्णायक हुन सक्तैन या त सत्ता परिवर्तनपछि प्रतिक्रान्तिको प्रवल सम्भावना रहन्छ । फेरि कम्युनिस्टहरूको लक्ष्य राजनीतिक परिवर्तन मात्र होइन, सिङ्गो समाजको सामाजिक रूपान्तरण हो । सामाजिक रूपान्तरणको अर्थ सिङ्गो समाजको बाह्य र आन्तरिक ढाँचा तथा सारलाई परिवर्तन गर्नु हो ।

समाजको मूलमा मनुष्य रहन्छ । समाज कुनै अमूर्त संरचना होइन । समाज मनुष्यले नै निर्माण गर्दछ । यसको निश्चित स्वरूप र पद्दति हुन्छ, जसको निर्धारण तात्कालिक समाजको उत्पादन पद्दति र ढाँचाले गर्दछ । समाज वर्गमा विभाजित छ र तदनुरूप संस्कृति पनि वर्गीय रहेको छ । शोषकवर्गको आफ्नो संस्कृति हुन्छ भने शोषित वर्गको पनि आफ्नो संस्कृति हुन्छ । तर, वर्गीय र शोषक वर्गको हातमा सत्ता भएको समाजमा शोषक वर्गीय संस्कृति नै प्रभुत्वशाली रहन्छ । उनीहरूले माथिदेखि तलसम्म आफ्नो संस्कृतिको योजनाबद्ध रूपमा विस्तार गर्दछन् । राज्यसत्ता नै उनीहरूको हातमा हुने भएकाले उनीहरूलाई आफ्नो संस्कृतिको विस्तारका निम्ति निकै अनुकूलता रहन्छ । विस्तारै-विस्तारै शोषित र शासितहरू शोषकवर्गीय संस्कृतिका प्रभावमा पर्दै जान्छन् ।

संस्कृतिको यस रूपमा विस्तार गर्नुका पछाडि शोषक वर्गको प्रमुख लक्ष्य आफ्नो वर्गीय सत्तालाई जोगाउनु रहेको हुन्छ । सबै शोषक वर्गीय सत्ताहरूले त्यस्तो संस्कृतिको योजनाबद्ध निर्माण र विकासमा जोड दिन्छन्, जुन संस्कृतिले मनुष्यलाई परिवर्तनका बाटाहरू खोज्नबाट विमुख गराउँदछ, हरेक कुरालाई गुपचाप ग्रहण गर्न सिकाउँदछ । शोषक वर्गीय सत्ता संस्कृतिले शोषित-उत्पीडित जनतामा उत्पन्न हुन सक्ने विद्रोहको ज्वारभाटालाई दबाएर सत्ताको संरक्षणमा अहम् भूमिका निर्वाह गर्दछ । त्यसैकारण हरेक राज्यसत्ताहरूले आफ्नो स्वार्थअनुकूलको संस्कृतिको निर्माण र त्यसको प्रचार-प्रसारमा विशेष भूमिका निर्वाह गर्दछन् । शोषक वर्गबाट लादिएको यसप्रकारको संस्कृति समाजको रूपान्तरणका निम्ति डरलाग्दो पर्खाल बनेर खडा हुन्छ । यस डरलाग्दो पर्खाललाई भत्काउन सत्ता संस्कृतिलाई विस्थापित गर्नुपर्ने हुन्छ, त्यसका निम्ति प्रगतिशील जनवादी संस्कृति चाहिन्छ ।

हाम्रो समाजको सामाजिक रूपान्तरणलाई अवरुद्ध गर्न र आफ्नो सत्तालाई टिकाइराख्न शोषक वर्गले विशेषगरी अन्धविश्वास, धार्मिक रुढी, व्यक्तिवाद, रहस्यवाद, भाग्यवाद, आदर्शवाद, भोगवाद, मायावादजस्ता कुराहरूलाई महत्त्व दिएर प्रचार-प्रसार गर्दै आएको छ । यसैअनुरूप हाम्रो समाजको मनोजगत्को निर्माण भएको पाइन्छ । भाग्यलाई दोष दिएर बस्ने मानिसहरूको सङ्ख्या हाम्रो समाजमा निकै धेरै छ । गरिबी, पछौटेपन, अशिक्षा, छुवाछूत, जातपात, अन्याय, अत्याचार सबैलाई भाग्यकै खेल ठान्न थालेपछि स्वाभाविक रूपले परिवर्तनकामी चेतनाको निर्माण अवरुद्ध हुन्छ । समाज वर्गमा विभाजित भएकाले र उत्पादनका साधनहरूमाथि शोषक वर्गको कब्जा भएकाले हामी गरिब भएका हौं भन्ने वास्तविकताको बोध त्यस्ता मानिसहरूले पटक्कै गर्न सक्तैनन् । यही स्थिति नै जनविरोधी सत्ताका निम्ति सबैभन्दा अनुकूल रहन्छ । यो त एउटा उदाहरण मात्र हो । समगतको यही स्थितिलाई एकै ठाउँमा विश्वप्रसिद्ध लेखक बाल्जाकले 'आत्मिक प्रेत' भनेर उल्लेख गरेका छन् । जीवनविरोधी संस्कृति मनुष्यको आत्मामा प्रेतका रूपमा रहन्छ र यसले उज्यालो प्रदेशमा प्रवेश गर्न रोक्दछ भन्ने आशय बाल्जाकको देखिन्छ ।

संस्कृतिले मनुष्यको मन र मस्तिष्कलाई सबैभन्दा बढी प्रभावित गर्दछ । विशेषतः संस्कृतिको सम्बन्ध मनुष्यको आत्मिक जगत्सँग हुन्छ । उसले यसैअनुरूप आफ्ना विचार र दृष्टिकोणहरूको निर्माण गर्दछ । भाग्य हुँदैन, परलोक हुँदैन, ईश्वर हुँदैन, गरिब हुनु पूर्वजन्मको फल होइन भनेर पटक-पटक सम्झाउँदा मनुष्यले आत्मसात् गर्न नसक्नुको मूल कारण यही हो । गलत संस्कृतिले मनुष्यको तार्किक र बौद्धिक क्षमतालाई नष्ट गर्दछ । तर्क-बुद्धिमूलक ज्ञानलाई छायाँमा पारिदिन्छ गलत संस्कृतिले । संस्कृतिअनुरूप निर्मित भावजगत्ले उसको समग्र बौद्धिक जगत्लाई आफ्नो नियन्त्रणमा राख्दछ । धर्मका नाममा, जातका नाममा, सम्प्रदायका नाममा भएका द्वन्द्वहरू सांस्कृतिक उत्मादका परिणाम हुन्, जसले संस्कृतिको आत्मिक जगत्सँगैको अत्यन्त घनिष्ट सम्बन्धलाई स्पष्ट गर्दछन् ।

शोषकवर्गीय संस्कृतिको गहिरो प्रभावले नेपाली समाजको रूपान्तरणमा ठूलो व्यवधान उत्पन्न गरेको छ । यो व्यवधानलाई हटाउनु र अगाडि बढ्नु प्रगतिशील जनवादी सांस्कृतिक आन्दोलनको सबैभन्दा महत्त्वपूर्ण दायित्व हो । गलत संस्कृतिका विरुद्ध बुद्धिमानी र निर्भीकतापूर्वक प्रहार गरेर र पुरानो संस्कृतिका ठाउँमा नयाँ सांस्कृतिक विकल्पहरू अगाडि सारेर नै यसमाथिको प्रहारलाई प्रभावकारी बनाउन सकिन्छ । गम्भीरतापूर्वक विचार गरेर भन्ने हो भने सामाजिक रूपान्तरणका निम्ति व्यापक र प्रभावशाली सांस्कृतिक हस्तक्षेप अहिलेसम्म हुनै सकेको छैन । हाम्रो आफ्नो आन्दोलनका सन्दर्भमा विचार गर्ने हो भने हामी क्रमशः क्रमिकतावादी चिन्तनले प्रभावित हुँदै गइरहेको अनुभव हुन्छ । हाम्रो भाषाबाट 'हस्तक्षेप' करिब-करिब गायब हुँदैछ । सांस्कृतिक आन्दोलन र राजनीतिक आन्दोलनका कार्यनीतिहरूमाझको भिन्नताबोध गर्न नसक्दा पनि यस्तो स्थितिको निर्माण भएको हो कि भन्ने लाग्दछ । जेहोस्, सामाजिक रूपान्तरणका निम्ति प्रभावकारी सांस्कृतिक आन्दोलन आजको आवश्यकता हो । यस आवश्यकतालाई कम्युनिस्ट आन्दोलनले गहिराइमा बोध गर्न जरुरी छ ।

सामाजिक रूपान्तरणका निम्ति सांस्कृतिक आन्दोलनको कुरा गर्दा बिर्सनै नहुने अर्को पक्ष स्वयम् आन्दोलन र यसका कर्ताहरू कम्युनिस्ट संस्कृतिले उज्यालिनुपर्ने कुरा हो । आन्दोलनका वाहकहरू स्वयम् शोषक वर्गीय संस्कृतिबाट मुक्त हुँदै अघि

बढ्न अग्रसर नभए सांस्कृतिक आन्दोलन कमजोर हुने मात्र होइन, असफल नै हुने निश्चित छ । यस्तो हुँदा सांस्कृतिक आन्दोलन मात्र होइन, सिङ्गो कम्युनिस्ट आन्दोलन नै ध्वस्त हुन्छ । वाहकहरूका एकातिर संस्कारगत रूपमा आफू बाँचेको समाजमा विद्यमान शोषक वर्गीय संस्कृतिहरूका अवशेषहरू रहन्छन्, अर्कोतिर यिनै अवशेषमा प्रतिक्रियावादी सत्तालगायत पुँजीवादी तथा साम्राज्यवादीहरू खेल्न खोज्छन् । यदि यो खेल सम्भव भयो भने डरलाग्दो आत्मिक भ्रष्टीकरणको सिलसिला सुरु हुन्छ । आफूलाई परिवर्तनको वाहक ठानिरहे पनि वाहक वास्तवमा धेरै पर पुगिसकेको हुन्छ । त्यसैले सामाजिक रूपान्तरणका निम्ति सांस्कृतिक आन्दोलन चलाउँदा यस पक्षमाथि गम्भीर ध्यान दिन जरुरी हुन्छ । सामाजिक रूपान्तरणको आन्दोलनले नै समग्र रूपान्तरणलाई सहज बनाउँछ र त्यसलाई थेग्छ पनि ।

▪

# महासचिव नेपाल थुनामै

काठमाडौं । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाललाई शाही सरकारले अझै रिहा गरेको छैन । एक महिनाभन्दा बढी समय घरमै नजरबन्द गरिनुभएका महासचिव नेपाललाई गएको चैत १० गते शाही सरकारले नजरबन्दबाटै गिरफ्तार गरी ककनी प्रहरीकेन्द्रमा थुनामा राखेको छ ।

महासचिव नेपाललाई गिरफ्तार गर्नुअघि प्रहरीले उहाँको टेलिफोन, मोबाइल, फ्याक्स, कम्प्युटरजस्ता सञ्चार उपकरणहरू डकैतीको शैलीमा जफत गरेको थियो । त्यति मात्र होइन, उहाँका दुवै भाइ सरोज तथा विनोद उपाध्यायका टेलिफोन सेटका साथै कम्प्युटरहरूसमेत शाही सरकारले उठाएर लिएको थियो । घरमै नजरबन्दमा राखिनुभएका महासचिव नेपालले 'मान्छे जम्मा गराई शान्ति-सुरक्षामा खलल पारेको' कपोलकल्पित, झूटा र मनगढन्ते आरोप लगाउँदै शाही सरकारले उहाँलाई तीनमहिने थुनुवा पुर्जी दिएको थियो । महासचिव नेपाल सात दलको शीर्षस्थ नेतृत्वमध्ये गिरफ्तारीमा पर्ने एक्लो नेता हुनुहुन्छ ।

*'हिमाल', 'नेपाल'* लगायतका पत्रपत्रिकाले महासचिव नेपालले निरङ्कुश राजाका विरुद्ध देशव्यापी रूपमा खरो, स्पष्ट र दह्रो अभिव्यक्ति दिएका कारण प्रतिशोध साँध्न नजरबन्द र गिरफ्तारीमा राखिएको टिप्पणी गरेका छन् । दरबार हत्याकाण्डलाई वैधानिकता दिन गठन गरेको कथित छानबिन समितिमा नबसेको, पार्टीलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा लिएको र दरबारबाट हुने तस्करीको भण्डाफोर गरेका कारण बदला लिन राजाले गिरफ्तार गर्न आदेश दिएको टिप्पणी पनि पत्रपत्रिकाले गरेका छन् । स्मरण रहोस्, महासचिव नेपाललाई गिरफ्तार गर्नुअघि पोखरामा राजाले मन्त्रिपरिषद्का उपाध्यक्ष र गृहमन्त्रीलाई बोलाएर निर्देशन दिएका थिए ।

महासचिव नेपालको गिरफ्तारीको चौतर्फी निन्दा र भर्त्सना गरिएको छ । प्रमुख पार्टीको शीर्षस्थ नेतालाई बिनाकारण गिरफ्तार गर्ने र कानुनव्यवसायीलाई समेत भेट्न नदिने सरकारी रबैयाप्रति नेकपा (एमाले) लगायतका सातै दल, अन्तर्राष्ट्रिय समुदाय र संस्थाहरूले कडा खेद प्रकट गरेका छन् ।

यसैबीच, चैत २४ गतेदेखि आयोजना गरिएको आमहडताल असफल पार्न शाही सरकारले ठूलो मात्रामा नेताहरूलाई गिरफ्तार गरेको छ । कतिपयलाई घरमै सुतिरहेका बेला गिरफ्तार गरिएको थियो भने कतिपयलाई बाटोमा हिँड्दै गर्दा गिरफ्तार गरिएको थियो । थुप्रै नेताहरूलाई कथित निषेधाज्ञा र कर्फ्यु उल्लङ्घन गर्दा गिरफ्तार गरिएको थियो । स्थायी समिति सदस्यहरू ईश्वर पोखरेल, केशव बडाल (रिहा), मोदनाथ प्रश्रित र अशोक राई, केन्द्रीय कमिटी सदस्यहरू राजेन्द्र श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, रघुजी पन्त, प्रदीप ज्ञवाली, सुरेश कार्की, सुवास नेम्वाङ (रिहा), भीम रावल (रिहा), अष्टलक्ष्मी शाक्य, विद्यादेवी भण्डारी, देवराज घिमिरे, रामचन्द्र झा, कमल कोइराला, महेन्द्रबहादुर पाण्डे, राधा ज्ञवाली, पशुपति चौलागाईं, प्रकाश ज्वाला, केन्द्रीय प्रचार विभाग सदस्य कमला पराजुलीलगायत हुनुहुन्छ ।

# नयाँ वर्षको शुभकामना

काठमाडौं । नयाँ वर्ष २०६३ को उपलक्ष्यमा नेकपा (एमाले) ले हार्दिक शुभकामना व्यक्त गरेको छ । कार्यवाहक महासचिव अमृतकुमार बोहराले नयाँ वर्षमा लोकतन्त्र स्थापना गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

उहाँले भन्नुभएको छ- 'राजा र मुट्ठीभरका दरबारिया तत्त्वहरूको स्वार्थमा राष्ट्रिय ढुकुटीको दुरूपयोग गरेर जनताको जीवन सम्पन्न हुँदैन । जनतालाई किनारा लगाएर फगत बन्दुकको बलमा शान्ति स्थापना सम्भव छैन । राजाबाट सैनिक बलमा लादिएको कथित प्रजातन्त्र जनताका लागि मान्य हुन सक्दैन । राजनीतिक दलका गतिविधिलाई दमन र नियन्त्रण गरेर राजेच्छाका आधारमा सञ्चालन गरिएको यो हुकुमी शासन बहुदलीय प्रजातन्त्र होइन । ०५९ असोज १८ र ०६१ माघ १९ यताका घटनाक्रमहरूले राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा जनता र राष्ट्रको प्रगति सम्भव छैन भन्ने प्रमाणित भएको छ । राजाको प्रत्यक्ष शासनको अर्थ अरू ज्यादा निरङ्कुशता, हिंसात्मक, बर्बादी र अधोगति हुनेछ भन्ने पनि पुनर्पुष्टि भएको छ ।'

उहाँको कथन छ- 'सात राजनीतिक दलको आह्वानमा सञ्चालित जनआन्दोलन यतिबेला उत्कर्षतर्फ अघि बढेको छ । शाही सरकारको बर्बर दमनका कारण सिङ्गो मुलुक रगतको आहलमा परिणत भएको छ । तथापि, नेपाली जनता जीवनको बाजी थापेर निरङ्कुश राजतन्त्रलाई परास्त गर्न अघि बढिरहेका छन् । शान्तिपूर्ण जनआन्दोलनलाई सफल पारी निरङ्कुश राजतन्त्रलाई घुँडा टेकाएर अग्रगमनको ढोका खोल्नका लागि नयाँ वर्ष ०६३ मा हामी सबै प्रेरित होऔँ । र, नयाँ वर्ष पूर्ण लोकतन्त्र, दिगो शान्ति र अग्रगतिको वर्ष बन्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।'

## गौचनदम्पतीको हत्या

काठमाडौँ । नेकपा (एमाले) का मुस्ताङ जिल्ला कमिटीका सदस्य एवम् पूर्वसांसद ओमविकाश गौचन र उहाँकी श्रीमती पार्टीकी सङ्गठित सदस्य देउकुमारी गौचनलाई अज्ञात अपराधी जत्थाले गएको चैत ३० गते हत्या गरेको छ ।

मुस्ताङको कावाङसौरस्थित उहाँकै निवासमा उहाँहरूको निर्ममतापूर्वक हत्या गरिएको थियो । उहाँहरूका एक छोरा र दुई छोरी छन् ।

पार्टीका कार्यवाहक महासचिव अमृतकुमार बोहराले विज्ञप्तिमार्फत 'कमरेड ओमविकाश गौचनले मुस्ताङ जिल्लाको कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनको विकास तथा विस्तारमा महत्त्वपूर्ण योगदान दिनुभएको' स्मरण गर्दै 'उहाँ जनहित र सामाजिक न्यायको पक्षमा दृढतापूर्वक उभिने बलियो खम्बा हुनुहुन्थ्यो' भन्नुभएको छ । उहाँहरूको हत्याले मुस्ताङ जिल्लाको कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनमा अपूरणीय क्षति पुग्न गएको उल्लेख गर्दै कार्यवाहक महासचिव बोहराले श्रीमती गौचन असल गृहिणी मात्र नभएर स्थानीय तहमा क्रियाशील राजनीतिक तथा सामाजिक कार्यकर्तासमेत भएको बताउनुभएको छ । बोहराले वक्तव्यमा 'मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र शोक सन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना' व्यक्त गर्नुभएको छ ।

# एउटा चिन्तनको आत्मविनास

**' राजव**

ऊ मार्क्सवादविरोधी विश्वप्रसिद्ध दार्शनिक कार्ल पाँपरको मृत्यु भएकै दिन १७ सेप्टेम्बर १९९४ मा मऱ्यो । कार्ल पाँपरझैँ ऊ पनि मार्क्सवादविरोधी थियो । तर, कार्ल पाँपरझैँ ऊ विद्वान् थिएन । न प्रसिद्ध नै थियो । तर, विद्वान् नभए पनि ऊ धेरै कुराहरूको जानकार थियो । किनभने, आधुनिक धारणाहरू र त्यसअन्तर्गतका कला, साहित्य र सङ्गीतको सम्बन्धमा ऊ राम्रोसँग कुरा गर्न सक्ने थियो ।

वास्तवमा कार्ल पाँपरलाई मैले अझसम्म पढेको छैन । नाम पनि मैले कसैबाट सुनेको हुँ । कार्ल पाँपरलाई मैले उसैको व्याख्याबाट बुझेको हुँ ।

कार्ल पाँपरलाई मात्र होइन, उसले मार्क्सवादविरोधी अन्य धेरै विद्वान्लाई पढेको थियो । त्यसैले त्यहीअनुरूपको धारणा आफूभित्र हुर्काएर ऊ मऱ्यो ।

मार्क्सवादकै कारणले ऊ जाँपाल-सात्रको पनि विरोधी भएको थियो । किनभने, कुनै समय सात्र पनि कम्युनिस्ट र माओसमर्थक थिए भन्ने पढेपछि ऊ सात्रविरोधी भयो ।

मार्क्सवादप्रेरित दुनियाँको कुनै पनि आन्दोलन, क्रान्ति र अभियानलाई उसले मन पराएन । आफ्नो कुराकानीमा उसले तिनको ठाडै विरोध नै गरिरह्यो । जस्तोसुकै प्रसिद्ध र उच्चतर भए पनि उसले मार्क्सवादी कुनै पनि साहित्यको प्रशंसा गरेन । न उसलाई मायकोवस्की मन पऱ्यो, न ब्रेख्त मन पऱ्यो, न नेरुदा मन पऱ्यो । नेपाली काव्य-परम्परामा मार्क्सवादी चिन्तनले हलचल मच्चाइरहेका बेला ऊ देवकोटाको शाकुन्तलमै रुमल्लिरह्यो ।

हुन त ऊ साहित्यको राम्रो र गम्भीर पाठक होइन । र, उसले साहित्य धेरै पढेन पनि । तर, उसले जेजति साहित्य पढ्यो, ती सबै गैरमार्क्सवादी नै पढ्यो ।

मलाई विचित्र लाग्ने उसको यही चिन्तन हो । यो चिन्तनले गर्दा म उसलाई दरिद्री भन्थेँ । ऊ व्यङ्ग्यमय मुस्कुराउँथ्यो र भन्थ्यो, 'संसारमा दर्शन एउटै मात्रै छैन ।'

'तर, सबै दर्शन राम्रा छैनन्'- म भन्थेँ । ऊ फेरि भन्थ्यो- 'तेरा लागि त मार्क्सवाद नै राम्रो दर्शन हो ।' 'हो'- म भन्थेँ । र, ऊ भन्थ्यो-

'त्यसकारण संसारमा अन्य दर्शन पनि छन् भन्ने कुरो तँलाई सम्झाउनु बेकार छ ।'

वास्तवमा म मार्क्सवादी भएर पनि उसले मलाई साथी मानिरह्यो । र, म उसको साथी भइरहेँ । त्यसकारण कहिलेकाहीँ म उसलाई भन्थेँ-

'त तिम्रो साथी नहुनुपर्ने ।'

'किन ?'

'म मार्क्सवादी हुँ नि !'

'म त्यसको विरोधी हुँ ।'

वास्तवमा ऊसँग मेरो सङ्गत टिकिरहनु, उसको अनेक विरोध मेरो दिमागले थाम्न सक्नु हो । अन्यथा ऊसँग मेरो मित्रता चलिरहने थिएन । कहिले न कहिले सखाप भइसक्ने थियो । तर, मैले उसलाई सहिरहेँ ।

उसले झैँ मैले पनि उसलाई जिस्क्याउने हो भने मैले झैँ ऊ सहने थिएन । तुरुन्त विस्फोट हुने थियो । र, हाम्रो साथित्व टुक्रा-टुक्रा हुने थियो ।

मार्क्सवादको विरोधबाहेक उसको आफ्नो कुनै राजनीतिक आस्था थिएन । हुन त उसले आफूलाई स्वतन्त्रताको पक्षपाती हुँ भन्थ्यो । तर, व्यावहारिक रूपमा ऊ मझैँ कार्यशील थिएन । तथाकथित गफाडी मात्र थियो ऊ । र, गफकै भरमा मार्क्सवादविरोधी भएको थियो ।

मार्क्सवादको विरोध गर्नु ऊ सान सम्झन्थ्यो । चीन, भियतनाम, उत्तर कोरिया, क्युबा, रुस आदि देशहरू उसले गाली गर्ने कम्युनिस्ट देशहरू थिए । अन्य देशलाई ऊ ती देशलाई झैँ गाली गर्दैनथ्यो । मार्क्सवादविरोधी विचित्र रोग उसको बुद्धिमा पलाएको थियो । यो रोग उसको बुद्धिमा कसरी सल्क्यो, मैले बुझ्न सकिनँ । एकपटक मौका हेरेर मैले उसलाई सोधेको थिएँ-

'मार्क्सवादविरोधी भाइरस तिम्रो दिमागमा कसरी सऱ्यो ?'

तर त्यसबेला ऊ गर्धन फुलाएर मौन भइरह्यो ।

मैले फेरि उसलाई कोट्याएँ । र, ऊ एकदम करले बोल्यो-

'कम्युनिस्ट हुने, क्रान्तिकारी हुने मेरो इच्छा छैन ।'

'ठीक छ नहोऊ ... तर बकमफुसे विरोधी पनि नहोऊ ।'

तर, मौका मिल्नासाथ र राजनीतिको प्रसङ्ग चल्नासाथ ऊ कम्युनिस्टविरोधी भइहाल्थ्यो ।

एलिना फर्नान्डिज क्युबा छाडेर अमेरिका भागी भन्ने थाहा पाएपछि ऊ औधी खुसी भएको थियो । र, यसलाई उदाहरण बनाएर उसले भन्यो-

'लऽऽ हेर, फिडेल क्यास्ट्रोजस्तो क्रान्तिकारी कम्युनिस्ट शासकले आफ्नी छोरीलाई पनि वैचारिक रूपले सन्तुष्ट राख्न सकेन ... ... ... अन्ततः ऐलिनाले क्यास्ट्रोसँग विद्रोह गर्नुपऱ्यो ... ... ... क्युबाबाट भाग्नुपऱ्यो ... ... यो के हो ? ... ... जवाफ छ ? ..... वास्तवमा कम्युनिस्ट शासनमा एलिनाजस्ती शासककी छोरी पनि सन्तुष्ट हुन सकिनन् ... ... ... जनताको के कुरा ... ...?'

उसले यस्ता धेरै उदाहरण दिएर मार्क्सवादलाई नै लाञ्छित गर्न खोज्थ्यो । पास्तरनाक, सोल्झेनित्सिनजस्ता साहित्यकारहरूलाई अघि सारेर कम्युनिस्ट-सत्तामा साहित्यकारको स्थितिमाथि बकबक गरिरहन्थ्यो ।

म भेट्नासाथ ह्याउँदै ऊ सोधिहाल्थ्यो-

'क्रान्ति गर्न थालियो त ?'

म उसको यस्ता कुनै पनि प्रश्नको जवाफ दिन्नथेँ ।

एकदिन उसले सारै रिस उठाएपछि झोक्किएर मैले भनेको थिएँ-

'तँ क्रान्तिविरोधी बौलाहा होस् ।'

त्यसपछि के चाहियो ? महाकवि देवकोटाको शैलीमा सन्कँदै ऊ बोल्न थाल्यो-

'जरुर साथी म पागल ... ... म क्रान्तिविरोधी बौलाहा .. ... यस्तै छ मेरो हाल ... ... जरुर ... ... जरुर साथी म पागल ... ... यस्तै छ मेरो विचार ... ... तिमीहरूका लागि म क्रान्तिविरोधी .....'

वास्तवमा ऊ अनावश्यक मार्क्सवादविरोधी थियो । त्यस्तो विरोधी हुनुपर्ने उसको पृष्ठभूमि पनि थिएन । किनभने, उसको घरेलु स्थिति हदभन्दा पनि कमजोर थियो । त्यही कमजोरीले गर्दा उसका धेरै चाहहरू पूरा हुन सकेनन् । किनभने, आफ्नो जीवनमा राम्रा लुगाहरू लगाउने, मन लागेको किताबहरू किनेर पढ्ने, रेस्टुराँहरूमा पसेर विदेशी ह्वीस्कीहरू घुट्क्याउने, देशभित्रै भए पनि बरोबर यताउता घुम्नेजस्ता कतिपय चाह उसले पूरा गर्न सकेन । कुनै स्कुलको मास्टर, कुनै व्यापारिक फर्मको एकाउन्टेन्ट हुँदै उसले जीवन धानेको थियो । तर, आफ्नो इच्छासँग बाँच्न सकेको थिएन । तथापि, उसको राजनीतिक सोच पूर्णतः पुँजीवादी थियो । मलाई यही विचित्र लाग्थ्यो । त्यसकारण म भन्थेँ-

'तेरो विचारले तँलाई नङ्गा बनाउँदैछ ... ... तँ मार्क्सवादको विरोध गरिराख् ।'

'नाङ्गो हुन पाउनुको मजा तँलाई के थाहा ? के तेरो मार्क्सवादले नाङ्गो हुन पाउने स्वतन्त्रता दिन्छ ?' ऊ जङ्गियो ।

त्यसपछि म मौन भएँ । किनभने, त्यसरी चुप भइदिहालेपछि उसको वाहियात बकबक पनि बन्द हुन्थे ।

'साम्यवादमा मर्ने पनि स्वतन्त्रता हुँदैन ... ...' उसले यस्तो धेरैलाई भन्दै हिँडेको रहेछ । मलाई पनि त्यस दिन भनेको थियो । र, मैले भनेको थिएँ-

'यस्तो वाहियात र कल्पित कुरा नभन् भाइ ......।'

'मानिसको विनास गर्ने स्वतन्त्रता आखिर काम पनि त लाग्दैन ......।'- मैले भनेँ ।

'हो, यस्तै धारणाले गर्दा कम्युनिस्टहरू मान्छेलाई मर्ने स्वतन्त्रता पनि दिँदैनन् ......।'

यसपछि मैले ऊसँग कुरा गर्न चाहिनँ । ऊ मसँग त्यस कुरामा धेरै रन्कने मुडमा थियो । उसको त्यो मूड मैले बुझिसकेको थिएँ । त्यसकारण चुप भइदिएँ ।

'......वास्तवमा ...' यसरी ऊ के भन्न खोज्दै थियो कुन्नि, म ऊसँग छुट्टिएँ । अहिले ऊ सखाप भइसकेपछि मलाई पछुतो लागिरहेछ ।

त्यस दिन ऊसँग छुट्टिएपछिको केही दिनमै मैले उसको आत्महत्याका बारे सुनेँ । त्यो दिन कार्ल पाँपरको मृत्यु भएकै दिन थियो । उसको आत्महत्याको गहिरो दुःख त मलाई लाग्यो नै । तर कार्ल पाँपरको मृत्यु भएको दिन उसले आत्महत्या किन गऱ्यो ? यो नै मेरो दिमाग घुम्ने कुरो पऱ्यो । ■

# कस्तो पार्टी निर्माण होस् भन्ने चाहनुहुन्थ्यो कमरेड पुष्पलाल ?

' गोपीरमण उपाध्याय

**क**मरेड मोदनाथ प्रश्रितमार्फत मैले नै नोट गरेको वाराणसी प्रवासको एउटा पुरानो कापी फेला पारेको छु । त्यसमा दर्शन, साहित्य, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र पार्टी शिक्षासम्बन्धी नोटहरू रहेछन् । सामान्य अध्ययन गर्दा यो कापी नै कुन सालमा लेखिएको होला भनेर छुट्याउन गाह्रो परिरहेकै अवस्थामा सोही कापीमा मेरोभन्दा भिन्न लेखाइ रहेका ती पेजतिर ध्यान गयो । ती प्रश्रितका हस्ताक्षर रहेछन् । दिनाङ्क-१५-८-७४ वाराणसी, नेकपाको २५ औं जन्मदिवसबाट सुरु गरेर कार्यक्रमको पहिलो लाइनमा सभापति कमरेड बलराम उपाध्याय, दोस्रो लाइनमा सभारम्भ राजेन्द्र थापा (प्रश्रितको तत्कालीन पार्टी नाम), तेस्रो लाइनमा वक्तव्य कमरेड पुष्पलाल (महामन्त्री) र चौथो लाइनदेखि पूरै दुई पेजमा पुष्पलालले २५ औं पार्टी स्थापना दिवसका सम्बन्धमा दिनुभएको भाषण रहेछ । त्यसपछिका वक्ता कविवर युद्धप्रसाद मिश्र र मोहन चापागाईं हुनुहुँदोरहेछ । उहाँहरूले बोलेका कुराहरूको पनि संक्षिप्त नोट रहेछ । अन्त्यमा सभापतिको आसनबाट बलराम उपाध्याय (बराउती) का भाषणका अंशहरू पनि रहेछन् ।

सोही कापीको अन्त्यतिर (जसको पातो पनि च्यातिइसकेको रहेछ) ती पेजहरूमा पार्टी कार्यकर्ताहरूमा हुनुपर्ने गुणहरूबारे पुष्पलालले क्लास दिनुहुँदा लेखिएका फुटकर नोटहरू पनि रहेछन् । त्यसमा अधिकांश कुराहरू पार्टी निर्माण र कार्यकर्ताहरूको चरित्र निर्माणसम्बन्धी विषयवस्तुहरू रहेछन् । जसको तारतम्य मिलाएर अध्ययन गर्ने हो भने पुष्पलाल कस्तो पार्टीको निर्माण होस् भन्ने चाहनुहुन्थ्यो भन्ने कुरा प्रस्ट हुन्छ र त्यो कुरा हाम्रा लागि अहिले पनि उत्तिकै सान्दर्भिक छ भन्ने लागेर चर्चा गर्न खोजेको छु ।

एउटा सानो प्रसङ्गको चर्चापछि मूल विषयमा नै जानेछु । ०२९ सालको आरम्भदेखि नै म के २९/३० दश पुत्रगल्ली वाराणसीमा अवस्थित नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालयको सम्पर्कमा पुगें । त्यतिबेला केन्द्रीय कार्यालयका निम्ति यस्तो व्यक्तिको खाँचो रहेछ जसले स्वयम् आयआर्जन पनि गरोस्, केन्द्रीय कार्यालयमा काम पनि गरोस् र आयआर्जनबाट कार्यालयलाई पनि भरथेग गर्न सकोस् । मोदनाथ प्रश्रित, गोविन्द ज्ञवालीको आयआर्जनबाट मात्र सबैको खर्च चल्न मुस्किलै रहेछ । रोहितजी आफ्नो कुम्लोकुटुरो बोकेर हिँडिसक्नुभएको थियो । चौथो सम्मेलनपछि हरेराम शर्मा पनि पार्टीसँग मतभेद राखेर पार्टी कार्यालय छाडिसक्नुभएको थियो । साङ्गठानिक रूपबाट मजबुत मानिएको लुम्बिनी र गण्डकीतर्फबाट केशरमणिका कारणले कोटा आउन बन्द भएको थियो । त्यसबेला केन्द्रीय कार्यालयलाई ठूलो आर्थिक सङ्कट थियो । प्रवासका विभिन्न क्षेत्रहरूबाट भने सातोतिनो कोटा मनिअर्डरमार्फत नै हुन्थ्यो ।

मैले भर्खरै संस्कृत साहित्यमा स्नातकोत्तर कक्षा उत्तीर्ण गरिसकेको थिएँ र तत्कालै वाराणसीको नेपाली संस्कृत महाविद्यालयमा दुई अङ्कको तलब पाउने गरी अध्यापकमा नियुक्त भएँ भने उता सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीबाट विद्यावारिधिको अध्ययनका निम्ति अनुमति पाएँ र तीन अङ्कको छात्रवृत्ति पनि स्वीकृत भयो । आफ्नो खर्चबाहेक केन्द्रीय कार्यालयलाई पनि केही मात्रामा सरसहयोग गर्न सक्ने परिस्थितिमा म पुगें । ०२७ सालदेखि मात्र पार्टी सदस्यता पाएको व्यक्ति दुई वर्ष पनि बित्दा नबित्दै केन्द्रीय कार्यालयको जिम्मेवारी बहन गर्न पुग्नु मेरा लागि गौरवको विषय त छँदै थियो, त्यसमा पनि पार्टी कामको केन्द्रभागमा रहेर नेपालको जनवादी क्रान्तिमा आफ्नो अंशदान गर्नसक्ने परिस्थितिको सिर्जनाले मलाई बिहान चार बजेदेखि राती १० बजेसम्म नथाकी काम गर्न उत्साह र प्रेरणा प्राप्त भयो । मलाई लागिरहेको हुन्थ्यो कि मैले कम्युनिस्ट आन्दोलनमा शिखरपुरुष पुष्पलालको सहयोग गर्नु भनेको नेपालको जनवादी क्रान्तिमा सहयोग गर्नु हो ।

पुर्पुरो, परमेश्वर, परम्परा, परलोक र पुनर्जन्मजस्ता प्रतिक्रियावादी पछौटे विचारधाराले ग्रस्त पारेको नेपाली समाजको चिन्तनधारालाई परास्त गरेर वैज्ञानिक चिन्तन प्रणालीको प्रतिष्ठापन गर्नुपर्छ र यसैमा मैले आफ्नो अध्ययनलाई केन्द्रित गर्नुपर्छ । पुष्पलालको पनि यस्तै प्रेरणा थियो । मार्क्सवादी दर्शन र पूर्वको भौतिकवादी दर्शनको मूल्यवान परम्पराको व्यवस्थित अध्ययन गरेर मात्र पूरा हुनसक्छ भन्ने हिसाबले ०३२ सालको अन्त्यसम्म पुष्पलालको सानिध्यमा रहेर अध्ययन गरें । पार्टीको केन्द्रीय कार्यालयमा सहयोगी भएर काम गरें ।

पुष्पलालकै प्रेरणापछि ०३३ सालको आरम्भमा नेपालभित्रै रहेर पार्टी काम गर्ने हिसाबले बनारस छाडें । पहाडको बसाइलाई तराईतर्फ सारेर सानोतिनो शिक्षकको जागिरमा धानिँदै निरन्तर पार्टी कार्यमा चलायमान रहें । ०३३ को असारदेखि मुक्तिमोर्चाको विद्रोह भयो, त्यसलाई मैले कत्ति पनि मन पराइनँ । मधु गुरुले अपिल समूहका रूपमा विद्रोह गर्नुभयो । पछि त्यो पनि मन परेन । पूर्वतर्फबाट को-केको हावा चल्यो । राजनीतिक लाइनहरू जति सबै उग्र प्रकारका तर त्यसका कार्यकर्ता र नेताहरूको क्रान्तिप्रतिको अदम्य आकाङ्क्षा उच्च प्रकारको हुँदा राजनीतिक लाइनमा पछि बहस गर्दै गरौंला र मिलाउँला भन्दै नेता-कार्यकर्ताहरूको क्रान्तिप्रतिको समर्पणभावले गर्दा मलाई त्यसतर्फ आकर्षित गऱ्यो ।

०३५ सालमा पुष्पलालको देहावसानपछि मात्रै मैले को-केको पूर्ण समर्थन गरेर काम सुरु गरें । ०३६ सालको विद्यार्थी आन्दोलनलाई अत्यन्त नजिकबाट भोगें । जनमतसङ्ग्रह भयो । बहुदलको पक्षमा उभिएँ । ०४३ सालको जनपक्षीय हस्तक्षेपको नीति मन पऱ्यो, त्यसको प्रचारमा जुटें । ०४६ सालको जनआन्दोलन भोगें । ०४७ सालमा संविधानको निर्माण देखें । ०४८ को संसदीय निर्वाचन भोगें । ०५१ मा ठूलो पार्टीको हैसियतले सरकार बनेको देखें र प्रतिक्रियावादीहरूको डाहले त्यो ढलेको पनि देखें । अहिले फेरि राष्ट्र र जनताको नेतृत्व बहन गर्ने तयारीका साथ पार्टी अगाडि बढिरहेको छ । नेकपा (एमाले) को वैभव बढेको छ । पार्टी जनताका बीचमा लोकप्रिय छ । कार्यकर्ताहरूमा जोस, जाँगर र क्रियाशीलता छ । नेताहरूमा राष्ट्रलाई हाँक्न र नेपाललाई समृद्ध पार्ने सङ्कल्प शक्ति छ ।

२०-२२ वर्षपहिले के २९/३० दशपुत्र गल्ली वाराणसीको केन्द्रीय कार्यालय रहेको पार्टी अहिले एउटा भव्य भवनमा अवस्थित छ । अहिले र उहिलेको पार्टीको केन्द्रीय कार्यालयमा जमिन-आसमानको अन्तर छ । यो पार्टी विकासका दौरानमा प्राप्त उपलब्धि हो ।

वाराणसीको केन्द्रीय कार्यालय र काठमाडौंको केन्द्रीय कार्यालयको अवस्थितिमा परेको अन्तरले मलाई पनि गौरवको अनुभूति भइरहेको छ । तर, कामको प्रकृतिमा उत्साहपूर्वक लाग्नुपर्ने र नथाकीकनै १८ घण्टा काम गर्नुपर्ने आवश्यकता उत्तिकै महसुस गरेको छु । सामान्यतया एउटा परिस्थितिबाट अर्को परिस्थितिमा काम गर्नुपर्दा सुरुमा केही अप्ठ्यारो महसुस भए पनि पछि स्वाभाविकै हुँदै जानेछ भन्ने कुरालाई बिर्सेको छैन ।

**अब मूल प्रसङ्गतर्फ लागौँ**

पार्टीका तमाम पक्षमा विकास भएको भए तापनि कार्यकर्ताहरूको चरित्र र मानसिकतामा परिवर्तन हुन सकेन भने पार्टीको जग बलियो हुँदैन । पार्टी कार्यकर्ताहरू भनेको पार्टीको भव्य भवनका आन्तरिक जगका नदेखिने इँटा-ढुङ्गा हुन्, जसको अभावमा कुनै पनि भवनको परिकल्पना गर्न सकिँदैन । भित्रका इँटा-ढुङ्गाहरू जति व्यवस्थित र बलिया हुन्छन्, त्यति नै त्यो भव्य भवन टिकाउ हुनसक्छ । पार्टी कार्यकर्ताहरूको आन्तरिक गुणको विकासमा पुष्पलालले निकै जोड दिनुहुन्थ्यो र पार्टीको क्लास लिँदा होस् वा कुनै सभा समारोहमा भाषण गर्दा होस्- हरेक परिस्थितिमा कार्यकर्ताहरूलाई पढ्न र जनतालाई शिक्षित पार्न सक्षम हुनुपर्छ भन्ने विषयमा प्रेरित गर्नुहुन्थ्यो ।

उहाँको भनाइ थियो कि यदि कार्यकर्ताहरू अज्ञानी भए भने- अन्धाले डोऱ्याएर हिँड्दा जे परिणाम हुन्छ, हामीले पनि त्यही कुरा बेहोर्नुपर्नेछ । अर्को कुरा उहाँले उपनिषद्को एउटा सूत्रलाई बारम्बार दोहोऱ्याउँदै भन्ने गर्नुहुन्थ्यो- शोषण, अन्याय, अत्याचारको जडलाई नबुझी त्यसबाट पार पाउन सकिँदैन । सायद यही कुराले होला कमरेड पुष्पलाललाई अत्यन्त स्वध्यायी बनायो । उहाँ कुनै विश्वविद्यालयको औपचारिक डिग्री धारण नगरे पनि ठूलो प्राज्ञिक व्यक्ति हुनुहुन्थ्यो । आफूले जुन परिस्थितिमा अध्ययन गरेर बुझ्नुभएको थियो, यदि अध्ययनप्रतिको लगाव र अध्यवसाय हुन्छ भने जसले पनि बुझ्न र विशेषज्ञता आर्जन गर्न सक्छ भन्ने मान्यता राख्नुहुन्थ्यो । मलाई प्राप्त भएको उक्त कापीमा रहेको भाषणमा कार्यकर्ताहरूलाई सम्बोधन गर्दै पार्टी स्थापनाको उक्त अवसरमा भन्नुहुन्छ कि- 'हाम्रो कार्यक्रम, रिपोर्ट आदि हामी सबैको अनुभव अध्ययन आदिको निचोड हो । सारा दस्तावेजहरूको क्रमबद्ध अध्ययन नगरी विरोधीहरूले उठाएका उल्टासुल्टा कुरामा बहकिनु गलत हो ।' यसबाट पार्टी दस्तावेजको गहन अध्ययन गर्नुपर्छ भन्ने बुझिन्छ ।

पार्टीलाई सुदृढ पार्न पार्टीको आन्तरिक जनवादमा जोड दिनुपर्छ । यदि कार्यकर्ताहरूले आफ्नो मनका वहहरू उचित ढङ्गले पोख्न पाएनन् भने एक दिन त्यसले विस्फोटको रूप लिन सक्छ । पार्टीको आन्तरिक जनवाद भनेको पार्टी सुदृढीकरणको पूर्वसर्त हो भन्ने बारेमा उक्त भाषणको अगाडिको अंशमा पुष्पलालले भन्नुभएको छ कि- पार्टीभित्रका विभिन्न मतभेदहरूलाई फूट सम्झिनुहुँदैन । हामीले आज खासगरी लु.अ. आन्दोलन र झापा आन्दोलनको निचोडबाट काम गरेमा अगाडि बढ्न सक्छौं । अतः तपाईंहरूले अध्ययनद्वारा दृष्टिकोण निर्माण गरी कानेखुसीको बानी छोडी पद्धतिबाट अघि बढ्नु अति आवश्यक छ । हामीले यसरी सिद्धान्तमा पोख्न भई व्यवहारमा उत्रनु आवश्यक छ ।' यसबाट उहाँ पार्टी पद्धतिमा निकै जोड दिनुहुन्थ्यो भन्ने बुझिन्छ ।

पार्टी निर्माण गर्नु भनेको पार्टी कार्यकर्ताहरूको आन्तरिक चेतनाको अभिवृद्धि गर्नु हो । त्यसबेला पार्टी कार्यकर्ताहरूको ठूलो पङ्क्ति या त कमरेड पुष्पलालका मान्यताहरूलाई राम्रो गरी बुझ्दैनथ्यो या कार्यकर्ताहरूमै राजनीतिक विश्लेषण गर्ने क्षमताको कमी थियो । त्यसबेला भर्खरै पार्टीको चौथो सम्मेलन सम्पन्न भइसकेको थियो र पनि नेपाली काङ्ग्रेसबारेको विश्लेषण, बङ्गलादेशको सवाल, नक्सलवादी आन्दोलन र झापा आन्दोलनको मूल्याङ्कन, नेपाली क्रान्तिको बाटो के ? रुसी सामाजिक साम्राज्यवाद भन्ने कि नभन्नेजस्ता सवालहरूको यथोचित बुझाइको कमीले गर्दा कार्यकर्ताहरूमा नेतृत्वप्रति वितृष्णा र अराजकता उत्पन्न हुँदै गइरहेको थियो । सायद कार्यकर्ताहरूका यस्ता प्रवृत्तिहरूप्रति लक्षित गर्दै पुष्पालललले उक्त भाषणमा भन्नुभएको थियो- 'पार्टीमा आज लौह अनुशासनको आवश्यकता छ । आज हाम्रो पार्टीमा कतिपय साथीहरू आफूलाई फुक्का ठान्छन् र मेरो आलोचना कसले गर्न सक्छ ? भन्ने खालको धारणा राख्छन् । यो बिलकुल गलत हो । पार्टीले आफूलाई झन् बढी सुदृढ पार्नु आवश्यक छ ।' यसबाट उहाँ पार्टी अनुशासनमा दृढ हुनुहुन्थ्यो भन्ने बुझिन्छ ।

पार्टी निर्माणको मुख्य सिद्धान्त भनेको जनवादी केन्द्रीयता हो भन्ने विषयमा पुष्पलालले ज्यादै जोड दिनुहुन्थ्यो । पार्टीको गोपनियता भङ्ग गर्ने, पार्टीभित्रको एकतामा खलल पार्ने र नेता-नेताहरूका बीचमा अनावश्यक कुराहरू लगाएर फाटो पार्नेजस्ता कामहरूको पनि घोर विरोध गर्नुहुन्थ्यो । यसै कुरालाई जोड दिँदै उक्त भाषणमा उहाँले अगाडि भन्नुभएको छ- 'हाम्रा साथीहरूमा एकमत हुनुपर्छ । जसले पार्टीभित्रको एकतालाई तोड्दैछ, त्यसले दुश्मनका सेनाको काम गरेको ठहर्नेछ । त्यस्ता पार्टीभित्रका फाटो पारुवाहरूको घोर विरोध गर्नुपर्छ । हामीले आ-आफ्नो कमिटीको गोपनियतालाई विशेष रूपले जोगाउनुपर्छ ।' पार्टीभित्र कार्यकर्ताहरूका बीचमा काममा होडबाजी हुनुपर्छ । गुटगत गतिविधिमा लागेर पार्टीमा नोक्सान पुऱ्याउनुहुँदैन । पुष्पलाल अधिकांश रूपमा पार्टीका नेता तथा कार्यकर्ताहरूको गुटबन्दीबाट अत्यन्त आहत हुनुहुन्थ्यो । खास गरेर गुटबन्दीकै कारणले गर्दा केन्द्रीय कार्यालयले ठूलो सङ्कट झेल्नुपरेको थियो । गुटगत गतिविधिहरूलाई पुष्पलाल अपराधको कोटीमा राख्नुहुन्थ्यो र पार्टीभित्रका गुटगत गतिविधिहरूलाई निर्मूल पार्न आह्वान गर्दै पुष्पलालले उक्त भाषणको निचोडमा भन्नुभएको थियो- 'गुटबन्दी हाम्रो पार्टीको सबभन्दा ठूलो अपराध हो । किनभने हाम्रो पार्टी सर्वहारा वर्गको पार्टी हो । हामीले स-साना झै-झगडा त्यागी ठूलठूलो दृष्टिकोण लिएर अघि बढ्नुपर्छ । व्यक्तिको पनि इतिहासमा महत्त्वपूर्ण भूमिका हुन्छ । जसरी सहिदहरूको भूमिकाले हामीलाई प्रेरित गर्छ । आज हाम्रा साथीहरूले जिम्मेवारीपूर्ण काम गर्नुपर्छ । तपाईंहरूले जिम्मेवारीपूर्ण तरिकाले भूमिका खेलेमा पार्टीलाई सुदृढ पार्न ठूलो योगदान हुनेछ । यस्तो बेलामा गैरजिम्मेवारी अपनाएमा दुश्मनले फाइदा उठाउनेछ । पार्टीमा गलत व्यवहार गर्नेलाई पार्टीले कदापि सहन सक्ने छैन । आज हामीले यस जन्मदिवसमा सङ्कल्प गर्नुपर्छ ।'

पुष्पलालले जहिले पनि पार्टी कार्यकर्ताहरूको स्वाधीन चेतनाको निर्माणमा जोड दिनुहुन्थ्यो । उहाँले आफ्नो मृत्युशय्याबाट पनि 'कार्यकर्ता चेतनशील हुनुपर्छ, जनता सङ्गठित हुनुपर्छ, नेपालमा क्रान्ति अवश्यम्भावी छ' भन्नुभएका कुरा अहिले पनि स्मरणयोग्य छन् । पार्टी शिक्षाको क्लास दिने सन्दर्भमा पुष्पलालले लामो व्याख्यान दिनुभएको थियो होला । मैले उक्त कापीमा केही यस्ता घतलाग्दा कुराहरू पनि नोट गरेको रहेछु । ती कुराहरूलाई पनि तारतम्य मिलाएर बुझ्ने हो भने एउटा सङ्गठित र मार्मिक

व्याख्यान बन्न सक्छ । उक्त नोट्सहरूलाई यहाँ जस्ताको तस्तै प्रस्तुत गर्न चाहन्छु, जसले पार्टी कार्यकर्ताको आन्तरिक चेतना कस्तो हुनुपर्ला भन्ने कुरालाई खुलासा गरेको छ :

- जबसम्म कार्यकर्ता बुध्दु रहन्छन्, तबसम्म कसैले पनि ठग्न सक्छ । चेतनशील भएको खण्डमा कसैले पनि ठग्न सक्ने छैन । (ज्यादा जोडदार शब्दमा)
- यदि कम्युनिस्ट पार्टीमा माओ विचारधारा बुझ्नेले नेपाल कम्युनिस्ट पार्टीको इतिहास बुझ्दैनौं भने ? के भन्नु ! (ज्यादै सिरियस रूपमा)
- कम्युनिस्ट आन्दोलन कसरी पुच्छरवाद भयो भन्ने कुरा बुझ्न ... (यहाँभन्दा अगाडिको वाक्य पूरा छैन) ।
- पछौटे विचार, भरौटे व्यवहार, कुरौटे बानी, सामन्ती आचरण खतरनाक क्रियाकलाप हुन् ।
- राजनीतिक दरिद्रताका कारणले गर्दा व्यक्तिगत आक्षेप र प्रत्याक्षेप सुरु हुन्छ ।
- राजनीतिक दरिद्रता नै व्यक्तिवाद हो ।

१. वैज्ञानिक चिन्तनको दरिद्रता पछौटेपन हो ।
२. विश्लेषणको दरिद्रता भरौटेपन हो ।
३. ज्ञानको दरिद्रता कुरौटेपन हो ।
४. नेतृत्व गर्नसक्ने क्षमताको दरिद्रता अरौटेपन हो ।

- आ-आफ्नो गुट कायम गर्नु निम्न मध्यमवर्गीय आचरण हो । (त्यसपछिका तीनवटा लाइन बुझिएन) ।
- पार्टीको विकासक्रममा कहाँ कस्तो किसिमको कुरा भयो भन्ने विचारलाई लिएर आलोचना गर्नुहुँदैन ।
- पार्टीको परम्पराभित्रै बसेर सङ्घर्ष गर्नु हो ।
- आलोचना खोइरो खन्नु होइन ।
- पार्टीभित्र खासखुस/ठाकठुक गर्नु सामन्ती मनोवृत्ति हो ।
- पञ्चायती व्यवस्थाको अन्तरविरोध आफैँलाई खत्तम गर्ने अन्तरविरोध हो ।
- सैद्धान्तिक दरिद्रताले व्यक्तिगत आक्षेप-प्रत्याक्षेप हुन जान्छ ।
- व्यक्तिगत आक्षेप-प्रत्याक्षेप गर्नुहुँदैन ।

पुष्पलालको उपरोक्त भाषण (क्लास नोट) का अंशहरूलाई तारतम्य मिलाएर हेर्ने हो भने उहाँ कस्तो पार्टी निर्माण गर्न चाहनुहुन्थ्यो भन्ने कुरा थाहा लाग्छ ।

अहिले हाम्रो पार्टीभित्र पुष्पलाल र मदन भण्डारीका विषयमा विचार-विमर्श गर्दा को ठूलो को सानो ?, को महत्त्वपूर्ण र को कम महत्त्वको भन्ने विषयमा अल्झिनुपर्ने कुनै आवश्यकता छैन ।

पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनका सिर्जनाकार हुनुहुन्थ्यो भन्ने कुरामा अब कुनै विवाद छैन । उहाँले अपेक्षा गरेको पार्टीमा अहिले मदन भण्डारीका विचारहरूले नेपालको कम्युनिस्ट आन्दोलनलाई निरन्तरता प्रदान गरेको छ । पुष्पलालका बारेमा केही कुराहरू भनिरहँदा मदनको अवमूल्यन हुने र मदनका बारेमा केही भनिरहँदा पुष्पलालको अवमूल्यन हुने कुरा होइन । अपितु यी दुई हस्तीहरू नेपालको कम्युनिस्ट आन्दोलनका सिर्जना र निरन्तरता प्रदान गर्ने व्यक्तित्व हुन् र त्यसैकारण भन्न सकिन्छ- पुष्पलाल नेपाली कम्युनिस्ट आन्दोलनका सिर्जनाकार हुनुहुन्थ्यो भने मदन त्यसको निरन्तरताका वाहक । पार्टी र आन्दोलनको निर्माणमा दुवै नेताको उत्तिकै योगदानहरू छन् ।

पुष्पलालका पार्टी निर्माण गर्ने दृष्टिकोणलाई निष्कर्षका रूपमा भन्नुपर्दा निम्नानुसार सूत्रीकरण गर्न सकिन्छ :

१. कार्यकर्ताहरूमा सैद्धान्तिक चेतनाको स्तर माथि उठ्नुपर्छ ।
२. पार्टीको मर्यादा र प्रतिष्ठाको अभिवृद्धि गर्न जनवादी केन्द्रीयताको सिद्धान्तलाई दृढतापूर्वक परिपालन गर्नुपर्छ ।
३. पार्टीभित्र फुटपरस्तता र गुटबन्दीलाई कुनै हालतमा पनि प्रश्रय दिनुहुँदैन ।
४. पार्टी कार्यकर्ताहरूको स्वाधीन चेतना निर्माण हुनुपर्छ र पछौटे, भरौटे, कुरौटे र अरौटेपनजस्ता दुर्गुणहरूलाई निर्मूल गर्नुपर्छ ।
५. पार्टीको आन्तरिक जनवादमा जोड दिनुपर्छ ।

यदि यस्तो प्रकारको पार्टीको निर्माण हुन सक्यो भने त्यस पार्टीले नेपाली समाजलाई आमूल परिवर्तनतर्फ सफलतापूर्वक डोऱ्याउन सक्छ । ■

# लक्ष्यमा नपुगी विश्राम नलिइने

काठमाडौं । नेकपा (एमाले) का कार्यवाहक महासचिव अमृतकुमार बोहराले आमहडतालबाट निरङ्कुश सत्ता अत्तालिएको बताउनुभएको छ । चैत २६ गते प्रकाशित विज्ञप्तिमार्फत उहाँले भन्नुभएको छ-'शाही सरकार भने निभ्ने बेलाको बत्तिझैं शान्तिपूर्ण जनआन्दोलका विरुद्धमा फासिस्ट र हिंस्रक दमनमा उत्रिएको छ । निषेधाज्ञा र कर्फ्युको घोषणा तथा सञ्चार सम्पर्कविच्छेद गरेर आन्दोलनलाई कमजोर तुल्याउने दुस्साहस गरिरहेको छ । सात दलको शान्तिपूर्ण जनआन्दोलन र माओवादीको हिंस्रक आक्रमणका बीचमा तालमेल छ भन्नेजस्तो प्रायोजित प्रचारका आधारमा चालिएका यी कदमहरू सारकारको हतास, पराजित र विक्षिप्त मानसिकताको अभिव्यक्ति मात्र हो । हामी सरकारी षड्यन्त्र र दमनका हरेक अवरोधहरूलाई पन्छाउँदै जनआन्दोलनलाई अघि बढाउन चाहन्छौं । जनताको सचेत र सङ्गठित आन्दोलनका सामु दुनियाँका कस्तै तानाशाहहरू पनि टिक्न सकेका छैनन् । नेपाली तानाशाहहरू पनि सात राजनीतिक दलद्वारा आयोजित शान्तिपूर्ण संयुक्त जनआन्दोलनद्वारा पराजित भइछाड्ने छन् । म नेकपा (एमाले) का तर्फबाट शाही सरकारका हरेक षड्यन्त्र र दमनलाई चिर्दै

चालू संयुक्त तथा शान्तिपूर्ण जनआन्दोलनलाई लक्ष्यसम्म पुऱ्याउनका लागि अविचलित भएर अघि बढ्न सहयात्री राजनीतिक पार्टीहरू र आमजनसमुदायसँग हार्दिक अपिल गर्दछु ।'

उहाँको कथन छ- 'नेपाल नेपालीको हो, यो कुनै राजा-महाराजा वा तानाशाहको बिर्ता होइन । एक्काइसौँ शताब्दीको आजको युगमा कोही कसैको दास, रैती वा प्रजा हुन चाहन्न । नेपाली जनता पनि सार्वभौम, स्वाधीन, शान्तिपूर्ण, समुन्नत र लोकतान्त्रिक समाज व्यवस्थाको पक्षमा छन् । जनताको यो चाहनालाई सम्मान गर्न र त्यसनिम्ति सञ्चालित शान्तिपूर्ण जनआन्दोलनलाई निष्ठापूर्वक नेतृत्व प्रदान गर्न सात राजनीतिक दलहरू सक्षम छौँ । हामीले कुनै पनि अवस्थामा जनताको चाहनाविपरीत जनआन्दोलनलाई कमजोर हुन दिने छैनौँ र  लक्ष्यमा नपुगी जनआन्दोलनबाट विश्राम लिने छैनौँ ।'

शान्तिपूर्ण आन्दोलनमा जोड दिँदै उहाँले भन्नुभएको छ- 'निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापना शस्त्रबलमा आधारित हिंसात्मक क्रियाकलापबाट होइन, शान्तिपूर्ण र संयुक्त जनआन्दोलनबाट मात्र सम्भव छ । सशस्त्र आक्रमण र जनआन्दोलनलाई एकआपसमा समायोजन (फ्युजन) गर्ने नीतिले पनि शान्तिपूर्ण जनआन्दोलनलाई अप्ठ्यारोमा पार्ने कुरा निश्चित छ । तसर्थ, म माओवादीलाई अविलम्ब सबै प्रकारका हिंसात्मक क्रियाकलाप बन्द गर्न र युद्धविराम गर्न आह्वान गर्दछु ।'

# दमन चिर्न आग्रह

काठमाडौँ । आमहडतालका विरुद्ध निरङ्कुश सरकारले गरेको दमनको विरोध गर्दै नेकपा (एमाले) ले त्यसको विरोध र भण्डाफोर गरेको छ । कार्यवाहक महासचिव अमृतकुमार बोहराले चैत २९ गते सो कुरा बताउनुभएको हो ।

'लोकतन्त्र स्थापनाका लागि सात राजनीतिक दलको नेतृत्वमा सञ्चालित शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा आमजनसमुदायको सहभागिता बढ्दै गइरहेको छ । आन्दोलन अझ सशक्त एवम् प्रभावकारी बन्दै गइरहेको छ र निरङ्कुश राजतन्त्रवादीहरूको अन्तिम पराजयको दिनगन्ती सुरु भइसकेको छ । जसले गर्दा निरङ्कुश शाहीसत्ता हतप्रभ, विक्षिप्त र असन्तुलित हुन थालेको छ । राजा ज्ञानेन्द्रको प्रत्यक्ष नेतृत्वमा सञ्चालित निरङ्कुश सत्ता जनआन्दोलनका विरुद्ध हिंस्रक दमन र घीनलाग्दो षड्यन्त्रमा उत्रिएको छ । शान्तिपूर्ण प्रदर्शनमा अन्धाधुन्ध लाठी, अश्रुग्यास र गोली प्रहार गरेर नेपाल आमाका पाँच जना होनहार छोरी र छोराहरूको कायरतापूर्वक हत्या गरेको छ । हजारौँ आन्दोलनकारीहरूलाई सख्त घाइते तुल्याएको छ । घाइते भएकाहरूमध्ये सयौँलाई अस्पतालमा भर्ना गर्नुको साटो हिरासतमा राख्ने र हिरासतका अन्य बन्दीहरूलाई समेत निर्मम यातना दिने दानवीय व्यवहार गरिरहेको छ । बालक, वृद्ध र महिलाहरूलाई घर-घरमा प्रवेश गरेर कुटपिट गर्ने र लुटपाट गर्नेजस्तो ताण्डव नृत्य मच्चाएको छ । शान्तिपूर्ण जनप्रदर्शनमा सादा पोसाकका सुरक्षाकर्मीहरूलाई विस्फोटक पदार्थ र घातक हतियार लिएर प्रवेश गराउने र परिस्थितिलाई उत्तेजनक एवम् हिंस्रक तुल्याउने कोसिस गर्दैछ ।'- उहाँले भन्नुभएको छ ।

बोहराको भनाइ छ- 'म निरङ्कुश शाहीसत्ताका सबै प्रकारका दमन र षड्यन्त्रहरूको घोर निन्दा एवम् भर्त्सना गर्दछु । घाइतेहरूको उपचारको व्यवस्था गर्न र बन्दीहरूको अविलम्ब रिहाइको माग गर्दछु । मृत्युशय्यामा छटपटाइरहेको निरङ्कुश शाहीसत्ताका कस्तै षड्यन्त्र र दमनले नयाँ नेपालको इतिहास रचना गर्ने जनआन्दोलनको अवश्यम्भावी सफलतालाई छेक्न सक्ने छैन । यो सत्यलाई बोध गर्दै पूर्ण लोकतान्त्रिक, शान्त, स्वाधीन, सुखी र समुन्नत नेपालको निर्माण गर्ने ऐतिहासिक जनआन्दोलनको उर्लदो बेगमा निर्भयताका साथ सामेल हुन सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछु । साथै, शाहीसत्ताका दमनका आदेशहरूलाई अवज्ञा गर्दै जनआन्दोलनको पक्षमा उभिन सम्पूर्ण सुरक्षाकर्मीहरूलाई समेत आह्वान गर्दछु ।'

# आन्दोलनमा उत्रिन आह्वान

नेकपा (एमाले) का कार्यवाहक महासचिव अमृतकुमार बोहराले जनआन्दोलन दिवसका अवसरमा वक्तव्य दिँदै सङ्घर्षमा उत्रिन अनुरोध गर्नुभएको छ ।

बोहराले भन्नुभएको छ- 'एक्काइसौँ शताब्दीमा प्रवेश गरेका नेपाली जनताले राजाको निरङ्कुश शासन स्वीकार गर्न सम्भव थिएन । त्यसैले उनीहरू निरङ्कुश राजतन्त्रविरुद्ध सात प्रमुख राजनीतिक दलले आह्वान गरेको शान्तिपूर्ण जनआन्दोलनमा उत्रिसकेका छन् । अन्तर्राष्ट्रिय समुदायले समेत बलियो ऐक्यबद्धता प्रकट गरेको उक्त जनआन्दोलनले यही चैत २४ गतेदेखि नयाँ चरणमा प्रवेश गरेको छ । जनताको शान्तिपूर्ण आन्दोलनबाट अत्तालिएको शाही सरकार यसलाई दमन गर्न बर्बरताका साथ उत्रिएको छ तर दमनका जस्तासुकै हथकण्डा अपनाए पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय समूहबाट पूरै एक्लिइसकेको राजाको निरङ्कुश सत्ता आफ्नो अन्त्यको निकट पुगिसकेको छ र यही चैत २४ गतेबाट सुरु भएको जनसङ्घर्षको चोटिलो प्रहारले यसको अन्त्य हुनु अनिवार्य छ ।'

उहाँको कथन छ- 'यही चैत २६ गते जनआन्दोलन दिवसको ऐतिहासिक अवसरमा नेकपा (एमाले) का तर्फबाट म सम्पूर्ण राजनीतिक दल, नागरिक समाज र विभिन्न वर्ग, तह र पेसाका जनसमुदायलाई फेरि एकपटक ०४६ सालकै जस्तो आँट, जाँगर र जुझारु भावनाका साथ लोकतन्त्रप्राप्तिको आन्दोलनमा दृढतापूर्वक अघि बढ्न हार्दिक आह्वान गर्दछु ।' ■

# अपराधीलाई कठघरामा उभ्याउने छौं

**अमृतकुमार बोहरा, कार्यवाहक महासचिव, नेकपा (एमाले)**

**० पार्टीले आमहडतालको मूल्याङ्कन कसरी गरेको छ ?**

- साँच्चै भन्दा आन्दोलनको मूल्याङ्कन गर्ने बेला भइसकेको छैन । मूल्याङ्कन त परिणामलाई पनि सामुन्नेमा राखेर गर्नुपर्छ । तर, अहिलेको आन्दोलन वास्तविक अर्थमै संयुक्त जनआन्दोलनका रूपमा विकास भएको छ । आन्दोलनले व्यापकता र उचाइ प्राप्त गरेको छ । यो आन्दोलन दमनका बाबजुद निकै जुझारु र गतिशील रूपमा अघि बढेको छ ।

**० जनसहभागितालाई कसरी लिनुभएको छ ?**

- सरकारी बाधा, व्यवधान र अवरोधलाई चिर्दै लाखौँलाख जनता सडकमा उत्रिएका छन् । राजधानीमा होस् वा मोफसलमा जनता स्वतस्फूर्त रूपमा सडकमा उत्रिएका छन् । हेर्न र सुन्न नसक्ने नृशंस दमन गरेर सरकारले हतोत्साहित गर्न खोजे पनि जनता हिम्मत, साहस र उत्साहका साथ आन्दोलनमा उत्रिएका छन् । कहाँ उत्रेका छैनन् जनता ? हामी यी महान् जनतालाई हार्दिक अभिवादन गर्दछौं ।

**० शाहीसत्ताको गोलीबाट नागरिक मारिने क्रम बढ्दो छ नि ?**

- के हत्या र दमनले जनआन्दोलनको बेग रोकिन्छ र ? यसले त खुनी शासनको विगत कालो इतिहासलाई अझ उदाङ्गो पारेको छ । यो शाहीसत्ताको पराजित र आपराधिक मानसिकताको परिणाम हो । अहिलेको आन्दोलनमा शहादत प्राप्त गर्ने छ जनामध्ये पाँच जना हाम्रा होनहार कमरेड र एक जना साधारण समर्थक हुनुहुन्छ । म उहाँहरूको शहादतप्रति उच्च सम्मान र श्रद्धा व्यक्त गर्दछु । गौरवपूर्ण मृत्युवरण गर्ने महान् शहीदहरूको रगत खेर जान दिदैनौं । हत्यारा र अपराधीलाई त्यतिकै छोडिने छैन । शहीदको बलिदानले प्रजातान्त्रिक आन्दोलनको ज्वार सृष्टि हुनेछ ।

**० ०४६ को आन्दोलनमा दमन गर्ने अपराधीहरू मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नभएका कारण अहिले उच्च पदमा छन् । अहिलेका अपराधीहरूलाई भोलि कारबाही हुन्छ भनेर कसरी विश्वास दिलाउनुहुन्छ ?**

- विगतमा दमनकारी अपराधीलाई कारबाही गर्ने सवालमा उदारता अपनाइयो । गम्भीर गल्तीहरू भए । यो वास्तविकताप्रति सम्बन्धित सबै सचेत हुनुपर्छ । हामीले पटकपटक प्रजातन्त्रका निमित्त लडाइँ लड्यौं र धोका खायौं । हामी आफूले देखाएका कतिपय कमजोरीका कारण आलोचित पनि भएका छौं । अहिले त्यसबाट पाठ सिकेका छौं । नागरिकमाथि गोली चलाउन आदेश दिनेलाई अपराधीका रूपमा न्यायको कठघरमा उभ्याउने प्रतिबद्धता सार्वजनिक भइसकेको छ । लोकतन्त्रको स्थापनापछि उदारताबिना दोषीमाथि कारबाही गर्न हामी प्रतिबद्ध छौं ।

**० माओवादीको घुसपैठका कारण आन्दोलन हिंसात्मक भएको सरकारी दाबी छ नि ?**

- त्यो विकृत मानसिकताको उपज मात्र हो । जनतालाई आतङ्कित बनाउन गरिएको यो कुतर्कको कुनै तुक छैन । बरु सरकारले नै मण्डले गुण्डा र सादा पोसाकमा सुरक्षाकर्मी पठाएर आन्दोलनलाई हिंसात्मक र उत्तेजित बनाउन खोजेको तथ्य सार्वजनिक भएको छ । जहाँसम्म यस आन्दोलनमा माओवादी पक्ष सहभागी छ भन्ने प्रश्न छ, त्यसमा हामीले स्पष्ट भन्नुपर्छ, नेकपा (माओवादी) ले जनआन्दोलनप्रति नैतिक समर्थन गरेको हो । यस कुरामा डराउने आवश्यकता छैन । शान्तिपूर्ण जनआन्दोलनमा माओवादी मात्र होइन, अरू पनि सबै आउनुपर्छ भन्ने हाम्रो धारणा हो । शान्तिपूर्ण आन्दोलनको मूलधारमा ल्याउन प्रयत्न गर्ने कुरा त १२ बुँदे समझदारीमा नै उल्लेख गरिएको छ ।

**० तपाईंहरूसँग सरकारी घुसपैठको के प्रमाण छ ?**

- कीर्तिपुरमा जनताले त्यस्ता सुरक्षाकर्मीलाई पक्राउ गरेर प्रमाणित गरिसकेका छन् । त्यति मात्र होइन, गोङ्गबुमा प्रहरी अधिकृतकै घरबाट जनतामाथि गोली चलाइएको छ । गोङ्गबुमा जनतालाई कसले उत्तेजित बनायो ? घुसपैठ कसले गराएको रहेछ, स्पष्ट भएन र ?

**० १२ बुँदे समझदारी भएका कारण आन्दोलनमा आफ्नो संलग्नता भएको दाबी माओवादीले नै गरेको छ नि ?**

- मुलुकलाई राजनीतिक निकास दिन र माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन समझदारी गरेको कुरा सार्वजनिक नै छ । माओवादीसँग कतिपय राजनीतिक र वैचारिक मतभेदहरू हुँदाहुँदै पनि हामी लोकतन्त्रका लागि सहमत भएका हौँ । शान्तिपूर्ण र प्रजातान्त्रिक आन्दोलनमा सहभागी हुने सबैको अधिकार हो । तर, सशस्त्र संघर्षको कार्यनीति बोकेका र शान्तिपूर्ण संघर्षको कार्यनीति बोकेका राजनीतिक दलबीच एउटै नारा र कार्यक्रम बनेर तत्काल जाने स्थिति छैन । यसका निमित्त हिंसात्मक क्रियाकलाप मूल जिम्मेवार छ । यो तथ्य बुझेर नै हामीले निरङ्कुश राजतन्त्रका विरुद्ध आ-आफ्नो ठाउँबाट प्रहार गर्ने समझदारी गरेका हौँ । हाम्रो समझदारी स्पष्ट र खुला छ । हामी आफ्नो कुरा लुकाउँदैनौँ र समझदारीप्रति प्रतिबद्ध एवम् इमानदार छौँ । हामी सबै पक्षले यसको पालना राम्ररी गर्नुपर्छ भन्ने आग्रह गर्दछौँ ।

**० समाजका सबै क्षेत्रबाट प्राप्त सहयोगलाई कसरी सदुपयोग गर्नुहुन्छ ?**

- यो आन्दोलनको खास विशेषता भनेकै समाजका सबै वर्ग, क्षेत्र, पेसा, व्यवसाय, जात, भाषा, संस्कृति र विचारधाराका जनताको उत्साहपूर्ण सहभागिता हो । हामी यसलाई उच्च सम्मान गर्दछौँ । राजनीतिक अधिकार मूल कुरा रहेछ भन्ने सचेतता सबैतिर फैलिएको छ । यसले हामीलाई लोकतन्त्र स्थापना गर्ने आन्दोलनका लागि ठूलो प्रेरणा र उत्साह प्रदान गरेको छ । लोकभावनालाई हामीले सम्मान गर्नुपर्छ ।

**० तर, लक्ष्यमा नपुगी आन्दोलन रोकिन्छ कि भन्ने आशङ्का छ नि ?**

- हामी लोकतन्त्रका लागि पूर्ण प्रतिबद्ध छौँ । जनताका अधिकार समाप्त गरेको निरङ्कुश राजतन्त्रसँग हामी कुनै पनि किसिमको सम्झौता गर्दैनौँ । जस्तोसुकै दमन भए पनि प्रतिरोध गरेर लोकतन्त्र स्थापना गर्छौं । हामीले गरेको आमहडतालका कारण जनतामा केही असुविधा परेकोमा दुःखी छौँ । त्यो दुःखभन्दा ठूलो दुःख हामीलाई निरङ्कुश राजतन्त्रले दिएको छ । यसलाई सधैँका लागि समाप्त पारेर हामी मुलुकलाई अग्रगति, समृद्धि र शान्ति प्रदान गर्न चाहन्छौँ । प्रजातन्त्रको आधारभूत कुरालाई बिर्सेर कुनै किसिमको सम्झौता हुँदैन भनेर हामी आमनेपाली जनतालाई आश्वस्त पार्न चाहन्छौँ ।

**-विष्णु रिजाल**